

# अनन्त कृतज्ञता

*('Endless Gratitude)*

रेखा राणा



आफूबुबा-आफूमुवा झपट बहादुर राणा तथा तोरणकुमारी राणा



जिजुबुबा-जिजुमुवा सैनध्वज खड्का तथा नन्दकुमारी खड्का



बुबा-मुवा यज्ञविक्रम राणा तथा केशरकुमारी राणा



यज्ञ विक्रम राणा तथा केशर राणा साथमा नातिनी भायलेट राज्यलक्ष्मी

# अनन्त कृतज्ञता

*(Endless Gratitude)*

**(जनरल यज्ञविक्रम राणा र केशरकुमारी राणाका स्मृतिमा)**

रेखा राणा

# अनन्त कृतज्ञता

लेखक : रेखा राणा

सर्वाधिकार : लेखकमा

प्रकाशक : अरुण राणा

संस्करण : पहिलो, २०८२ चैत

प्रति : ५०० प्रति

मूल्य : रू.१०००/-

ISBN No: 978-9905-0-0008-7

लेआउट : सुमन कार्की

मुद्रण : सहारा प्रिन्ट कनेक्सन, काठमाडौं
फोन : ९८५१०७४१३३

**Ananta Kritagyata (Endless gratitude)**
**By**
**Rekha Rana**

यस पुस्तकको कुनै पनि अंश वा पूरै कुनै पनि माध्यमद्वारा पुनरुत्पान वा फोटोकपी गर्न पाइने छैन । यदि गरेको पाइएमा प्रतिलिपि अधिकार ऐनअन्तर्गत कारवाही हुने छ ।

समर्पण

प्रातःस्मरणीय पूर्वज तथा अग्रजहरूमा

सश्रद्धा समर्पित !

–रेखा

# रेखा राणाको ‘अनन्त कृतज्ञता’

## नरेन्द्रराज प्रसाई

जीवन बाँच्तै जाँदा कहिले नसोचेकै घटना घटेको देखिन्छ त कहिले सोचेकै कुरामा पनि बिर्को लागेको पाइन्छ। कहिलेको बाढीले एउटा सिन्को पनि हुत्याउन सकेको हुँदैन त कहिले नपत्याउने खोलाले पनि मान्छेलाई बगाएको पनि सुनिन्छ। यी तथ्यहरू सत्य नै हुन् । अनि नेपाली समाजमा ती कुराहरू गम्न बाध्य पार्ने एउटा शाश्वत विम्बका रूपमा रेखा राणा देखा परेकी छन् । रेखा राणाको ‘अनन्त कृतज्ञता’ ले नेपाली भाषा साहित्यमा यिनै बेहोराको प्रमाणीकरण गरिदिएको छ। अथवा भनूँ ‘सत्यमेव जयते’ भित्र ‘अनन्त कृतज्ञता’ ले आफ्नो स्वरूपलाई अटल राखेको छ।

रेखा राणा साहित्यमा परिचित नाउँ हुँदै होइन । झपट पुरस्कार व्यवस्था समितिका सदस्यसचिवका हैसियतबाट मात्रै उनी नेपाली साहित्याकाशमा चिनिएकी हुन् । तर ‘अनन्त कृतज्ञता’ बाट साहित्यकै एउटा दिगो मूल बाटामा उनी हिँड्न थालेकी छन् । वास्तवमा साहित्यको श्रीगणेशमा नै उनी राम्रो निबन्धकारमा दरिएकी छन् । नाउँ छोपेर उनको लेखन मात्र हेर्ने हो भने प्रसिद्ध साहित्यकारकै हस्ताक्षरमा उनको कृतिलाई उभ्याउन सकिन्छ।

रेखाका ससुरा यज्ञविक्रम राणा र बूढाससुरा झपटबहादुर राणा दुवै जनाले नेपाली सेना र भाषासाहित्यमा वर्चस्व राखेको बेहोरा उनले आफ्नो विवाहपछि मात्र चाल पाएकी थिइन् । युवावयमा अरुण राणासँगको दाम्पत्यमा कसिएर राणापरिवारमा

प्रवेश गर्न पुगेकी रेखाको मन, वचन र कर्म तिनै राणापरिवारको खानदान, रहनसहन र व्यवहारमा आबद्ध हुँदै गयो। अनि तिनै राणाका भक्तिभावनामा उनको मन, वचन र कर्म समर्पित भएका कारण उनीभित्रै जन्मसिद्ध अङ्कुरित साहित्यकै बिरुवा पनि पल्लवित हुँदै गयो। हुन त साहित्यको प्रत्यक्ष र अप्रत्यक्ष धागो त उनको अङ्ग्रेजी साहित्यको पढाइसँगसँगै उनिएको छँदै थियो। साथै उनका ससुरा बुबा नेपाली भाषासाहित्यका अथक साधक नै थिए। जनरल यज्ञविक्रम राणाका छत्रछायाले समेत उनको बीजतत्त्वमा अङ्कुरण ल्याउने काम गरेको थियो। अनि सासूआमा केशरकुमारी राणाको अपरिमेय वात्सल्य पाएपछि उनीभित्र 'अनन्त कृतज्ञता' का भावहरू झाङ्गिएर फुलेका छन्। अन्ततः नेपाली साहित्यको भण्डारका लागि रेखा राणाबाट एउटा अप्रतिम फल नै समर्पण भइछाडेको छ।

रेखा राणा सुसंस्कृत परिवारकी बुहारी त भइन्। यति हो; त्यस बेलाकी एउटी लजालु, मायालु, संस्कारी बुहारीले आफूभित्र दाइजोका रूपमा अदृश्य साहित्यिक बीज पनि राणापरिवारमा भित्र्याएको कुरा त्यसबेला रेखालाई पनि थाहा हुने कुरै भएन। एउटा विशिष्ट कोटिको सैनिकगृह मात्र नभएर रेखाका निम्ति यज्ञकेशर गृह माया, प्रेम, व्यवहार, संस्कार, परम्परा, समाज आदि यावत् विषयवस्तु गहिरोसँग आत्मसात् हुने गरी व्यावहारिक शिक्षा दिँदै जाने अघोषित विश्वविद्यालय पनि थियो।

संसारका अरू ठुला विश्वविद्यालयमा जेसुकै विद्या पढेकी भए पनि रेखा राणाले यज्ञकेशर विश्वविद्यालयमा पढेको विद्या संसारमा बिरलै पढाउने विषय भएको तथ्य 'अनन्त कृतज्ञता' ले प्रमाणीकरण गरिदिएको छ। हुन पनि कतै सन्तानलाई सम्पन्नता मात्र पढाइएको पाइन्छ, सम्पन्नता नदेखेकाले अभावका बिच संस्कार र धर्मपरम्परा पनि पढाएको पाइन्छ। अनुशासनको पढाइ विद्यालयका गुरुले निबन्ध लेख्न सिकाउने विद्या मात्र भएर गएको र गृह व्यवस्थापनमा अनुशासनको पाठ झनै शून्यका स्थितिमा नै देखिन्छ। तर यज्ञकेशर विश्वविद्यालयमा रेखा राणाले अनुपम प्रेमभावका साथ कहीँ कतै पढ्न नपाइने विद्या पढ्ने सौभाग्य पाइन्। त्यसै कारण उनले ती सबै शिक्षा सङ्क्षिप्त रूपमा 'अनन्त कृतज्ञता' मा प्रस्तुत गरिन्। वास्तवमा अहिलेको हाम्रो दिनानुदिन क्षयीकृत भइरहेको समाजका

लागि र समाजशास्त्रीय अध्ययनका लागि समेत रेखा राणाकृत 'अनन्त कृतज्ञता' को महत्त्व रहेको देखिन्छ।

त्यसै परिवेशमा अर्थात् रेखाको शाश्वत विश्वविद्यालय जनरल यज्ञविक्रम राणाबारे मैले २०६८ साल साउन १४ गतेको अन्नपूर्ण पोस्टमा लेखेकै पनि थिएँ– "जनरल राणाको सबैभन्दा ठूलो परिचय के थियो भने उनी मेहनती थिए। उनी शुद्ध पसिनाको कमाइमा विश्वास राख्थे। समाजमा सधैँ असल कर्म गर्नुपर्छ भन्ने उनको जीवनको नैसर्गिक मान्यता थियो। बाँचुन्जेल उनले आफ्नो नैतिकतालाई भुइँमा खस्नै दिएनन्। त्यसैले उनको जीवनमा मानवतावाद फक्रिरह्यो।"

जसरी जनरल राणा आफ्ना पुर्खाको अर्चना गर्न तन, मन र धनले अघि सरे त्यसरी नै उनी नेपाली भाषासाहित्यको श्रीवृद्धिका लागि समर्पित थिए। त्यसैले उनीबारे सूर्यविक्रम ज्ञवालीले भनेका थिए, "यज्ञविक्रम राणाको नेपाली भाषासाहित्यको प्रचार र प्रसार गर्ने उदाहरणअनुसार काम गर्न हामी अघि सर्नुपर्छ।" साँच्चै हो, राणा त्यस्तै उदाहरणीय थिए। उनको सबैभन्दा ठुलो खुबी के थियो भने उनले बोलेपछि त्यो कुरा ढुङ्गाको अक्षर हुन्थ्यो किनभने उनी नपुग्ने कुरा बोल्दै बोल्दैनथे। उनी थोरै बोल्थे र धेरै गर्थे। उनी स्पष्ट बोल्थे तर नरम बोल्थे। उनी कडाकडा काम गर्थे तर ती कामलाई नै सजिलो मान्थे। उनी ठुला ठुला कुरा पनि आँक्थे तर शालीन शैलीबाट अगाडि बढ्थे। सहृदयताले नै एउटा भद्र पुरुषका रूपमा उनले नेपाली समाजमा आफ्नो सरल नाउँ लेखाएका थिए। त्यसैले उनीसँग एकपटक बोलेको मान्छे उनको पछि लागिहाल्थ्यो। त्यस किसिमका विराट् छहारीको संरक्षण पाएर नै रेखा राणालाई ढकमक्क फुलेको देख्न पाइन्छ। त्यही सुगन्धित फूलको वासनाका रूपमा 'अनन्त कृतज्ञता' स्थापित भएको छ।

२०५९ सालमा बग्गी चढेर राणापरिवारमा प्रविष्ट रेखा राणाले सधैँभरि नै सुखद जीवनको बग्गी चढिरहेकी छिन्। सुरुका दिनमा उनले सासू र ससुराबाट प्राप्त गरेको सम्मान, स्नेह र आत्मीयताबाट उनी हरपल आह्लादमा नै डुबिरहिन्।

रेखा अरुण राणाको शुभविवाहको निम्तोपत्रमा नै जनरल यज्ञविक्रम राणाले कविता लेखेका थिए। त्यही प्रसङ्गमा रेखाले सधैँ भनिरहिन्– "बुबाले हाम्रो विवाहको निमन्त्रणा-पत्रमा रचिबक्सेको यो कविता केवल शब्दहरूको संयोजन

मात्र थिएन; त्यो त उहाँको माया र आशीर्वादको मौन तर शाश्वत अभिव्यक्ति थियो। म यो कविता समय-समयमा बुबाको आशीर्वाद सम्झेर पढ्छु, दोहोऱ्याउँछु र हरेक पटक आफूलाई अत्यन्तै धन्य र भाग्यमानी भएको महसुस गर्दछु। यो कविता अझै पनि हाम्रो जीवनको आधारस्तम्भ जस्तो अडिग र अटल लाग्छ जसले हरेक कदममा हामीलाई मार्गदर्शन र प्रेरणा दिन्छ।"

'अनन्त कृतज्ञता' कृतिका रचनाकार रेखा राणा तन र कर्मकी सुन्दरी भएको कुरा त जगजाहेरै थियो। तर यस कृतिले उनी भावनाकी झनै सुन्दरी रहिछन् भनेर पनि प्रमाणित गरिदिएको छ। झन्डै पच्चिस वर्षअगिका शब्दहरू अझै रेखाका मुटुमा जीवितै रहेछन्। उनी लेखनमा जसरी आइन्, ती शब्दहरू जसरी दोहोऱ्याइन् र सासूससुराप्रति जेजसरी कृतज्ञता चढाइन् उनको काव्यात्मक भावनाको एउटा सुन्दर नमुना त्यही नै हो।

यज्ञकेशर गृहमा राणापरिवारकी एकमात्र पुत्रवधू भएर भित्रिन पाउनु त्यस समयमा रेखाका लागि सौभाग्य थियो तर अहिले भौतिकी माटामा मिलिसकेका सासूससुराप्रति यसरी कृतज्ञतारूपी सुगन्धित माला पहिऱ्याउने बुहारी पाउनु कीर्तिशेष यज्ञकेशरका लागि सौभाग्य हुन पुगेको छ। रेखा सकारात्मक चेतकी धनी भएकै कारण उनले यस कृतिलाई नेपाली भाषासाहित्यका भण्डारमा मनमोहक शैलीका आडमा सुरक्षित अवतरण गरेकी छिन्।

'अनन्त कृतज्ञता' मिठो पाराले रेखाले लेख्न सकिन्। म नै ठुलो स्रष्टा हुँ भन्नेलाई पनि मुटु उमालेर यस्ता शब्द लेख्न हम्मेहम्मे नै पर्न सक्छ तर रेखाले कति सहज पारामा खोली बगेजसरी कागतमा आफ्ना भावनाका अक्षरहरू सललल बगाएकी छिन्। उनले आफ्ना ससुराका एकएक शब्द कसरी कानमा सिउरेर सुरक्षित राखेकी रहिछन् ? आफ्नी सासूका एकएक मायाका अर्ती र उपदेशहरू मुटुकै ढुकुटीमा उनले कसरी राखेकी रहिछन् ? धन्य हुन् सासूससुरा, तिनले पनि बुहारीको मन जित्ने कला जानेका रहेछन्। अनि पराई घरमा हुर्किसकेपछि पति घरमा आएकी युवतीलाई आफ्नो बनाउने कला जानेका रहेछन्।

अब रेखाका कुरा गर्दा, अहिलेको युगमा पनि आफ्ना सासूससुराको कीर्ति फैलाउने काममा डटेर लाग्ने र आफूप्रति ती सासूससुराले गरेका सद्व्यवहारलाई

अमूल्य खजाना साँचेर राख्ने र अहिले कृतिगत रूपमा नै उनीहरूकै गाथा फैलाउने उद्यम गर्ने अमर कृत्य तिनै रेखाबाट तयार भएको छ । सासूससुरा र पुत्रवधूका बिचको यस्तो सम्बन्ध काल्पनिक जस्तो लाग्ने अहिलेको युगमा यो किताब प्रेरक हुन पुगेको छ। तिनै कुराहरूको अवतरणले 'अनन्त कृतज्ञता' अविस्मरणीय भएको छ– "बुहारी ! म त १२० वर्ष बाँच्छु ।" बुबाको यस वाक्यमा केवल अङ्क मात्र थिएन; बरु उहाँको जीवनप्रतिको उत्साह, समयलाई चुनौती दिने आत्मविश्वास र जीवनलाई प्रेमले भरिपूर्ण बनाउन सक्ने दृष्टिकोणको प्रतीक थियो ।

रेखा राणाले आफ्नी सासूको कुरा सुनेर जनरल यज्ञविक्रम राणाको बानीबेहोरा जानिन् । अनि त्यही कुरा लेखेर नेपाली साहित्यका पाठकसमक्ष उनले पाठ बुझाइन् । उनको यो गाथा पढेपछि जुनसुकै मान्छेलाई पनि जनरल राणाकै छेउमा उभिएजस्तै अनुभूति हुन सक्छ । वास्तवमा राणा बहुमुखी व्यक्तित्वका धनी थिए । उनी शाही नेपाली सेनामा सहायक रथी भएका कारणले पनि उनको आनीबानीमा अनुशासन र व्यवस्थापन दह्रो हुने नै भयो । यस कृतिमा कतिपय साधारण घरायसी र व्यक्तिगत कुरालाई पनि रेखा राणाले स्तरीय भाका र भाषामा प्रस्तुत गरिदिएकी छिन् ।

"ती केवल वस्त्रमात्र होइनन्, मुमाको ममताले निथ्रुक्क भिजेका उहाँका वात्सल्यका प्रमाणहरू हुन् ।"

"यदि जराहरू कमजोर भएका भए रुखको अस्तित्व नै समाप्त हुन्थ्यो ।"

"मुवा-बुबाले आफ्नो छोरामा रोपिबक्सेको संस्कार आज हाम्रो घरको मेरुदण्ड बनेको छ ।" यस्ता कतिपय वाक्यले पुस्तकलाई पठनीय मात्र होइन सराहनीय समेत बनाएका छन् ।

यज्ञविक्रम राणाको आर्थिक कारोबार गर्ने शैली, केशरकुमारी राणाको जतन गर्ने शैली, जनरल राणाको जीवनशैली र केशरकुमारी राणाको त्याग, तपस्या र आराधनाका कारण जनरल राणाको जीवन पद्धतिले सफलता प्राप्त गरेको वृत्तान्त यस कृतिले पनि समेटेको छ । यस कृतिमा रेखाले केवल इतिहास मात्र कोरेकी छैनन्, मिठो साहित्यिक अभिव्यक्ति नै सुम्पेकी छिन् ।

'अनन्त कृतज्ञता' मा झपट पुरस्कारको इतिहासलाई रेखाले जीवन्त बनाएकी

छिन् । वास्तवमा जनरल राणाप्रतिको भक्तिभावनाको अपार दृष्टिकोण रेखाले आफ्नो कृतिमा उनेकी छन् । संसारमा बुहारी पनि त्यस्ता हुँदा रहेछन् जसले आफ्ना ससुरासासूको कीर्तिस्तम्भ धान्ने काम गरेका छन् । त्यही परिवेशका कारण उनी झपट पुरस्कार व्यवस्था समितिकी सदस्यसचिवमा समर्पित भएर आफ्ना ससुराको कृत्यलाई फिँजाइरहेकी छिन्, त्यसको विस्तार गरिरहेकी छिन् र त्यसलाई जनमनमा पुऱ्याइरहेकी छिन् । रेखाजस्ती बुहारी अन्ततः राणापरिवारकै एउटा शक्ति हुन गयो । त्यही शक्तिको दियो झपटसम्म पुगेर प्रज्ज्वलित भएको छ । वास्तवमा अरुण राणा र निजकी पत्नी रेखा राणाको तपस्याले झपट पुरस्कार व्यवस्था समिति सधैँ शिखरतिर लम्किरहेको देखिन्छ ।

रेखा राणा भन्नु ऐस, आराम र मनोरञ्जनमा सीमित नारी होइनन् भन्ने बेहोरा हामी नइका आँखामा पनि छर्लङ्ग छँदै छ । त्यही देखेबुझेका कारण म रेखाको कीर्ति र रेखाको घर हेरेर उनको कृतिउपर लेखिरहेको छु । उनको भाव पढ्दै जाँदा उनी आफ्ना सासूससुराप्रति जति समाहित भइन् त्यति नै आफ्ना जन्म दिने बुबा-आमाप्रति पनि कर्तव्यमा बाँधिएकै छिन् । उनकै कारण लोहनी र राणाको घरपरिवार पनि एउटा बलियो सूत्रमा बाँधिएको थियो । वास्तवमा सम्धी र सम्धिनीसितको भेटघाट, मायामोह र तीर्थाटनका विषयमा समेत पनि रेखा राणाले आफ्नो प्रस्तुतिको कला देखाएकी छिन् । केशर राणाले सावित्री लोहनी अर्थात् सम्धिनीलाई भनेको बेहोराले पाठकीय मनै प्रफुल्ल हुन्छ– "हजुर ! हामी त दिदीबहिनी पहिला अनि मात्र सम्धिनी !"

रेखाले राजदरबारका विषयमा पनि लेखिन् र जनरल राणाको राजाप्रतिको समर्पणलाई पनि प्रस्तुत गरेकी छन् । उनले राजा वीरेन्द्र र जनरल राणाको रक्सी प्रसङ्ग बेजोडले व्यक्त्याएकी छन् । त्यसै परिवेशमा उनले लेखेकी छन्– "बुबाले मदिरालाई कहिल्यै पनि आफ्नो जीवनको हिस्सा बनाइबक्सेन । विस्तारित परिवारभित्र मदिरा दुर्व्यसनका कारण भोग्नुपरेका पीडादायी घटनाहरूहरूले उहाँका मनमा गहिरो छाप छोडेका थिए । त्यसैले आत्मसंयम र दृढताका साथ बुबा जीवनभर मदिरा तथा अन्य नराम्रा मानिएका लतहरूबाट सधैँ टाढा नै रहिबक्स्यो । यो परम्परा उहाँका सन्ततिहरूले पनि कायमै राखेका छन् । म सम्झन्छु, बुबाले

साझा गरिबक्सेका यी प्रसङ्गहरू केवल दरबारसँग जोडिएको एउटा व्यक्तिगत स्मृति मात्र होइन, उहाँको जीवनदर्शनको सजीव प्रतिविम्ब पनि हो । जीवनभर आत्मसंयम र नैतिक मूल्यलाई मार्गदर्शक सिद्धान्त बनाइबक्सेका बुबाले अत्यन्तै संवेदनशील र दबाबपूर्ण क्षणमा पनि आफ्ना आस्था र मूल्य-मान्यताहरूसँग कहिल्यै सम्झौता गरिबक्सेन । साथै राष्ट्र, राजा र आफ्ना मान्यजनप्रति आवश्यक सम्मान जोगाइराख्न पनि उहाँले कुनै कसर बाँकी  राखिबक्सेन ।" रेखाले आफ्ना ससुरा बुबालाई यहाँभन्दा सम्मान, आदर र भक्ति गर्ने लेखोट कहाँ हुन्छ र !

जनरल यज्ञविक्रम राणा विभिन्न विषयका एमए थिए । उनलाई विद्यावारिधि गर्ने पनि प्रबल इच्छा थियो । यसका लागि उनी तयार पनि थिए । तर अरूहरूको सेवामा लाग्दा सो इच्छा अपुरो रहेको रेखाले अवगत गराएकी छिन् ।

मान्छेको मन कति ठुलो पहरा छेडेर बाहिरिन्छ, कति ठुलो समुद्र तरेर किनारामा पुग्छ र कति ठुलो सिमानाबाट पर पुगेर मानवतामा समाहित हुन्छ भन्ने बेहोरा भारतीय सेनाका जनरल सुशीलकुमार सिक्काका प्रसङ्गले उधिन्छ । सिक्कासित जनरल राणाको जीवनभरिको आत्मीयता रेखाले खुलस्त पारामा लेखेकी छन् । देश, पद र प्रतिष्ठाभन्दा मान्छेको मायाले मान्छेलाई कति फरक पार्दछ भन्ने सजिलो नेपाली पाठ रेखाले पस्केकी छिन् । उनले लेखेकी छिन्– "उहाँहरूको घरमा पुग्दा मनमा अनौठो कम्पन थियो- यस्तो लाग्यो कि हामी केवल एउटा घरमा होइन बुबाको अधुरो सम्झनाको ढोकामा प्रवेश गर्दै छौँ । ढोका खुल्नेबित्तिकै सम्पूर्ण सिक्का परिवार (छोरा, बुहारी, नाति, नातिनीसहित) हाम्रो स्वागतार्थ उपस्थित हुनुहुन्थ्यो- बडो आत्मीय, आश्चर्य र उत्साह बोकेर । उहाँहरूका लागि यो अविश्वसनीय थियो किनभने चार दशकपछि उहाँहरूलाई खोज्दै त्यति टाढाबाट कोही आफ्ना पितामाताका मित्र भेट्न आउनु भनेको कल्पनाभन्दा बाहिरको कुरा थियो । सिक्का अङ्कल र परिवारलाई भेट्दा मन नै रसायो । शारीरिक रूपमा उहाँ कमजोर देखिबक्सन्थ्यो तर सम्झनाहरू भने अचम्मका उज्याला र जीवन्त थिए । सिक्का अङ्कल र बुबाको अनुपम मित्रताको सम्झना पुनः जीवित भयो । त्यस भेटमा हामीले महसुस गर्‍यौँ- माया र सम्झनाले हाम्रा मनमा त्यही न्यानोपन ल्यायो जुन बुबा-मुवासँग हुँदा अनुभव गरिन्थ्यो । हाम्रा लागि ती क्षणहरू भेट मात्र

नभई समय, सम्झना र आत्मीयताका पुनर्मिलन थिए। साँचो मित्रता उपस्थितिमा मात्र होइन; याद, सम्झना र साझा स्मृतिमा पनि जीवित रहिरहन्छ भन्ने कुरा पनि हामीले त्यही भेटमा अनुभव गर्‍यौँ।"

बन्दीपुरमा राधाकृष्णको मन्दिर बनाउने जनरल राणाको इच्छालाई रेखाले करुणामय ढङ्गबाट घरैमा देउतालाई ससम्मान विराजमान गराएकी छिन्। वास्तवमा मूर्ति बनाएर पनि मन्दिर नहुनाका तात्पर्यले रेखाको कस्तो चित्त दुखाइ रहेको छ! यस मामलामा जनरल राणाभन्दा रेखा नै दुखित देखिन्छिन्। तर पनि अन्त्यमा उनी भन्छिन्– "बुबाको घरलाई मन्दिर बनाउने काम भयो।" यज्ञकेशर कुञ्ज सरस्वती, लक्ष्मी र महादेवको एउटा आसनगृह रहेछ भन्ने मनोवैज्ञानिक कुरा यस कृतिले पस्केको छ। हुन पनि हो, कताका लागि ठिक पारेका देउताका मूर्ति यसै गृहमा जोडिन पुगे। यिनै ईश्वरीय अनुकम्पा त्यस घरमा प्रवेश भएकै कारण त्यस घरले लक्ष्मीनिवास बन्न पायो।

जनरल राणा र श्रीमती राणा मानवतावादी थिए। उनीहरू वसुधैव कुटुम्बकम्का हिमायती थिए। घरमा पनि उनीहरू नारीपुरुषबिच बराबरी इज्जत दिन्थे। त्यही कारण कान्छी नातिनी जुहीको जन्मोत्सव हर्षोल्लासपूर्ण हुन पुगेको थियो। उनीहरूले आफ्नै घरमा देउता थापेको पुरस्कार नै उनीहरूकी कान्छी नातिनी जन्मिइन्। वास्तवमा जेठी नातिनी विजया वा भायलेटको पदार्पण हुँदा यज्ञकेशरभन्दा खुसी हुने पृथ्वीमा को थिए होलान् र! त्यहीँबाट एउटा सरल नेपाली पाठको बोध हुन्छ त्यस घरमा छोरा र छोरीको अस्तित्व, हैसियत र महत्त्व एउटै रहेछ भन्ने पाठ रेखाले कोरिदिएकी छिन्। आफ्ना पाँच छोरी र एक छोराका बिच पनि आफ्नै जीवनकालमा सम्पत्तिको भागबण्डा गरेर पुरुषप्रधान देशले भोगेको 'छोरा, छोरा र छोरा' भन्ने भावनालाई यज्ञकेशरले चटक्कै लत्याएको तथ्य रेखाले नै हर्षोल्लासका साथ उल्लेख गरेकी छिन्।

रेखा राणाले जीवनमा धेरै भोगिन् तर छोरी पाएपछि भने उनले सक्कली संसार बुझ्न थालिन्। संसार भनेका सर्वप्रथम आमाबाबु नै हुन् भन्ने कुरा उनले बुझिन्। बुढापाकाले भन्थे– "घर बनाएपछि छोराले व्यवहार चिन्छ र सन्तान पाएपछि छोरीले जीवन चिन्छे।" त्यसैले रेखाले मन खोलेर मिठा शब्द प्रकट

गरिन्– “म सिर्फ आफू बन्न थालेकी रहिनछु । आफ्नो स्वार्थभन्दा बाहिर सोच्न थाल्दै गएकी ‘म’ बाट मैले असीम धैर्य, नथाक्ने माया र कहिल्यै नसोचेको शक्ति भएकी ‘म’ आफूलाई पाउन थालें ।”

जनरल राणासित हामी नइ जति घनिष्ठ भए तापनि राणाको सग्लो र अग्लो व्यक्तित्वलाई हामीले छुनै सकेका थिएनौं । जरसाब नेपाली साहित्यमा मात्र होइन नेपाली र अङ्ग्रेजी दुवै भाषामा नै पारङ्गत थिए भन्ने बेहोरा पनि रेखाले उल्लेख गरेकी छिन् । Rudyard Kipling को *If* (इफ) कविताले रेखाको जीवनमा समेत परिवर्तनको दैलो खोलेको थियो । सहित्यिक व्यक्तित्वहरूमध्ये जनरल राणासित प्रायः भेट हुने साहित्यकारको सङ्क्षिप्त सूची यसै कृतिमा आबद्ध छ । रेखाको ‘अनन्त कृतज्ञता’ भित्र जनरल दम्पतीलाई प्रशस्तै भेटिन्छ । वास्तवमा यहाँभन्दा धेरै पनि राणा दम्पतीका कथन होलान् तर राणाका घरबाहिर बस्नेहरूका लागि यति नै सिर्जना पर्याप्त छ भने पनि हुन्छ ।

रेखाले ‘अनन्त कृतज्ञता’ मार्फत एक अद्भुत बुहारीका रूपमा आफ्नो उपस्थिति जनाएकी छन् । उनको कृतिमा प्रस्तुत शब्द, वाक्य र तिनमा भरिएका अनुभूतिले मनै छोइरहन्छन् ।

‘अनन्त कृतज्ञता’ मा ससुराको देहावसानलाई कारुणिक ढङ्गबाट चित्रण गरिएको छ । रेखाले ससुराका भावनामा आफ्ना भावना पत्रैपत्रसरि मिसाएकी छिन् । यो प्रसङ्ग पढ्दा रेखाजस्ती बुहारी पाउनु यज्ञकेशरका लागि ठुलै भाग्य रहेछ र अरुण राणाले पनि रेखा पाउन तपस्या नै गरेका रहेछन् भन्ने कुरा बुझिन जान्छ । वास्तवमा ससुरा दिवङ्गत भएको पन्ध्र वर्षपछि पनि कुनै बुहारीले ससुराका एकएक शब्द कानमा सिउरेर राख्न सक्छिन् र ! त्यति मात्र होइन रेखाले यस कृतिमार्फत जनरल राणाको इतिहासको एउटा गतिलो अभिलेख नै राखिदिएकी छन् ।

यज्ञविक्रम राणा सादगीले भरिपूर्ण व्यक्तित्वका धारक थिए । सरल, सौम्य र शालीन रूपमा नै उनले आफ्नो भौतिक चोला टुङ्ग्याएका थिए । त्यही परिवेशमा रेखाले लेखेको कुरा पढ्दा अहिले यही हातले छामेर जनरल राणालाई स्पर्श गरेको अनुभूति हुन्छ– “बुबाले अरुणलाई मर्जी भयो- “बाबु ! म सुत्छु । गुड नाइट, अब मलाई नउठाऊ ।” बुबाको त्यो अन्तिम वाक्य साधारण थिएन । आज

सम्झँदा लाग्छ- त्यो बुबाको अन्तिम आशीर्वाद थियो, अन्तिम आग्रह थियो र अन्तिम बिदाइ पनि ! त्यसै रात करिब १२ः३० बजे (श्रावण ६ गते २०६८ साल) कुनै हतार, कुनै पीडाको आवाजविना बुबा शान्तपूर्वक सदाका लागि चिरनिद्रामा समाहित हुँदै निदाइबक्स्यो । अन्तिम क्षणसम्म पनि बुबा सजग होइबक्सन्थ्यो, भावना व्यक्त गर्न सकिबक्सन्थ्यो र जीवनप्रति पूर्ण स्वीकारोक्तिका साथ अगि बढिबक्सेको थियो । बुबाको बिदाइमा डर थिएन केवल शाान्त थियो; त्यस्तो शान्ति जसले पीडाभित्र पनि प्रकाश  छोडिदिन्छ ।"

आफ्नी सासूको आफ्ना पतिप्रतिको प्रगाढ स्नेहको तथ्याङ्क राख्न पनि रेखाले छाडिनन् । "मुमाको जीवन छोराको वरिपरि गहिरो गरी बुनिएको थियो ।" जुनसुकै आमाको पनि आफ्ना सन्ततिका लागि मन, वचन र कर्म जोडिएकै हुन्छ । तर यहाँ रेखाले त्यही कुरालाई आफ्नै शैली, सीप र भावना रोपेर तयार गरेकी छन् । अनि स्वर्गसम्म पुगेकी आफ्नी सासूको माया समेटेर राख्ने रेखा बुहारी होइनन् केशरपुत्री नै हुन् भन्ने पाठकलाई भ्रम पर्न जान्छ ।

हुन पनि सासू केशरकुमारी जति जति बुहारी रेखासँग मनका कुरा खोलेर घरायसी कुरा गर्थिन् त्यति त्यति रेखा आफ्नी सासूप्रति मनमनै कृतज्ञता चढाउने गर्थिन् । ती कुराको सावाँब्याजको नतिजाको नाउँ पनि प्रस्तुत कृति हो भन्दा खासै अत्युक्ति नहोला ! सासू केशरकुमारीका वाणी रेखाका कानसम्म मात्र होइन मनको पल्लो छेउसम्म पुग्ने रहेछन्, सासूका ती वाक्य, सासूका आँखाका भाव र शब्दले प्रकट गरेका भित्री आशय पनि रेखाले उनको मनकै गहिरो सन्दुकमा राखेकी रहिछन् । अनि त सासूले नबोलेका कुरा पनि रेखाले बुझेकी रहिछन् । त्यसैले उनले यी कवितांश जस्ता मर्मस्पर्शी वाक्य सासूका लागि लेख्न सकिनन्ः 'नदेखिने चोटको चमक', 'नबोलेका धेरै पीडाहरू' ।

लेखकका दृष्टिले रेखा राणा नवोदित हुन् तर लेखनमा भने उनको यस कृतिमा संवेदनात्मक कृतज्ञताले परिपक्वता प्राप्त गरेको छ । उनले लेखेका शब्द र वाक्यहरू साहित्यिक मर्यादाको सुन्दर बर्को ओडेका र संवेदनाका मर्मभेदी रसले भरिला छन् । सामान्य जीवनयापनका कुराकानी पनि रेखाजस्ता साहित्यशिल्पीका सीपले यति सुस्वादु हुने रहेछन् । संयुक्त परिवार मन नपराउने अहिलेका पुस्ताका

लागि पनि गतिलो पाठ बनेको यो कृति साहित्यको निबन्ध विधामा उपल्लो खुड्किलो नै उक्लेको छ।

'अनन्त कृतज्ञता' भित्र भएको एउटा मर्मस्पर्शी वाक्य "हरेक पटक अरुणलाई म नै भन्ने गर्थें 'हामी घर फर्कौं" पढेर म देशकै लागि बेस्सरी दुखें। अमेरिका जस्तो जिउँदा मानिसको स्वर्ग भनिने देशमा अमन चैनले लोग्नेलाई एकाधिकारपूर्वक भोग्ने अवसर पाइरहेकी युवती रेखा, आफ्नो असीमित स्वतन्त्रताको उपभोग गरिरहेकी पढेलेखेकी र आत्मनिर्भर युवती रेखा सासूससुराले आफ्नो एक्लो छोरासँग समय बिताउन नपाएको पीडा महसुस गरेर नेपाल फर्कनु यतिबेलाको हाम्रो नेपाली धर्तीका लागि सानो महत्त्वको कुरा होइन। अहिलेको वृद्धवृद्धा र अपाङ्ग मात्रको वासस्थान जस्तो बन्न पुगेको नेपालका प्रायः घर बेसहारा ज्येष्ठ नागरिकका क्रन्दनले भरिएका छन्। अहो ! रेखा राणाको झैं चेतना भएका बुहारी सबैले पाउन सके हाम्रो नेपाल पनि युवा पाखुरा रित्तिएको देश हुने थिएन। त्यसैले पनि 'अनन्त कृतज्ञता' यज्ञकेशरगाथा हुँदा हुँदै पनि हरेक नेपालीले पढ्नैपर्ने र महसुस गर्नैपर्ने कृति भएको मलाई लाग्यो।

ससुराको निधनपछि सासूको जीवनकालभरि पनि रेखाको जन्मदिन मनाउने गरिन्थ्यो। अहिले पनि उनले हरसाल आफ्नो जन्मदिन मनाउन छाडेकी छैनन्। तर हिजोआज भने त्यस दिन उनका मुखमा मुस्कान त हुन्छ तर छाती भने उनै सासूससुराको तिर्सनाले ढाकेको हुन्छ। आफ्नो मायारूपी सम्मान उनले सासूससुराकै गाथमा चढाइरहेकी हुन्छिन्। अनि उनी लेख्छिन्– "जन्मदिनमा मुवा, बुबा र दिज्यूहरूबाट पाउने उपहारहरू तथा दक्षिणा मलाई अमूल्य लाग्थे। ती केवल भौतिक वस्तु थिएनन्, ती त माया, संरक्षण र आशीर्वादका सजीव प्रतीक थिए। बुबाका बाहुलीबाट प्राप्त हुने दक्षिणामा मुद्रा मात्र हुँदैनथ्यो, त्यहाँ विश्वास, शुभकामना र "तिमी सदा सुखी रहनू" भन्ने मौन प्रार्थना र शुभाशिष लुकेको हुन्थ्यो। मुवाको सानो तयारीमा केवल कर्मकाण्ड मात्र हुँदैनथ्यो- त्यहाँ स्नेहको ऊष्मा र मातृत्वको छायाँ मिसिएको हुन्थ्यो। दिज्यूहरूका उपहारमा केवल सौजन्य मात्र हुँदैनथ्यो त्यहाँ साथ, अपनत्व र सम्बन्धको गहिरो आश्वासन हुन्थ्यो। त्यस दिन म आफूलाई जन्मदिन मनाउने व्यक्ति मात्र होइन, आशीर्वादले ढाकिएकी

र प्रेमले घेरिएकी एक भाग्यमानी नारी ठान्थेँ । आज ती हातहरू प्रत्यक्ष छैनन्, ती उपहारहरू पनि समयसँगै हराए तर ती दिनहरूमा प्राप्त भएका आशीर्वादहरू भने साथै छन् । सायद उपहारहरू नश्वर थिए तर आशीर्वादहरू अनन्त छन् । ती क्षणहरू अब स्मृतिमा मात्र सीमित छन् । जन्मदाताहरू नै विलय भएपछि अब जन्मदिन केवल 'मिति' मात्र बनेको छ, कुनै रौनक, उत्साह र उमङ्गबिनाको ।"

चाहे दसैँ होस् चाहे पूजापाठ होस् चाहे पितृकार्य होस् चाहे जन्मदिन होस् रेखाका मनमा जागृत हुने नाउँ नै यज्ञकेशर हुन् । ती सासूससुराको अनुहार सधैँ उनका छातीमा बाँचिरहेको पाइन्छ । यसको प्रमाण यसै कृतिभित्र चुर्लुम्म डुबेपछि थाहा पाइन्छ । "मुमा र म सासूबुहारी मात्र रहेनौँ, सहयात्री भयौँ" यी संवाद कुनचाहिँ बुहारीले बक्न सक्छन् र ! सासूससुराले आफ्नै जीवनकालमा आफ्ना सन्ततिका लागि बाँडफाँड गरेको माया, सम्पत्ति र भावना यज्ञकेशरको कति ठुलो विचार ! कृतज्ञ रेखाले अन्त्यमा आफ्ना प्रिय, श्रद्धेय र आदरणीय सासूससुरालाई मुटुमा बाँधेर लेखेकी छिन्– "हजुरहरू नै मेरा सम्बन्ध, मेरा सहारा, मेरा सखा होइबक्सन्छ । मेरो ज्ञान, मेरो सामर्थ्य र मेरो अस्तित्व हजुरहरूमै समाहित छन् । त्यसैले मेरा सबै कर्म, मेरा सबै भावना र जीवन हजुरहरूमै समर्पित रहून्- आज, भोलि र सदासर्वदा । बुबा-मुवाप्रति अनन्त श्रद्धा ! असीम प्रेम !! पूर्ण समर्पण !!!"

आजको संसारमा आफ्ना सर्जकहरूप्रति कृतज्ञताको भाव हराउँदै गएको देखिन थालेको छ । तर हाम्रो समाजका लागि 'अनन्त कृतज्ञता' लेखेर रेखा राणा यज्ञकेशरकी बुहारीमात्र होइनन् नेपाली समाजलाई कृतज्ञताको पाठ पढाउने गुरुआमा नै बनेकी छन् । यसै कृतिमार्फत रेखा राणा यस युगकै समकालीन पुस्ताकी एउटी जागरुक, सशक्त र स्तरीय लेखक बनेकी छन् । रेखाको लेखकीय जीवनले छिटै नै शिखर आरोहण गर्न सक्छ भन्ने प्रमाण नै प्रस्तुत 'अनन्त कृतज्ञता' हुन पुगेको छ ।

# रेखाको स्मृतिकाव्यमा अनुभूतिका रेखाहरू

**प्रा.केशव सुवेदी**

रेखा राणाको 'अनन्त कृतज्ञता' नामक संस्मरणात्मक कृति प्रकाशनका सँघारमा छ । उहाँले यस कृतिमा केही लेखिदिन आग्रह गरेकाले मैले सोही प्रयोजनका निम्ति यो आलेख प्रस्तुत गरेको हुँ । यसमा प्रथमतः रेखाको ऊर्जाशील व्यक्तित्वको चर्चा गर्दै उनले लेखेको 'अनन्त कृतज्ञता' कृति पढ्दा यसले मेरा भावकीय अन्तश्चेतनामा पारेको प्रभावको रेखाङ्कन गर्ने प्रयास गरिएको छ । यस सन्दर्भमा कुनै विशेष सैद्धान्तिक मापदण्डका कसीमा रेखाको संस्मरणात्मक कृतित्वको निरूपण गर्नुभन्दा यसको प्रारम्भिक पठनबाट मेरा अन्तश्चेतनामा यस कृतिले पारेका प्रभावजन्य वैयक्तिक अनुभूतिहरूलाई लिपिबद्ध गर्ने प्रयास गरिएको छ । यस आलेखको मुख्य सन्दर्भ र परिसीमा यही हो ।

*

रेखा राजधानीबाट नजिकै चितवन, कुमरोजमा बसोबास भएका नारायणप्रसाद लोहनी र सावित्री लोहनीकी छोरी हुन् भने बानेश्वर काठमाडौँ निवासी अरुण राणाकी सहधर्मिणी तथा जनरल यज्ञविक्रम राणा र केशरकुमारी राणाकी बुहारी हुन् । आफ्ना जमानामा 'जुम्ली सुब्बासाब'का नामबाट परिचित एवम् चर्चित बर्दिया निवासी पृथ्वीबहादुर शाह, धनराज शाह तथा पार्वती शाह रेखाका मावलीतर्फका हजुरबुबा र हजुरमुवा हुन् । आफ्ना सनातन संस्कार, कुलपरम्परा

र मूल्य-मान्यताप्रति निष्ठावान् शाहदम्पती हक्की स्वभावका थिए । समाजमा कसैको होचो-अर्घेलो खप्न नसक्ने र इमान तथा सत्यमा सदैव अडिग रहने पृथ्वीबहादुरको त्यो कुलीन चेतनाको बीजारोपण उनका सन्ततिहरूमा पनि भएको थियो । मावलीतर्फका हजुरबुबा-हजुरमुवाबाट आफ्ना सन्ततिहरूमा त्यो उच्च पारिवारिक चेतनाको हस्तान्तरण भएकै कारण आमामार्फत् त्यो संस्कार रेखासम्म पनि आइपुग्यो । उनले आनुवंशिक रूपमा मावली र माइतीका तर्फबाट प्राप्त गरेको चेतना र संस्कार यता दाम्पत्य जीवनमा जोडिई यज्ञ-केशरकुञ्जमा बुहारीका रूपमा प्रवेश गरेपछि त्यसमा अझ मलजल हुन पुग्यो । यिनै तीन परिवारका संस्कारगत सामञ्जस्यबाट प्राप्त प्रेरणाकै कारण रेखा आफ्ना पूर्वज र अग्रजहरूप्रति अत्यन्त आस्था र श्रद्धा राख्छिन् । उनमा अग्रजहरूप्रतिको यो आस्थाभाव तीव्र छ । रेखाका मानसपटलमा अन्तर्निर्हित यही चेतनाका पृष्ठभूमिमा प्रस्तुत कृतिको जन्म भएको हो । कृतिको नामअनुसार यसमा आफ्ना अग्रजहरूप्रति कृतज्ञताका अनन्त भावहरू छचल्किएका छन् र उनका अनुभूतिहरूले पाठकलाई आफ्ना अग्रज र पूर्वजहरूप्रतिको कृतज्ञताबाटै जीवनलाई सुसंस्कृत र प्रतिष्ठित तुल्याउन सकिन्छ भन्ने अन्तःसन्देश पनि सम्प्रेषण गरेका छन् ।

संयुक्त राज्य अमेरिकाको Drew University बाट महिला अध्ययन विषयमा र त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेकी रेखाको दाम्पत्य जीवन २०५९ सालमा सुरु भएको थियो । हाम्रो समाजमा वैवाहिक सम्बन्धसँगै छोरीहरू बुहारी हुन्छन् र यसबाटै नयाँ नयाँ नातासम्बन्ध पनि जोडिन्छन् । प्रणयबन्धनसँगै छोरीहरूको नयाँ घर र नयाँ संसार सृजना हुन्छ । यसप्रकार हाम्रा सनातन पारिवारिक संस्कृतिका आफ्नै आयाम र निजत्वपूर्ण वैशिष्ट्यहरू छन् र तिनका बारेमा हामी सबै जानकार नै छौँ ।

*

यज्ञविक्रम र केशरकुमारीका एक मात्र छोरा अरुणसँग दाम्पत्य सम्बन्ध जोडिएपछि डेढ दशक २०५९ देखि २०७५ सम्म जम्मा १६ वर्ष बुहारीका रूपमा रेखालाई बुबा यज्ञविक्रम र आमा केशरकुमारीका अभिभावकत्वमा गार्हस्थ्य

व्यवहारका साथै जीवनका अनेकौँ पाठहरू सिक्ने अवसर प्राप्त भयो । त्यसै समयावधिमा उनले आफ्ना घरमा बुबा-मुवाबाट पाएको सामीप्य तथा सँगालेको परिवारिक र व्यावहारिक ज्ञान र अनुभवका आधारमा प्रस्तुत संस्मरण तयार पारिएको छ। यस कृतिमा सञ्चित स्मृतिहरू रेखाको वैवाहिक जीवनका परिधिमा आबद्ध छन् र उनले आफ्नो दाम्पत्य जीवनमा बुबा-मुवाका छहारीमा सँगालेका अनुभूतिको संयोजन यस स्मृतिमा गरेकी छिन्। नववधूका रूपमा गृहप्रवेश गरेसँगै माइत घरका बुबा-मुवाले दिएजस्तै स्नेह, सद्भाव र वात्सल्य प्रदान गर्ने घरका बुबा-मुवासँगका सम्झनाको रेखाङ्कनमा प्रस्तुत कृति केन्द्रित छ र यसलाई आधुनिक शिक्षासम्पन्न बुहारीका घरका बुबा-मुवा एवम् पारिवारिक जीवनयात्रासँग जोडिएका विभिन्न अनुभूतिहरूको काव्यात्मक सँगालो मान्न सकिन्छ।

प्रस्तुत स्मृतिकाव्यमा रेखाले आफ्नो वैवाहिक जीवन र त्यस अवधिमा घरका बुबा-मुवासँग बिताएका सम्झनाहरू एवम् सो अवधिमा बटुलेका अविस्मरणीय अनुभवहरूलाई जम्मा बत्तिसवटा शीर्षकमा संयोजन गरेकी छिन्। यसका प्रत्येक शीर्षकमा अनुभूतिका बेग्लाबेग्लै विषय-सन्दर्भहरू समेटिएका छन् । खास गरी रेखा घर आएपछि आफ्नो दाम्पत्य जीवन र बुबा-मुवासँग बिताएका सुख-दुःखका विभिन्न आयामहरूको रेखाङ्कन गर्ने प्रयत्न यसमा गरिएको छ। यसमा रेखाले आफ्नो घरका बुबा-मुवासँगका पारिवारिक जीवनका अनेक रङ्गीचङ्गी अनुभवहरू सजाएकी छन् । त्यसैले यसलाई रेखाको प्रारम्भिक दाम्पत्य जीवनका अनुभव र अनुभूतिहरूको सुन्दर काव्यात्मक रेखाचित्र मान्न सकिन्छ । यद्यपि प्रस्तुत संस्मरणका केन्द्रविन्दु कीर्तिशेष यज्ञविक्रम राणा र केशरकुमारी राणा हुन् तापनि प्रसङ्गवश यहाँ रेखाका माइततर्फका कीर्तिशेष बुबा-मुवाका साथै उनका घरतर्फका सहयात्री अरुण, आमाजू दिदीहरू, आफ्ना छोरीहरू र बुबा यज्ञविक्रमका कतिपय साथीभाइका प्रसङ्गहरू पनि आएका छन्। यीबाहेक यज्ञविक्रम राणाले आफ्ना जीवनमा निकटतम सम्बन्ध, सामीप्य र सौजन्यको छहारी पाएका नेपालका प्रातःस्मरणीय साहित्यकारहरू सूर्यविक्रम ज्ञवाली, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, राष्ट्रकवि माधव घिमिरे, महासमालोचक वासुदेव त्रिपाठीदेखि घटराज

भट्टराईसम्मका सयौँ स्वनामधन्य स्रष्टाहरूका स्मृतिसन्दर्भ पनि यहाँ समेटिएका छन् । त्यसैले यो कृति यज्ञविक्रम र केशरकुमारी राणाको उत्तरार्ध जीवनको जीवन्त इतिहास बनेको छ भने ती सम्पूर्ण ऐतिहासिक सन्दर्भहरूलाई संस्मरणका मनोहारी शैलीमा भावकसमक्ष सञ्चार गर्ने स्वाभाविक प्रयत्न यस कृतिमा गरिएको छ । यसमा बत्तिसवटा शीर्षकहरूमा जे जति विषय र सन्दर्भहरू समेटिएका छन् ती सबै पढ्दा कथा वा उपन्यासका बेग्ला बेग्लै परिच्छेद पढेजस्ता लाग्छन् । यसका विविध शीर्षकहरू पढ्दै जाँदा तिनले पाठकलाई आकृष्ट गर्ने मात्र होइन त्यहाँ अभिव्यक्त श्रद्धा, आस्था, समर्पण र कृतज्ञताका मर्मस्पर्शी भावनाहरूले उनीहरूको मन-मस्तिष्कलाई भित्रसम्म स्पर्श गर्छन् र प्रत्येक शीर्षकपछि आउने अर्को शीर्षक पढूँ पढूँ लागिरहन्छ । अवश्यै व्यावहारिक जीवनका सत्यहरू सुन्दर पनि हुन्छन् र कतिपय कठोर, पीडादायी एवम् शुष्क पनि हुन्छन् । तर ती सबैलाई आग्रहबाट मुक्त भएर सत्यहरूको सुन्दर संयोजन र रेखाङ्कन गर्न सक्ने साँच्चिकै प्रशंसनीय सृजनात्मक सामर्थ्य रेखामा अन्तर्निहित छ भन्ने कुराको साक्ष्य पनि हो प्रस्तुत स्मृतिकाव्य ।

रेखाको 'अनन्त कृतज्ञता' पाठकहरूका निम्ति अत्यन्त आस्वाद्य त छँदै छ । यसबाहेक प्रस्तुत कृतिले अगि सारेको सृजनासंसारको अर्को नयाँ आयाम पनि छ त्यो के हो भने नेपाली साहित्यमा बहुधा सासू-ससुरा र बुहारीबिचका अन्तर्द्वन्द्वका पीडा र तज्जन्य घाउहरूको चित्रणको व्यापकता । विशेषतः सासू-ससुराले/घरपरिवारले बुहारीहरूलाई डसेका कथाहरूको बृहत् संसारमा नेपाली पाठकहरूले डुबुल्की मार्दै आएका छन् भने पारिवारिक सत्ता छोराबुहारीका हातमा पुगेपछि तिनले आफ्ना बा-आमालाई दिँदै आएका अपहेलना र सास्तीका कथाले पनि नेपाली सृजनासंसार रङ्गिएकै छ । तर रेखाको प्रस्तुत कृतिमा प्रायः चर्चा नगरिने सासू-ससुरा र बुहारीका बिचको पारिवारिक सम्बन्धका सुखद पक्षहरू समेटिएका छन् र यसैकारण पनि यो कृति अरूभन्दा नितान्त भिन्न छ । यहाँ बुहारीका तर्फबाट घरका बुबा-मुवासँगका सौहार्दपूर्ण र स्नेहसिक्त सम्बन्धका जीवन्त कथाहरू लेखिएका छन् । त्यसमाथि रेखा संयुक्त राज्य अमेरिकाबाट महिला अध्ययनमा र

नेपालबाट समाजशास्त्रमा उच्च शिक्षा प्राप्त गरेकी नारी मात्र होइनन् कार्यक्षेत्र र कार्यानुभवका दृष्टिले पनि लैङ्गिक समानता र सामाजिक सशक्तीकरणका क्षेत्रमा विगत दुई दशकदेखि काम गर्दै आएकी नारीस्रष्टा पनि हुन् । उनी पारिवारिक प्रभाव र प्रतिष्ठा तथा आदर्शबाट थिचिएर होइन आधुनिक ज्ञान र चेतनासम्पन्न त्यस्ती नारीस्रष्टा हुन् जसले पारिवारिक सत्ताका वर्चस्वमा रहेका नेपाली समाजका नारी वा पुरुषले गरेका दमन, दिएका यातना र पीडालाई नजिकबाट बुझेकी छिन्; त्यस्ता मुद्दाहरूमाथि राष्ट्रिय र अन्तर्राष्ट्रिय बौद्धिक मञ्चहरूमा बहस पैरवी पनि गर्दै आएकी छिन् भन्ने कुराका साक्ष्यका रूपमा उनी सहभागी भएका राष्ट्रिय-अन्तर्राष्ट्रिय सम्मेलनहरू र त्यहाँ प्रस्तुत गरेका अनेक सेमिनार पेपरहरू पनि छँदै छन् । जे होस्, रेखा आधुनिक युगका पढे-लेखेका चेतनशील नारीहरूमध्येकी एक प्रतिनिधि नारी हुन् । उनले विवेकपूर्वक घरका बुबा-मुवाले आफूलाई गरेका व्यवहार, उहाँहरूले दिएको अगाध प्रेम र वात्सल्यको जीवन्त चित्र यसमा उतारेकी छिन् । त्यसले गर्दा पनि यो स्मृतिकाव्य अरूभन्दा बेग्लै छ र यस तात्पर्यमा यो नितान्त नयाँ पनि छ ।

'अनन्त कृतज्ञता' नेपाली साहित्य जगत्मा नवागन्तुक स्रष्टा रेखाको पहिलो सृजनात्मक प्रयास हो । यसका प्रत्येक अक्षर तथा शब्दहरू अनुभव र भावनाका रङले लेखिएका छन् । यसका हरेकजसो शीर्षकमा उनका व्यवहारसिद्ध गहन एवम् तीक्ष्ण विचारहरू पनि अभिव्यञ्जित छन् जसले पाठकको मन र मुटुलाई भित्रैसम्म छुन्छन् । रेखामा जीवनका भोगाइ, भावना र अनुभूतिलाई एवम् आफ्नो पारिवारिक जीवनका यथार्थ तथ्यहरूलाई कवितात्मक रूपमा अभिव्यक्त गर्न सक्ने भाषिक सामर्थ्य अत्यन्त सशक्त छ । त्यसैले अभिव्यक्ति कलाका दृष्टिले पनि प्रस्तुत कृति बेजोड छ । उनका अनुभूतिहरू सूत्रात्मक र सूक्तिमय छन् र तिनमा जीवन-भोगाइका सुन्दर कथाहरू पनि छन् । यिनै विशिष्टताका कारण मैले गद्यमा संरचित यस संस्मरणात्मक कृतिलाई स्मृतिकाव्यको दर्जा दिएको हुँ । यो कृति पढ्दा मलाई जीवनरूपी काव्यका अनेक लय र रसहरूको आस्वादन गर्न पाएको अनुभूति भयो । त्यसमाथि प्रणय, वात्सल्य र कृतज्ञताका भावहरूले यसका प्रत्येक

अक्षर र शब्दहरू कुँदिएका छन् । त्यसैले प्रस्तुत कृति एउटा मर्मस्पर्शी एवम् जीवन्त स्मृतिकाव्य बन्न पुगेको छ ।

*

यस आलेखका अन्त्यमा यो विशिष्ट सिर्जनाका निम्ति स्रष्टा रेखालाई म हृदयदेखि नै बधाई ज्ञापन गर्दछु र भविष्यमा उनमा अन्तर्निहित उपर्युक्त सृजनात्मक सामर्थ्य उत्तरोत्तर गतिशील बन्दै जाओस् भनी शुभकामना व्यक्त गर्दछु । एउटा सानो तर असाध्यै सुन्दर कृति सुरुमै पढ्न पाएको र त्यसका निम्ति मन्तव्य लेख्ने उत्तरदायित्वसमेत पाएकामा म रेखा र अरुणप्रति आभार पनि प्रकट गर्दछु ।

**चन्द्रागिरि– १५, काठमाडौँ**
२०८२ **चैत्र ५**

# The Unseen Frame: A Portrait of Love and Legacy

**Arun Rana**

It is a strange and wonderful thing to read about your own parents through the eyes of the person you love most.

When my wife first stepped into our home on January 20, 2003, she stepped not just into my life, but into the lives of my Buwa and Muwa. I watched their relationship grow over the years, but I never truly knew what passed between them when I wasn't in the room. I never knew what stories were shared, what quiet wisdom was exchanged, or what impressions were left.

This manuscript has been a revelation.

As I turned each page, I found myself walking through corridors of my own past, but with a new light illuminating them. There are chapters here that I lived – shared experiences and common memories that felt familiar to me. Reading her account of those moments is like looking at an old photograph and realizing someone else was in the frame, seeing it all from a different, beautiful angle.

But it was the pages I did not expect that truly moved me. My wife has managed to capture facets of my parents that I, despite a lifetime with them, had never fully seen or understood.

I knew my father was a military man, but reading her retelling of his memories, I felt the weight of his service in a new way. I knew of his connections to the palace, but her narrative gave those stories a human texture I had not appreciated. I have spent my life immersed in his literary legacy, yet her insights into his discourses and his vision for the Jhapat Puraskar made me see his passion for the written word with fresh eyes. And his deep, quiet wish to build a temple in Bandipur—where my grandfather took his last breath—is a piece of his heart that she has preserved here forever.

To see my parents – Buwa and Muwa – through her eyes has been one of the greatest treasures. She has captured their words of wisdom, their quirks, their strength, and their love in a way that I, their son, could never have articulated. It is a touching reminder that while they left us – Buwa fifteen years ago and Muwa eight – their presence never truly departed this home and our hearts.

This book is not just a memoir; it is a bridge between worlds. It connects my past to my present, and my parents to the daughter-in-law who cherished them so deeply and vice versa.

I enthusiastically enjoyed every word of this manuscript, and I am so proud to see it unveiled here, at the Jhapat Puraskar ceremony – a testament to a legacy that continues to grow.

# शुभकामना

## नीता बस्नेत

बुहारी रेखा राणाद्वारा लिखित प्रस्तुत पुस्तकको पाण्डुलिपि मैले आद्योपान्त सरसर्ती पढेँ । यो कृति पढेपछि मलाई नेपालका प्रतिष्ठित वरिष्ठ साहित्यकारले लेखेको जस्तो अनुभव भयो । उनको स्वतःस्फूर्त प्रस्तुति, शब्द-चयन र व्याख्या गर्ने कौशलले मलाई निकै प्रभावित तुल्याए । बुबा-मुवाले जीवनमा भोगिबक्सेका तिता-मिठा अनुभवहरूलाई निकै भावपूर्ण एवम् हृदयस्पर्शी यथार्थलाई मिठो साहित्यिक शैलीमा प्रस्तुत गर्न रेखा निकै सफल भएको मैले महसुस गरेँ । विक्रम संवत् २०५९ मा हाम्रा घरमा बुहारी भएर प्रवेश गरेकी रेखालाई २०७५ सालसम्मको जम्मा सोह्र वर्षको अनुभवले घरको नितान्त पारिवारिक यथार्थ गतिविधि तथा मूल्य-मान्यता जान्ने-बुझ्ने अवसर प्राप्त भयो । एउटा सुसंस्कृत कुलघराना र असल परिवारबाट हुर्किएर आएकी हुनाले उनले घरमा आफूले गर्नुपर्ने जिम्मेवारी तथा कर्तव्य सदा पालना गर्दै आइरहेकी छन् । बुबा-मुवाका सामीप्यमा उनलाई पारिवारिक वातावरणका साथै घरव्यवहारका प्रत्येक आरोह-अवरोहलाई नजिकबाट नियाल्न तथा मूल्याङ्कन गर्न सहज भएको तथ्य यस पुस्तकमा व्यक्त गरिएका विषय-सन्दर्भबाट प्रस्ट हुन्छ । यस पुस्तकमा उनले जति पनि विषयवस्तु प्रस्तुत गरेकी छन् ती सबै स्पष्ट छन् र सत्यतथ्यमा आधारित छन् किनभने मैले बुबा-मुवासँग अधिकांश वर्षहरू बिताउने मौका पाएकी थिएँ जसले गर्दा मैले उहाँहरूका भावना, इच्छा, आनीबानी तथा तौरतरिका आदिलाई नजिकबाट

नियाल्ने सौभाग्य पाएकी थिएँ । त्यसै बेला मैले उहाँहरूलाई बुझ्ने र मनन गर्ने सुअवसर पाएँ । मैले अनुभव गरेका सबै कुरा यस पुस्तकमा वर्णित विषयवस्तुबाट छर्लङ्गै बुझ्न सकिन्छ ।

२०७५ सालपछि अर्थात् बुबा-मुवा दुवैको देहावसानपछि उहाँहरूका निर्णयलाई परिवारबाटै कुठाराघात गरियो र सोको परिणाम अदालतको कठघरामा पुग्नुपर्‍यो । त्यस्तो विषम परिस्थितिका बाबजुद पनि विचलित नभई आफ्नो कर्तव्यमा अडिग भएर रेखाले आफ्नो जिम्मेवारी पूरा गर्दै घरपरिवार एवम् व्यवहार सह्मालिन् र बुबा-मुवाको इच्छाका हरेक पक्षहरूलाई अक्षरशः पालन गरी निरन्तरता पनि दिँदै आइन् । यस पुस्तकमा समावेश गरिएका प्रत्येक विषयवस्तुमा बुबा-मुवाका समर्पण, निष्ठा, त्याग, आस्था र विश्वासका विविध आयामहरू झल्किएका छन् । बुबा-मुवाको जीवनका धार्मिक/आध्यात्मिक, सिर्जना र साहित्यानुराग, शिक्षाप्रेम र शिक्षासेवा, पितृत्व र मातृत्वका आदर्श तथा सामाजिक उत्तरदायित्व र आदर्श लगायतका सबैजसो पाटा र पक्षहरूका बारेमा कुशलतापूर्वक वर्णन गरी पुस्तकाकार कृति तयार पार्ने कर्तव्यपरायण बुहारी रेखाप्रति म धेरै आभारी तथा कृतज्ञ छु । उनले यस पुस्तकमा बुबा-मुवाका बारेमा जे जति शीर्षकहरूहरूमा स्वतःस्फूर्त भावनाहरू प्रकट गरेकी छन् ती सबै सराहनीय छन् । आगामी दिनमा पनि रेखाको सुन्दर सिर्जनात्मक प्रयास जारी रहोस् भनी हृदयदेखि नै शुभकामना र आशीर्वाद दिन्छु ।

❀

# कृतज्ञता

## रेखा राणा

संस्मरणका पानाहरू लेख्दै गर्दा म बारम्बार एउटै भावनामा फर्किन्छु- गहिरो कृतज्ञता। शब्दहरूमा उतार्न खोज्दा पनि कतिपय अनुभूतिहरू कागजका पानामा अटाउँदैनन् जस्तो लाग्छ किनभने यी केवल सम्झनाहरू मात्र होइनन्; यी त ती वर्षहरूका जीवन्त यात्रा हुन् । मैले उहाँहरूका साथमा रहेर जीवन बिताउने जुन सौभाग्य पाएँ त्यसबाट सिक्दै, बुझ्दै र मायाको न्यानोपन महसुस गर्ने सौभाग्य पाएँ।

करिब चौबिस वर्षअगि जब म यस घरको ढोका पार गरेर भित्रिएँ तब त्यो केवल नयाँ घरमा प्रवेश मात्र थिएन त्यो एउटा नयाँ संसारमा पाइला टेक्नु थियो- नयाँ सम्बन्धहरू, नयाँ संस्कारहरू र जीवनलाई हेर्ने नयाँ दृष्टिकोणहरू प्राप्त गर्नु थियो । समयसँगै मैले बुबा-मुवालाई नजिकबाट चिनें । उहाँहरूको जीवनशैलीको सादगी, विचारको स्पष्टता, अनुशासनप्रतिको सम्मान, संस्कार एवम् मूल्य-मान्यताप्रतिको श्रद्धा, मानिसहरूप्रतिको आत्मीयता जस्ता यी सबै पक्षहरूले मलाई निरन्तर प्रभावित गरिरहे ।

यस संस्मरणमा मैले बत्तिसवटा फरक शीर्षकहरूमार्फत आफ्ना भावना र अनुभवजन्य प्रतिविम्बहरू समेटेकी छु। ती शीर्षकहरू केवल अध्यायका नामहरू मात्र होइनन्; ती त जीवनका साना-ठुला क्षणहरूका आँखीझ्यालहरू हुन्। कहिले उहाँहरूको व्यक्तित्वका उज्याला पक्षहरू, कहिले हाम्रो सँगैको यात्राका मोडहरू, कहिले घरभित्रको स्नेहिल वातावरण र कहिले मैले उहाँहरूबाट चुपचाप सिकेका जीवनका पाठहरू- यी सबैलाई शब्दमा समेट्ने एउटा विनम्र प्रयास मात्र हो यो ।

यी पानाहरू लेख्दा मैले बारम्बार महसुस गरेकी छु- मलाई बुबा-मुवाबाट जे प्राप्त भयो त्यो कुनै लेनदेनको सम्बन्ध थिएन। त्यो न कुनै अपेक्षाको फल थियो, न कुनै प्रतिफलको खोजी। त्यो त केवल स्नेह/प्रेम थियो- निस्वार्थ, निर्मल र उदार। त्यही मायाले मलाई यस घरको सदस्य मात्र होइन, यस परिवारको आत्मीय अंश बनायो।

सायद यही कारणले गर्दा यी संस्मरणहरू केवल उहाँहरूका कथा मात्र होइनन्, यी त मेरा आफ्नै यात्राका पानाहरू पनि हुन्। उहाँहरूको जीवनलाई नजिकबाट देख्दै, उहाँहरूका व्यवहारबाट सिक्दै र उहाँहरूका साथमा उमेरका अनेक ऋतुहरू पार गर्दै मैले आफूलाई पनि नयाँ ढङ्गले बुझ्न पाएँ।

आज जब म यी सबै सम्झनाहरूलाई शब्दमा बाँधेर हेर्छु तब लाग्छ जीवनले मलाई एउटा अमूल्य उपहार दिएको रहेछ। त्यो उपहार धन, सुविधा वा अवसर मात्र होइन, त्यो उपहार त उहाँहरू जस्ता असल मानिसहरूको स्नेह र वात्सल्य रहेछ।

यदि यी पानाहरू पढ्नेहरूले उहाँहरूको जीवनको सादगी, उहाँहरूको इमानदारी र उहाँहरूको ममतामय वात्सल्यको सानो झलक पनि अनुभूति गर्न सके भने मेरो यो सानो प्रयास सार्थक हुने छ किनभने अनन्त यी सबै शब्दहरू एउटै भावनाबाट जन्मिएका हुन्- गहिरो सम्मान, अथाह माया र मनभरि छचल्किएको कृतज्ञता।

अन्त्यमा यी पानाहरू बन्द गर्दा पनि एउटा अनुभूति भने खुला नै रहन्छ- जीवनले कहिलेकाहीँ हामीलाई मानिसका रूपमा यस्तो अमूल्य वैभव दिन्छ जसलाई कुनै मापनले नाप्न सकिँदैन। बुबा-मुवा मेरा जीवनमा त्यस्तै अमूल्य उपस्थिति होइबक्सन्छ। समय बित्दै जाला, दिनहरू फेरिँदै जालान् तर उहाँहरूबाट पाएको स्नेह, माया र जीवनका ती मौन पाठहरू भने सधैँ मेरा स्मृतिमा उज्यालो बनेर बाँचिरहने छन्। सायद यही उज्यालो नै यी संस्मरणका सबैभन्दा सच्चा शब्दहरू हुन्। अनन्त कृतज्ञता!

यस लेखनयात्रामा मलाई विश्वास, प्रेरणा र साथ दिनु हुने सम्पूर्ण व्यक्तित्वहरूप्रति गहिरो कृतज्ञता व्यक्त गर्न चाहन्छु। सुरुमा मेरा मनमा केवल एउटा सानो लेख लेख्ने योजना थियो तर सबैको विश्वास, प्रोत्साहन र स्नेहपूर्ण मार्गदर्शनले त्यो सानो सोच विस्तारित भई आज एउटा सुन्दर कृतिको रूप लिन

पुगेको छ। ममा सम्भावना देखेर त्यसलाई उजागर गर्न प्रेरित गर्नु हुने सबैप्रति म सदैव आभारी रहने छु।

विशेष रूपमा हाम्रा साहित्यिक अभिभावक मानिनु हुने नइ (नरेन्द्र र इन्दिरा) लाई हार्दिक धन्यवाद दिन चाहन्छु जसले सधैँ उत्साहका साथ अगाडि बढ्न प्रेरित गर्नुभयो। उहाँहरूको निरन्तरको साथ, महत्त्वपूर्ण योगदान र रचनात्मक सुझावहरूले मेरो लेखनलाई अझ परिपक्व र सार्थक बनायो।

झपट पुरस्कार व्यवस्था समितिका उपाध्यक्ष प्रा. केशव सुवेदीप्रति पनि म अत्यन्त कृतज्ञ छु। उहाँको प्रेरणा र विश्वासले हरेक पटक मेरो ऊर्जा र उत्साहलाई नयाँ उचाइ दिएको छ। मेरो लेखनलाई उहाँले अत्यन्त ध्यानपूर्वक पढी सूक्ष्म समीक्षा, गहिरो टिप्पणी र मार्गदर्शन गरेका कारण यस कृतिलाई अझ परिष्कृत र सुसङ्गत बनाउन योगदान पुगेको छ। उहाँले देखाइदिनुभएका स–साना पक्षहरू, विचारको स्पष्टता र अभिव्यक्तिको सन्तुलनले मेरो लेखनलाई नयाँ दृष्टि र आत्मविश्वास प्रदान गरेको छ।

त्यस्तै सीताराम प्रसाई दाइप्रति पनि सधैँ ऋणी रहने छु जसले अत्यन्त धैर्य र समर्पणका साथ लेखनलाई आकार दिन सहयोग गर्नुभयो। साथै डा.लेखराज खतिवडा सरलाई सप्रेम अभार व्यक्त गर्न चाहन्छु उहाँको पूर्ण सहयोगका लागि।

मेरो परिवारप्रति पनि हार्दिक आभार धन्यवाद ! विशेषतः मेरो मामाघरका धरोहर-कीर्तिशेष हजुरमुवा पार्वती शाह र हजुरबुबाहरू धनराज शाह, पृथ्वीबहादुर शाह (जुम्ली सुब्बासाब) जस्ता असाधारण व्यक्तित्वकी नातिनी हुनु मेरो जीवनको अहोभाग्य हो। उहाँहरूले रोपिबक्सेको मूल्य, मर्यादा र आत्मसम्मान मेरी मुवामार्फत मेरो रगतमै बगिरहेका छन् जसले मलाई दृढ, संवेदनशील र सत्यनिष्ठ बनाएका छन्। उहाँहरूको अमिट छाप मेरो अस्तित्वकै आधार भएर सधैँ सधैँ प्रेरणाको स्रोत बनिरहने छ।

मलाई यस धरामा पाइला टेकाउने मेरो अस्तित्वका संवाहक मेरा बुबाहजुर नारायणप्रसाद लोहनी र ममताकी अजस्र खानी मेरी मुवाहजुर सावित्री लोहनी सधैँ मेरा हृदयमा विराजमान होइबक्सन्छ। मलाई जन्म दिएर मात्र होइन आफ्नो स्नेह, व्यवहार एवम् संस्कारले लपेटेर उहाँहरूले कहिल्यै पनि मलाई जीवनका सत्मार्गबाट

विचलित हुन दिइबक्सेन । अहिले म उहाँहरूकै पदचाप पछ्याउँदै आफूलाई कर्तव्यपथमा हिँडाइरहेकी छु। मैले पाएको संस्कार उहाँहरूकै बिरासत हो। सत्यका मार्गमा निर्धक्क भई हिँड्न प्रेरित गर्ने बुबाहजुर र व्यावहारिक कुशलताको पाठ पढाउने मेरी मुवाहजुर सधैँ मेरा लागि प्रेरणास्रोत होइबक्सन्छ । मैले पतिगृहमा आई जे जसरी व्यावहारिक कार्यहरू कुशलतापूर्वक गर्नसकेँ त्यसको श्रेय मूख्यतः मेरा बुबा-मुवालाई नै जान्छ। मलाई निरन्तर माया र सद्भावले सत्कर्ममा लाग्न प्रेरित गर्नुहुने मेरा माइततर्फका सम्पूर्ण अग्रजहरूलाई सदासर्वदा स्मरण गरिहेकी छु किनभने उहाँहरूको स्मरण मात्र पनि मेरा लागि सधैँ आशीर्वाद बनिरहने छ।

मेरो परिवारप्रति पनि हार्दिक आभार धन्यवाद ! विशेष गरी सान्दिज्यू (नीता), दिज्यूहरू रीता, अनिता र उर्मिलाको निरन्तर साथ र प्रोत्साहन सधैँ प्रेरणादायी रह्यो । मेरो जीवनको सबैभन्दा घनिष्ठ साथी तथा मेरा सपनाहरूको सहयात्री र मेरो अनन्य प्रिय मेरा श्रीमान् अरुणप्रति पनि म गहिरो कृतज्ञता व्यक्त गर्दछु।

अन्त्यमा मेरा सबैभन्दा इमानदार समीक्षक, धैर्यपूर्वक सुन्ने साथी र सदा उत्साह जगाइरहने चुचु (जुही) लाई विशेष धन्यवाद ! साथै मौन रूपमा भए पनि सधैँ साथ दिइरहेकी भायलेटप्रति पनि म कृतज्ञ छु।

तर यी सबैभन्दा माथि मुवा-बुबा (मेरा सासू-ससुरा) प्रति म अत्यन्त नतमस्तक छु। उहाँहरूको आशीर्वाद, विश्वास र सद्भावनाले नै यो प्रयास सम्भव भएको हो। तसर्थ यो कृति शब्दहरूको संयोजन मात्र होइन; आशीर्वाद, माया र विश्वासको कथा पनि हो। यही कृतज्ञता, सम्मान र भावनासहित यो सानो प्रयास म उहाँहरूकै चरणकमलमा समर्पण गर्दछु। उहाँहरूको आशीर्वादको उज्यालोले नै मेरा शब्दहरूलाई दिशा दिने छ र यही प्रेरणाले आगामी दिनहरूमा पनि मेरो लेखनयात्रा निरन्तर अगि बढिरहने छ।

# अनुक्रम

स्मृतिका पानामा बुबा–मुवा / ३३
पतिगृहमा पहिलो स्वागत / ३५
सादगी र मायाले भरिएको जीवन / ३७
आर्थिक विश्वास र जिम्मेवारी / ४०
मुवाको व्यावहारिक चातुर्य / ४१
साना कुराहरू, ठुला खुसीहरू / ४३
साथ र व्यस्तता / ४५
उत्तराधिकार जहाँ माया बग्छ पुस्तान्तरमा / ४८
नातिनीका हजुरबुबा–मुवासँगको सामीप्य / ५०
फरकफरक योग्यताको सुन्दर संयोजन / ५२
मुवाको सौन्दर्यप्रतिको शैली र आकर्षण / ५५
सम्धी–सम्धिनी : रगतभन्दा परको आत्मीयता / ५७
बर्दीभित्रको बिरासत : राष्ट्रसेवाको अखण्डयात्रा / ६१
दरबारको आत्मीयता र आदेशभित्र / ६७
साहित्यिक सत्सङ्ग : समर्पण र बिरासत / ७१
एउटा कवितासँग जोडिएको सम्झना / ७५

मदन पुरस्कारसँग जोडिएका बुबा/७७
विद्यावारिधि अनुसन्धान गर्ने प्रबल चाहना/८०
झपट पुरस्कारको कथा : बिउ पुँजीदेखि बिरासतसम्म/८१
सिमानाभन्दा माथिको मैत्री सम्बन्ध :
बुबा र जनरल सुशीलकुमार सिक्का/८४
बन्दीपुरको यात्रा र मन्दिरको सपना/८८
हामी फर्कियौँ !/९२
मुवा–बुबाकी राजकुमारी/९५
बुबाको अन्तिम बिदाइ : प्रकाशतर्फको अनन्त यात्रा/९७
छोराको वरिपरि घुमेको संसार/१००
स्वर्गसम्म पुगेको माया/१०३
भक्ति, संस्कार र समर्पण/१०५
मुवा, आज म बुझ्छु !/११०
जब विश्वास कठघरमा उभियो !/११४
म सधैँ सत्यमा उभिन सकूँ !/११७
संस्कारका सेतुहरू : पितृकार्य, सम्झना, समर्पण र निरन्तरता/१२०
कृतज्ञताको प्रतीक : यज्ञकेशर पुरस्कार/१२४
अनन्त कृतज्ञता/१२६
तस्बिरका सम्झनाहरू/१२८

# स्मृतिका पानामा बुबा–मुवा

# पतिगृहमा पहिलो स्वागत

जीवनका पानामा केही कथाहरू यस्ता हुन्छन् जसले पुस्तौँसम्म हृदयलाई न्यानो बनाइरहन्छन्। बुबा-मुवा (मेरा सासू-ससुरा) को जीवनगाथा त्यस्तै अमूल्य धरोहरहरूको सँगालो हो जुन सदा मेरो हृदय र स्मृतिमा ताजा छ। उहाँहरूको जीवनकथा केवल व्यक्तिगत अनुभवहरूको सँगालो मात्र होइन; त्यो त परिश्रम, प्रेम, धैर्य र मूल्यहरूले बुनेको एक प्रेरणादायी यात्रा हो; जीवनका हरेक मोडहरूमा उहाँहरूले देखाएको साहस, समर्पण र अर्थपूर्ण जीवनको प्रतिविम्ब हो। उहाँहरूको जीवनयात्रा हाम्रा लागि मात्र होइन आउँदा धेरै पिँढीहरूका लागि पनि मार्गदर्शन र प्रेरणाको स्रोत बन्ने छ। यो गाथा स्मृतिमा मात्र सीमित रहने छैन; यसले पुस्तौँसम्म माया, संस्कार र जीवनका मूल्यहरू हस्तान्तरण गरिरहने छ।

बुबा-मुवाका तिनै अमूल्य जीवनगाथाहरूको साक्षी बन्ने सुअवसर पाउनु मेरो जीवनको सौभाग्य रह्यो। उहाँहरूसँगका ती अविस्मरणीय सम्झनाहरू मैले गृहप्रवेश गरेको पहिलो दिनदेखिकै क्षणबाट शुभारम्भ हुन्छन्।

२०५९ साल माघ ७ गते जब हाम्रो विवाहको बग्गी घरको आँगनमा प्रवेश गऱ्यो त्यहीँ मैले मेरो जीवनकै आत्मीय दृश्य देखेँ। माइतका बुबा-मुवाको घर छोड्दाको आँसुले भिजेको मेरो अनुहार घर आइपुग्नेबित्तिकै अकस्मात् उज्यालो भयो। आँगनभरि मेरो स्वागतार्थ बुवा-मुवा र परिवारका सम्पूर्ण सदस्यहरूले नाच्दै हर्षोल्लासपूर्वक गरिबक्सेको मेरो पहिलो स्वागत मेरा स्मृतिमा अझै ताजा रहेको छ। हजुरहरूको त्यो उल्लासमय नृत्य केवल स्वागत मात्र मात्र थिएन, त्यो त मेरा

लागि नयाँ घर, नयाँ सम्बन्ध र नयाँ जीवनको खुला आलिङ्गन थियो; उत्सव, प्रेम र अपनत्वको अभिव्यक्ति थियो। आँगनमा गुन्जिरहेको खुसीको हाँसो, उत्साह र प्रेमले मेरो मन सधैँका लागि जित्यो।

"गौरी शङ्कर श्री गणेश खुसी हुन् रक्षा गरून् कालिका,
आशीर्वाद दिऊन् सदा अरुण औ रेखाकनै चण्डिका !
जोडी चातक झैँ मिलेर सुखले दाम्पत्यको सूत्रमा,
आजन्मै भर बाँधिई रमिरहून् दीर्घायु आरोग्यमा !!

बुबाले हाम्रो विवाहको निमन्त्रणा-पत्रमा रचिबक्सेको यो कविता केवल शब्दहरूको संयोजन मात्र थिएन; त्यो त उहाँको माया र आशीर्वादको मौन तर शाश्वत अभिव्यक्ति थियो। म यो कविता समय-समयमा बुबाको आशीर्वाद सम्झेर पढ्छु, दोहोऱ्याउँछु र हरेक पटक आफूलाई अत्यन्तै धन्य र भाग्यमानी भएको महसुस गर्दछु। यो कविता अझै पनि हाम्रो जीवनको आधारस्तम्भ जस्तो अडिग र अटल लाग्छ जसले हरेक कदममा हामीलाई मार्गदर्शन र प्रेरणा दिन्छ।

बुबा-मुवाको माया र आशीर्वादको छहारीमा हाम्रो दाम्पत्य जीवन क्रमैसँग अगाडि बढ्दै आयो। नयाँ नयाँ अध्यायहरू सुरु भए, बुबा-मुवासँग घरमा बस्न पाउँदा आफूलाई परम सुरक्षित र भाग्यशाली अनुभव हुन्थ्यो, बेफिक्री र आनन्दित पनि। उहाँहरूको माया, मार्गदर्शन र अभिभावकत्वले हाम्रो जीवनका हरेक पलहरूलाई अर्थपूर्ण र सुन्दर बनाइरहे।

# सादगी र मायाले भरिएको जीवन

मुवा-बुबाको जीवन प्रेम र सरलताले भरिएको थियो । हरेक अप्ठ्याराहरूलाई पार गर्दै उहाँहरूका दिनहरू खुसी, आत्मीयता र शान्तिसँग बितिरहेका थिए । बुबा अत्यन्त आशावादी स्वभावका होइबक्सन्थ्यो । उहाँ प्रायः हाँस्दै मर्जी हुन्थ्यो- "बुहारी ! म त १२० वर्ष बाँच्छु ।" बुबाको यस वाक्यमा केवल अङ्क मात्र थिएन, बरु उहाँको जीवनप्रतिको उत्साह, समयलाई चुनौती दिने आत्मविश्वास र जीवनलाई प्रेमले भरिपूर्ण बनाउन सक्ने दृष्टिकोणको प्रतीक थियो । बुबाको यो वाक्य हामी सबैका लागि एउटा सम्झना बन्यो र दृष्टान्त पनि– त्यो के भने जीवनलाई सधैँ वर्षले मात्र होइन, प्रत्येक पलमा सँगालिएको प्रेम, सन्तुष्टि र आनन्दले नाप्नु श्रेयष्कर हुन्छ ।

समय समयमा बुबा-मुवाले मसँग आफ्ना जीवनका धेरै संस्मरणहरू सुनाइबक्सन्थ्यो । विशेषतः हाम्रो घरको चलन, परिवारका सदस्यहरूको स्वभाव, उहाँहरू भारतको पुनामा राज हुँदाका सम्झना, आफ्ना बुबा-मुमा, जिजुबुबा-जिजुमुवाका गाथाहरू तथा तीर्थयात्राका स्मृतिहरू कथाजस्तै सुनाइबक्सन्थ्यो । म बडो चाख लिएर स्मृतिका ती कथाहरू सुन्थेँ र अपार आनन्द महसुस गर्दथेँ । यस्तो लाग्दथ्यो, म पनि उहाँहरूको समय र अनुभवको यात्रामा सहभागी भइरहेकी छु । मुवा-बुबाको जीवनका स-साना क्षणदेखि ठुलठुला सङ्घर्षसम्मका कुरा सुन्दा मेरो मन उहाँहरूप्रति सम्मान र कृतज्ञताले भरिन्थ्यो । मलाई उहाँहरूका विगतका कथाहरू सुन्दा यति रमाइलो लाग्थ्यो कि बेला बेला म आफै पनि उहाँहरूसँग थप

जिज्ञासा राख्दथैं । हरेक प्रश्नको उत्तरसँगै नयाँ अनुभूति, नयाँ शिक्षा, नयाँ सिकाइ र नयाँ भावनाहरू थपिँदै जान्थे । बुबा-मुवासँगका ती संवादहरू मेरा लागि केवल कुराकानी मात्र थिएनन् अपितु ती जीवनका अमूल्य पाठहरू थिए जुन आज पनि मेरा स्मृतिमा कण्ठस्थ छन् ।

मुवा बताइबक्सन्थ्यो- "तिम्रा ससुरा बुबा त कहिलेकाहीँ असाध्यै अप्ठ्यारो व्यक्ति ! केही कुरा एक मिनेट पनि तलमाथि भयो कि रिसाइहाल्ने । सधैँ सबै कुरा टक्क चाहिने । रेखा ! बुबाको त्यस बानीले बेला बेलामा म दिक्क हुन्थेँ । घरमा मात्र हैन, बाहिर घुम्न जाँदा, तीर्थयात्रामा पनि सबै आफ्नो रुचिअनुसार नै खोज्ने अनि सबै जना त्यसको व्यवस्थापनमा जुट्नुपर्ने । एक दिन आफू मुवा (बुबाकी मुवा) लाई स्मरण गर्दै मुवाले बताइबक्स्यो- "बुबा सानामा पनि असाध्यै चकचके स्वभावको होइबक्सन्थ्यो रे ! पछि मात्र ज्ञानी भइबक्सेको रे !" मुवाले यो कुरा मलाई बताइरहँदा उहाँको मनको बोझ हलुका भएको कुरा मुहारमा प्रस्टिन्थ्यो । मुवालाई म हाँस्दै बिन्ती गर्दथेँ- "मुवा ! मैले देखेका बुबा त त्यस्तो होइबक्सन्न !" बुबा रिसाइबक्सन्छ भन्ने कुराले पनि म त छक्क पर्दथेँ किनभने मैले बुबाको भावभङ्गिमाबाट त्यस्तो कहिल्यै अनुभव गर्नुपरेन । मैले बुबालाई सधैं सौम्य, शान्त र परम ज्ञानी मात्र पाएँ । बुबाबाट रिसानी त के ठुलो स्वरसमेत सुन्नुपरेन मैले । सधैँ मेरा लागि के चाहिन्छ, मलाई सजिलो छ कि छैन भन्ने फिक्री मात्र बुबाले गरिबक्सेको मैले पाएकी थिएँ ।

मुवा बुबाको जीवनयात्राका सबै पक्षको साक्षी भए पनि बेला बेला बुबाको तारिफ गर्न कहिल्यै चुकिबक्सन्नथ्यो र गर्वले मर्जी हुन्थ्यो "रेखा ! तिमीलाई नै थाहा छ नि ! बुबा अहिले पनि साना साना कुरासमेत मसँग गरिबक्सन्छ, एउटा सिटामोल पनि मलाई नसोधी जिउनार हुन्न ।" हुन पनि हो; मुवाको आज्ञाविना, उहाँलाई नसोधी, नरिझाई बुबाले केही गरिबक्स्यो होला र ! हामी सबै परिवारलाई पनि "सबै कुरा मुवालाई बिन्ती गर्नू, सल्लाह गर्नू अनि उनी जे भन्छिन् त्यही गर्नु उत्तम हुन्छ" मर्जी हुन्थ्यो बुबा । समग्रमा मुवा-बुबा एकअर्काका भर, ढाडस र प्रशंसक होइबक्सन्थ्यो । मुवा पछिसम्म पनि बुबाको समझदारी र परिवारप्रतिको समर्पणभावलाई सम्झँदै मर्जी हुन्थ्यो- कहिलेकाहीँ बुबाको कुनै कुनै स्वभाव कठोर

लागे पनि उहाँको अनुशासन, समयपालना र पूर्णतामा विश्वास गर्ने बानीले हाम्रो परिवारलाई जिम्मेवार र व्यवस्थित बनाउने आधार तय गरेको थियो ।

मुवा-बुबासँगका यी संवादहरूले मलाई सम्बन्धहरू सधैं सरल हुँदैनन्, तर पनि आपसी सम्मान, सद्भाव, धैर्य र समझदारीले तिनलाई सुन्दर र स्थायी बनाउन सकिने रहेछ तथा फरक स्वभाव र फरक दृष्टिकोणका बिच पनि प्रेम र विश्वास कायम राख्न सकिने रहेछ भन्ने ज्ञान प्रदान गरे । अझ महत्त्वपूर्ण पक्ष त यी कुराकानीहरूले मलाई केवल परिवार बुझ्नलाई मात्र होइन जीवनका गहिरा अर्थहरू बुझ्नलाई समेत ठुलो मार्गदर्शन गरे ।

# आर्थिक विश्वास र जिम्मेवारी

जीवनमा मुवा-बुबाको साथ र माया मात्र होइन, उहाँहरूको व्यावहारिकता र समझदारीले पनि हामीलाई सधैँ मार्गदर्शन गरे । म सधैँ सम्झन्छु त्यो माया र विश्वासले भरिएको क्षण ! हाम्रो विवाहपश्चात् म घर प्रवेश गरेको पहिलो सप्ताह, बुबाले मलाई आफ्नो खोपीमा बोलाइबक्स्यो र मर्जी भयो, “सुन बुहारी ! तिमीले घरका सबै व्यवहारहरू बिस्तारै बुझ्दै जानुपर्छ, सिक्दै जानुपर्छ ।”

बुबाले मलाई हाम्रो परिवारको सम्पूर्ण आम्दानी र सम्पत्तिका विवरणहरू खुलस्त साझा गरिबक्स्यो- बुबाको पेन्सन, घरभाडा र अन्य स्रोतहरू । वास्तवमा त्यतिखेर म अलि अकमकिएकी थिएँ । साथै मलाई नयाँ भएर पनि होला अलि भय र अप्ठ्यारो पनि महसुस भएको थियो तथापि त्यो क्षण मेरा लागि केवल आर्थिक विवरणको आदान-प्रदान मात्र थिएन, त्यो त आपसी प्रेम, भरोसा र विश्वासको अनुपम उदाहरण थियो । आफ्ना जीवनका आधारहरू मसँग साझा गरेर, आफ्नो पारिवारिक जिम्मेवारीमा मलाई सहभागी गराएर बुबाले मलाई यस्तो महसुस गराइबक्स्यो कि म (बुहारी) केवल पाहुना होइन, परिवारको अभिन्न हिस्सा हुँ र परिवारका हरेक निर्णयहरू, जिम्मेवारी र जीवनका प्रत्येक पाटा र पहलुमा मेरो सचेत सहभागिता आवश्यक छ ।

बुबाले नजर गराइबक्सेको यो व्यावहारिक माया र खुलापनले मलाई न केवल सुरक्षित महसुस गरायो, बरु मेरा मनमा परिवारसँगको गहिरो सम्बन्ध, समझदारी र जिम्मेवारीको भावना पनि जागृत गरायो । मेरा शिरमा बुबा-मुवाको स्नेहसिक्त आशीर्वादका साथै गहन पारिवारिक उत्तरदायित्व पनि थपिएको अनुभूति भयो ।

# मुवाको व्यावहारिक चातुर्य

मुवा-बुबाका साथमा मैले केवल जीवनका वित्तीय र पारिवारिक जिम्मेवारीहरूको ज्ञान मात्र पाइनँ तिनका साथै घर व्यवस्थापनका अनमोल पाठहरू पनि सिक्ने अवसर पाएँ । विशेष गरी मुवाको व्यावहारिकता, चातुर्य र परिवारप्रतिको निरन्तर माया तथा कर्तव्यबोधले म सधैँ प्रभावित भइरहेँ । बुबाको पेन्सन र अन्य स्रोतबाट प्राप्त स-साना सीमित स्रोतलाई उहाँले यति कुशलतापूर्वक व्यवस्थापन गरिबक्सन्थ्यो कि घर सधैँ व्यवस्थित, उज्यालो र भरिपूर्ण रहन्थ्यो । मुवाका हातमा आयव्ययको हिसाब मात्र थिएन, जीवनलाई व्यवस्थित र प्रेमपूर्ण बनाउने कला पनि थियो । प्रत्येक खर्चलाई मायाले बाँध्ने, प्रत्येक आवश्यकतालाई संवेदनशीलताका साथ पूरा गर्ने र परिवारलाई सधैँ सुरक्षित र खुसी अनि सुखी राख्ने अद्भुत क्षमता थियो मुवामा । वास्तवमा मुवाको व्यक्तित्व केवल गृहिणीको भूमिकामा मात्र सीमित थिएन; उहाँ परिवारका निम्ति मार्गदर्शक, सल्लाहकार र प्रेरणाको स्रोत होइबक्सन्थ्यो ।

मुवाको घरबाहिरका व्यावहारिक चुनौतीहरूको सुझबुझपूर्ण व्यवस्थापन गर्ने कला र निर्णय क्षमता साह्रै सराहनीय थियो । बुबाले बाँचुन्जेल मुवालाई नसोधी कुनै कार्य गरिबक्सेन । मुवाको आत्मविश्वास, चातुर्य र व्यवस्थापन–कुशलताले मलाई “घर चलाउनु भनेको केवल आय-व्यय मिलाउनु मात्र होइन, त्यो त समर्पण, धैर्य र प्रेमको कला हो” भन्ने गहन पाठ सिकायो ।

म सम्झन्छु– मैले मुवासँग जिद्दी गरेको कुरा । हाम्रो घरमा त्यति प्रयोगमा

नआउने भाँडाकुँडाहरू प्रशस्त थिए र म चाहन्थेँ ती भाँडाकुँडाहरू जसलाई साँच्चिकै आवश्यक छ उसैलाई दिऊँ । तर मुवा मलाई सधैँ यस्तो गर्नबाट रोकिबक्सन्थ्यो ।

सुरु सुरुमा मलाई लाग्दथ्यो, मुवाले किन लोभ गरिबक्सेको होला ? किन अनावश्यक सामानहरू थुपारिबक्सन खोजेको होला ? म मनमनै दुःखी हुन्थेँ । तर पछि समय बित्दै जाँदा मात्र बुझेँ- मुवाले त्यसरी रोक्नामा कुनै स्वार्थ वा लोभ होइन घरप्रतिको गहिरो माया र विश्वास रहेछ । उहाँका दृष्टिमा ती पुराना भाँडाकुँडाहरू केवल ‘वस्तु’ मात्र थिएनन्, ती त घरको समृद्धि, आशीर्वाद र पुस्तागत निरन्तरताका प्रतीक थिए । मुवा मलाई बेला बेलामा मर्जी हुन्थ्यो- “कुन भाँडामा समृद्धि बस्छ, थाहा हुँदैन । त्यसैले विचार गर, नत्र घरको लच्छिन जान्छ ।” यस अनुभवले मलाई मुवाको दूरदृष्टि र संरक्षणको महत्त्वबोध गरायो । मुवाले जे गरिबक्स्यो सदा हाम्रो पारिवारिक हितलाई दूरदृष्टिमा राखेर मात्र गरिबक्स्यो । मलाई सधैँ मुवाको अभाव खड्किरहन्छ । जब मुवा ब्रह्मलीन भइबक्स्यो अनि मात्र मैले साँचो अर्थमा व्यवहार कति कठोर हुँदो रहेछ भन्ने यथार्थलाई बुझेँ । मुवाको अनुपस्थितिपछि जीवन केही गम्भीर बनेको छ । उहाँ होइबक्सँदाको जस्तो सहजता र आनन्द मेरो हृदयले आज पनि खोजिरहन्छ ।

वास्तवमा मुवा घरको रौनक मात्र होइन, धड्कन र अदृश्य जादु पनि होइबक्सन्थ्यो जसले घरलाई घर बनाउँथ्यो । उहाँको मुस्कानले सधैँ परिवारलाई पूर्णता दिन्थ्यो । मुवा मेरा लागि ‘सासू’ होइन, मेरो जीवनलाई सजीव, सन्तुलित र प्रेमपूर्ण बनाउने ‘शक्ति’ होइबक्सन्थ्यो ।

# साना कुराहरू, ठुला खुसीहरू

मुवा-बुबा साना साना कुराहरूमा पनि अपार खुसी भइबक्सन्थ्यो। जीवनका ठुला उपलब्धि मात्र होइन, न्यानो भावनाले भरिएका साना साना क्षणहरूले उहाँहरूको हृदयलाई उज्यालो र पुलकित बनाइदिन्थे । बुबाको ८४ औँ जन्मदिवसका अवसरमा मैले बुवालाई The Ranas of Nepal नामक पुस्तक उपहारस्वरूप टक्र्याएकी थिएँ। त्यो साधारण उपहारले बुबालाई यति धेरै हर्षित बनायो कि उहाँले ममाथि बदलामा अनगन्ती आशीर्वादको वर्षा नै गराइबक्स्यो। बुबाका आँखामा चम्किएको खुसी र मुहारमा झल्किएको मुस्कान आज पनि मेरा स्मृतिमा अमिट छ। सच्चा खुसी भौतिक वस्तुमा होइन भावनामा हुन्छ भन्ने कुरा हमेसा मुवा-बुबाबाट चरितार्थ हुन्थ्यो । मुवालाई पनि साधारण उपहारले अपार खुसी दिन्थ्यो- भाव र अपनत्व नै सबैभन्दा महत्त्वपूर्ण हुन्थ्यो । साधारण पहिरन, गहना वा अन्य जुनसुकै सामान पनि मुवालाई सम्झेर टक्र्याउँदा त्यसलाई अमूल्य उपहार मानी ग्रहण गरिबक्सन्थ्यो। उहाँहरूको जीवनमा केही कुराको कमी थिएन, आफै समृद्ध होइबक्सन्थ्यो। तर पनि कुनै कुरालाई सानो नसम्झी सम्मान दिइबक्सन्थ्यो र त्यसमा हार्दिकता र स्नेहको अर्थ र महत्त्व नजर गरिबक्सन्थ्यो।

आज म जब ती दिनहरू सम्झन्छु- मुवा-बुबाको त्यो सरलता, सन्तोष र स्नेहले भरिएको जीवनशैलीले मलाई गहिरो रूपमा छुन्छ। साना कुरामा ठुलो खुसी अनुभव गर्ने उहाँहरूको स्वभाव हाम्रो जीवनका लागि सधैँ प्रेरणाको स्रोत बनेर रहने छ।

अन्ततः यी सबै सम्भनाहरू, साना-ठुला खुसीका क्षणहरू र उहाँहरूले दिइबक्सेका अमूल्य शिक्षा र माया हाम्रो हृदयमा सधैँ जीवित रहने छ। हामीले प्राप्त गरेका सम्पूर्ण माया र मार्गदर्शनका लागि हामी सधैँ सधैँ उहाँहरूको ऋणी रहिरहने छौँ। हाम्रा जीवनका प्रत्येक सफलता र खुसीका क्षणहरू उहाँहरूको चरणमा अर्पित श्रद्धा र कृतज्ञताका प्रतीक हुन्। यिनै स्मृतिहरूले हामीलाई अझ दायित्वपूर्ण, स्नेहसिक्त र आदर्शमय जीवन बिताउन प्रेरित गर्ने छन्।

# साथ र व्यस्तता

मुवा-बुबाको खोपी र हाम्रो खोपी एउटै तलामा थियो । यी खोपीहरूका अगाडि अलि ठुलो बाल्कोनी थियो जहाँ हामी प्रायः घाम ताप्दै आरामसँग बस्ने र गफगाफ गर्ने गर्थ्यौं । बुबा सधैं बिहान त्यहीँ राज भएर पत्रिका नजर गरिबक्सन्थ्यो । उहाँ आफ्नो नियमित डायरी पनि त्यहीँ राज भएर लेखिबक्सन्थ्यो । खोपी सँगसँगै भएकाले बुबासँग बातचित गर्ने मौका मैले बढी प्राप्त गर्दथें । कुनै कुनै बेला बुबा मलाई आफ्नो डायरीमा लेखिबक्सेको कुरा सुनाइबक्सन्थ्यो । 'रातो बाघ' का बारेमा पनि मलाई बुबाले यस्तै बेलामा बताइबक्सेको हो । 'रातो बाघ' नामक कृति जुन अहिले पाण्डुलिपिका अवस्थामा रहेको छ त्यसमा बुबाले आफ्नो सैनिक जीवनमा भोगिबक्सेको यथार्थ अनुशासन र कठोरताका साथै त्यहाँ विद्यमान अनियमिततालाई चिरफार गरिबक्सेको छ । यसलाई हामी निकट भविष्यमा नै पुस्तकाकारमा यहाँहरूसमक्ष प्रकाशित गर्ने वाचा गर्दछौं ।

बुबासँग म जति नजिक हुन्थें त्यति नै म बुबाको लगनशीलता, जोस र ऊर्जाप्रति नतमस्तक हुन्थें । आफ्नो खोपीमा हरेक बिहानको सुरुवात शारीरिक व्यायाम र छिटो छिटो हिँडाइ (ब्रिस्क वाक) बाट आरम्भ गरेर आफ्ना नित्य कर्महरू पूरा गर्दा कहिलेकाहीँ दिनको १-२ पनि बजिसकेको हुन्थ्यो । त्यसपछि बुबा लेख्ने र अध्ययन गर्ने कार्यमा जुटिबक्सन्थ्यो । हाम्रो घरमा देशभित्रबाट प्रकाशन हुने प्रमुख साहित्यिक पत्रिका तथा राष्ट्रिय दैनिकहरू सबै नै आउँथे । बुबा ती सबै सरसरती अध्ययन गरिबक्सन्थ्यो । कुनै पनि अखबर रातो मसीद्वारा

रेखाङ्कित नभएका देखिँदैनथे । यसबाट उहाँ सबै पढिबक्सन्थ्यो भन्ने पुष्टि हुन्थ्यो । बुबा बेला मौकामा हामीलाई लेखहरूको सार पनि सुनाइबक्सन्थ्यो । देश, काल, परिस्थितिबारे जान्न बुझ्न पनि हामी बुबालाई नै सोध्दथ्यौँ ।

बुबा सधैँ चिटिक्क परेर तयार होइबक्सने, घरमा पहिरिने वस्त्र पनि इस्त्री लगाएको हुनुपर्ने, प्रत्येक दुई हप्तामा केश मिलाउन नाई घरमा नै आउने, सधैँ सफा तरिकाले दारी काट्ने जसले गर्दा बुबा सधैँ स्मार्ट देखिबक्सन्थ्यो । बुबाको यो स्मार्टनेस र अनुशासन केवल बाहिरी रूपसँग मात्र सम्बन्धित थिएनन् बरु ती उहाँको व्यवस्थित सोच र आत्मानुशासनका प्रतिविम्ब थिए । त्यति मात्र होइन; बुबा मौसमको टिपोट एवम् जानकारी पनि राखिबक्सन्थ्यो । घाम-पानी, गर्मी-जाडो मौसमअनुसार आफ्ना पहिरन र दिनचर्या मिलाउने बानी थियो बुबाको । सधैँ आफ्ना हरेक सामानहरू निश्चित ठाउँमा राख्नुपर्छ ताकि खोजेका बेलामा सजिलै पाइयून् भन्ने सोच कडाइका साथ लागु गरिबक्सन्थ्यो । बुबा यतिसम्म अनुशासित होइबक्सन्थ्यो कि उहाँले प्रयोग गर्ने रुमालहरू पनि छुट्टाछुट्टै हुन्थे । मुहार पुछ्ने, हात पुछ्ने, गोडा पुछ्ने अनि शरीर पुछ्नेलगायत हरेक प्रयोजनका लागि फरक फरक रुमाल राखिबक्सन्थ्यो । यस्तै साना कुराप्रतिको सजगताले नै बुबाको व्यक्तित्वलाई अझ निखार दिएको थियो र अनुकरणीय बनाएको थियो ।

जागिरे जीवनबाट सेवानिवृत्त भएको पनि धेरै वर्ष बितिसकेका थिए तर बुबालाई फुर्सद भने पटक्कै हुँदैनथ्यो । बुबासँग कतै बाहिर जान मन लाग्दा कम्तीमा एक हप्ता पहिला नै बुबाको समयका लागि बिन्ती गर्नुपर्दथ्यो । हामी कम्तीमा महिनामा २-३ पटक बाहिर घुमफिर गर्न निस्कन्थ्यौँ । बुबा बाहिर जान गाह्रो मानिबक्सन्थ्यो तर गइसकेपछि असाध्यै रमाइबक्सन्थ्यो । बाटाभरि हामी बुबा-मुवाका रमाइला संवादहरू सुन्दथ्यौँ । कहिलेकाहीँ बुबा मुवालाई जिस्क्याइबक्सन्थ्यो र मुवाले पनि बुबालाई जवाफ दिइबक्सन्थ्यो । तर त्यो जिस्क्याइमा कुनै कटुता हुँदैनथ्यो, खालि वर्षौंदेखिको स्नेहले भरिएको आत्मीय सम्बन्धको अभिव्यक्ति मात्र हुन्थ्यो ।

सेवानिवृत्त जीवनमा पनि त्यति सक्रिय रहेर उद्देश्यपूर्ण र व्यवस्थित जीवनचर्या चलाउनु सामान्य कुरा थिएन । बुबाको व्यस्ततामा कुनै बाध्यता थिएन, त्यो त

जीवनप्रतिको उहाँको लगाव, जिम्मेवारी बोध र सक्रिय रहिरहने स्वभावको प्रतिविम्ब थियो । सायद यसै कारणले होला ! बुबाको जीवन सधैँ ऊर्जावान्, गतिशील र अर्थपूर्ण देखिन्थ्यो । मुवा जस्ती जीवनसँगिनी पाउनाले नै बुबाको जीवन यति सहज, अनुशासित र सार्थक हुन पुगेको जस्तो लाग्दछ । बुबाका लागि अनुकूल वातावरण मुवाले निर्माण गरिदिइबक्सन्थ्यो । हरेक परिस्थितिमा मुवाले बुबाको जीवनको ढाल बनेर उहाँलाई साथ, हौसला र स्थिरता प्रदान गरिबक्सन्थ्यो । मलाई लाग्छ– मुवाको त्याग, समझदारी र मौन शक्तिले बुबाको जीवनलाई सन्तुलित मात्र होइन, अझ अर्थपूर्ण बनाएको थियो । बुबाका हरेक उपलब्धि र अनुशासनका पछाडि मुवाको अविचल समर्थन सधैँ अडिग रूपमा उभिएको देखिन्थ्यो ।

# उत्तराधिकार जहाँ माया बग्छ पुस्तान्तरमा

सन् २००४ मा हाम्रो पहिलो सन्तानका रूपमा छोरीको जन्म भयो । हामीले उनको नाम भायलेट भनेर राख्यौँ । नातिनीको आगमनले परिवारमा अपार खुसी र उल्लास छायो । नातिनीको न्वारान पनि मुवा-बुबा स्वयम्ले गरिबक्स्यो । न्वारानको नामकरण गर्दा गुरुले 'ब' बाट नाम जुऱ्यो भनिबक्स्यो अनि मुवाले 'बिन्दु' राम्रो हुन्छ मर्जी भयो तर बुबालाई बिन्दुभन्दा 'विजया' अर्थपूर्ण लाग्यो र नातिनीको विजया नाम राखिबक्स्यो । आफ्नी सानी नातिनीलाई पहिलो चोटि आफ्ना बाहुलीमा स्नेहपूर्वक अँगाल्दै गर्वका साथ बुबाले मर्जी भयो "मेरो वंश" । बुबाका मुखारविन्दबाट त्यस्तो कुरा सुन्दा मेरो हृदय अगाध खुसी र गर्वले रसायो । आज पनि त्यो क्षण मेरा मन र स्मृतिमा ताजा छ । त्यो क्षण केवल बुबाको खुसीको अभिव्यक्ति मात्र थिएन, पुस्ताको निरन्तरता, प्रेमको उत्तराधिकार र जीवनको अगामी यात्राप्रति उहाँको गहिरो भावनाको प्रतिविम्ब थियो; प्रेम, आशा र भविष्यको प्रतीक थियो ।

बुबा जत्तिकै मुवाको मन पनि अत्यन्तै खुसी र कृतज्ञताले भरिएको थियो । त्यो खुसी शब्दमा होइन, अनुभूतिमा देखिन्थ्यो । उहाँहरूको एक मात्र पुत्रबाट जन्मिएकी पहिलो सन्तान हाम्री छोरी उहाँहरूका लागि केवल नातिनी मात्र होइन, जीवनको निरन्तरता थिइन्, अझ भनूँ पुस्तागत निरन्तरता थिइन् । त्यस दिनदेखि मुवा-बुबाको हरेक प्रार्थनामा, हरेक चिन्तामा र हरेक खुसीमा नातिनी स्वाभाविक रूपमा समेटिइन् । उनीसँगै उहाँहरूको जीवनमा नयाँ अर्थ, नयाँ माया र नयाँ

आशाले ठाउँ बनायो। मुवा-बुबाको संसारमा एउटा नयाँ केन्द्र थपियो उहाँहरूकी नातिनी 'विजया' अर्थात् 'भायलेट'।

छोरीको जन्मसँगै म केवल आमा मात्र बन्न सिकिनँ साथसाथै मैले आफ्ना मुवा-बुबाहरूलाई बुझ्न थालेँ। यही बुझाइका बिच मैले आफूभित्र यस्तो शक्ति भेट्टाएँ जसको बिउ उहाँहरूले वर्षौंअघि मभित्र रोपिबक्सेको रहेछ। निद्रा त्यागेर काख दिनु, थकान लुकाएर मुस्कुराउनु र आफ्ना चाहना, इच्छा र आवश्यकताभन्दा माथि सन्ततिलाई राख्नु- यो त उहाँहरूले सहजताका साथ जीवनभर अभ्यास गर्दै आइबक्सेको सत्य रहेछ। त्यही समयदेखि बुझ्न थालेँ, म परिवर्तन भएकी होइन, म सिर्फ आफू बन्न थालेकी रहिछु। आफ्नो स्वार्थभन्दा बाहिर सोच्न थाल्दै गएकी 'म' बाट मैले असीम धैर्य, नथाक्ने माया र कहिल्यै नसोचेको शक्ति भएकी 'म' आफूलाई पाउन थालेँ।

✿

# नातिनीका हजुरबुबा–मुवासँगको सामीप्य

दिनहरू महिनामा, महिनाहरू वर्षमा बदलिँदै गए । छोरी विद्यालय जान थालिन्, नातिनीको विद्यालयसँगै मुवा-बुबाको दिनचर्यामा पनि नयाँ जिम्मेवारी थपियो। हरेक दिन बिहान मुवा-बुबाको दिनचर्या थियो– आफ्नी नातिनी र मलाई बिदा गर्नु । मुवा प्रायः घरको पिँढीबाट अनि बुबा सधैँ मोटरसम्म सवारी भएर जस्तोसुकै व्यस्तता होस् वा जस्तोसुकै मौसम होस् उहाँहरूले त्यो दैनिकी कहिल्यै छुटाइबक्सेन । बुबा-मुवाको बिदाइले आत्मविश्वास जगाउँथ्यो । उहाँहरूको उपस्थितिले "तिमीहरू सुरक्षित छौ, हामी सधैँ तिमीहरूका लागि र तिमीहरूसँगै छौँ" भन्ने सन्देश दिन्थ्यो ।

म बुबालाई बिन्ती गर्दथेँ- "बुबा ! मेरो कार्यालयले मलाई छुट्टै मोटरको व्यवस्था गरेको छ, मलाई घरको मोटरको आवश्यकता पर्दैन ।" तर बुबा मर्जी हुन्थ्यो "आफ्नै मोटरमा जाऊ, सजिलो हुन्छ। कहिले कार्यालयबाट तिमीलाई कतै जान मन लाग्ला, आफ्ना मुवा-बुबालाई भेट्न जान मन लाग्ला, त्यसबेला सजिलो हुन्छ।" बुबा सधैँ हामीलाई आफ्नो मोटरमा पठाउन पाउँदा सुरक्षित र ढुक्क भएको महसुस गरिबक्सन्थ्यो। यतिसम्म कि कुनै बेला बुबा आफ्नो कामविशेषले बाहिर निस्कनुपर्ने समयसँग हाम्रो बिहान निस्कने र बेलुका घर फर्कने समय बाझियो भने बुबा आफू ट्याक्सीमा सवारी भएर हामीलाई विशेषतः नातिनीलाई आफ्नै मोटरमा स्कुल पठाइबक्सन्थ्यो । म सधैँ सोच्दछु– मोटर त एउटा बहाना मात्र

थियो, त्यो त उहाँको अपरिमित माया, ख्याल र जिम्मेवारीको सजीव अभिव्यक्ति थियो। यस्तो अपार मायाको अनुपम उदाहरण बिरलै पाइन्छ। आफ्नो परिवार र सन्तानप्रतिको जिम्मेवारी झल्काउने यस्ता घटनाका अनेकौँ शृङ्खलाहरू छन्; यो त केवल एउटा प्रतिनिधि उदाहरण मात्र हो।

# फरकफरक योग्यताको सुन्दर संयोजन

बुबा साँच्चिकै एक बहुआयामिक व्यक्तित्वका धनी होइबक्सन्थ्यो । उहाँ एकातिर नेपाली सेनाको उच्च ओहदामा रही कठोर अनुशासन, जिम्मेवारी र राष्ट्रसेवामा समर्पित व्यक्तित्व होइबक्सन्थ्यो भने अर्कातिर उहाँ सुकोमल हृदय भएका साहित्यप्रेमी स्रष्टा पनि होइबक्सन्थ्यो । बाहिरबाट हेर्दा सेना र साहित्यस्रष्टा दुई बिलकुलै विपरीत संसार जस्ता लाग्छन् तर उहाँका जीवनमा यी दुवै धारहरू अद्भुत सन्तुलनका साथ एकआपसमा मिसिएका थिए । सेनामा रहँदा उहाँ अनुशासन, निष्ठा र कर्तव्यको प्रतीक होइबक्सन्थ्यो । तर जब उहाँ कलम चलाइबक्सन्थ्यो त्यतिखेर सैनिक अधिकारी नभई स्रष्टाका रूपमा रूपान्तरित भइबक्सन्थ्यो । उहाँका रचनाहरू पढ्दा जीवनका अनुभूति, समाजप्रतिको चिन्ता, मानवीय संवेदना र गहिरो दर्शन प्रस्ट रूपमा झल्के झैँ लाग्छ । उहाँका रचनाहरूको सँगालो 'यज्ञरचनावली' यसको ज्वलन्त उदाहरण हो । निबन्ध, प्रबन्ध, कविता र पत्रहरूको सँगालो 'यज्ञरचनावली' ले नेपाली साहित्यका उपासकहरूमाझ उहाँलाई पनि एक प्रतिभासम्पन्न साहित्यकारका रूपमा स्थापित गरेको छ । कठोर सैन्य तालिम र आदेशका घेरामा रहँदा पनि उहाँले आफ्नो हृदयको कोमलता कहिल्यै कम हुन दिइबक्सेन भन्ने कुरा उहाँका सृजनाहरूबाट उजागर हुन्छ । यिनै फरक-फरक व्यक्तित्व र योग्यताको संयोजनले बुबाको व्यक्तित्व विशिष्ट बन्न पुगेको रहेछ । सेनाको पोसाक र साहित्यिक चेत एउटै व्यक्तित्वमा समेटिन सक्छन् भन्ने उदाहरण बुबा स्वयम् होइबक्सन्थ्यो । उहाँको यस्तो बहुआयामिक

व्यक्तित्वमा फेला पर्ने सिर्जनशीलता र कर्तव्यनिष्ठाले हामी सबैलाई जीवनभर प्रेरित र मार्गदर्शन गरिरहने छन् ।

सैन्य सेवा र साहित्य सेवाका क्षेत्रमा मात्र नभई जीवनका हरेक भूमिकामा उहाँ हामी सबैका लागि प्रेरणादायी उत्कृष्ट उदाहरण होइबक्सन्थ्यो । उहाँ असल, बेदाग, निष्ठावान्, कर्तव्यपरायण मात्र नभई बिरलै भेटिने पितृभक्त पुत्र होइबक्सन्थ्यो । पितृ-ऋण तिरेर तिरिने विषय पनि होइन । तथापि उहाँको असीम पितृभक्ति र प्रेमका कारण आफ्ना पिता झपटबहादुर राणाका थुप्रै साहित्यिक कृति तथा रचनाहरू पुस्तकाकारमा प्रकाशित भए । वास्तवमा आफ्ना पिताका सृजनाहरूको खोजतलास गर्ने कार्यमा समर्पित भएर उहाँको सिर्जनात्मक योगदानलाई इतिहासबद्ध गर्ने कार्यको श्रेय बुबालाई नै छ । आफ्ना पिता झपटले छाडेर गएका पाण्डुलिपिहरूलाई बटुलबाटुल गरी नेपाली भाषा-साहित्यका विद्वान्-विदुषीहरूका सहयोगबाट सम्पादन एवम् प्रकाशन गराई उहाँलाई अमर बनाइबक्स्यो । त्यति मात्र नभई २०३७ सालमा आफ्ना दिवङ्गत पिता झपटबहादुर राणाका पुण्य स्मृतिमा झपट पुरस्कारको स्थापना गरिबक्स्यो जुन आजपर्यन्त निरन्तर सञ्चालनमा रहेको छ । उहाँको साहित्यप्रतिको अनुराग यति गहिरो थियो कि म त्यसलाई शब्दमा व्यक्त गर्न असमर्थ छु । साहित्यप्रतिको आस्था बुबाको नसा नसामा थियो । पुस्तकहरू पढ्ने, सङ्कलन गर्ने, बाँड्ने, प्रकाशन गर्ने र साहित्यकारहरूसँग सत्सङ्ग, भेला तथा गोष्ठीहरू गर्ने कार्य उहाँको नियमित चर्या नै थियो ।

साहित्यसेवालाई निस्तरता दिन आफ्ना आफ्ना सासू-सुसुरा सैनध्वज खड्का र नन्दकुमारी खड्काका स्मृतिमा २०३८ सालमा ‘सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति’ स्थापना गरिबक्स्यो । यसरी आफ्ना माता-पिताका साथसाथै आफ्ना सासू-ससुरालाई पनि सदाका लागि जीवित राख्ने कार्य बुबा-मुवाबाट भयो । यी दुई पुरस्कारका माध्यमबाट लुकेका प्रतिभाहरूलाई प्रकाशमा ल्याई समाजसमक्ष प्रस्तुत गर्दै नेपाली भाषासाहित्यको सेवा गर्ने महान् कार्य बुवाले आजीवन गरिबक्स्यो ।

बुबा एक आदर्श पुत्र एवम् कर्तव्यनिष्ठ राष्ट्रसेवक त होइबक्सन्थ्यो नै, साथै उहाँ एक प्रेमिल पिता जो आफ्ना सन्तानलाई गर्व र मायाले अँगालिबक्सन्थ्यो, एक आदर्श जुवाइँ जसले आफ्ना सासू-ससुराप्रति अगाध स्नेह, आत्मीयता र

सम्मान व्यक्त गरिबक्सन्थ्यो अनि एक प्रिय हजुरबुबा जसको न्यानो हृदयमा नाति-नातिनीहरूले स्वच्छ संसार र भविष्यको उज्यालो पाउँथे। उहाँ कहिल्यै विचलित नहुने र हरेक प्राप्तिलाई हृदयङ्गम गर्ने स्वभावको होइबक्सन्थ्यो। उहाँको व्यक्तित्व र जीवनले मलाई मान्छेको महानता पद वा सम्पत्तिमा होइन; परिवारप्रतिको प्रेम, आदर, जिम्मेवारीका साथै समाज तथा राष्ट्रप्रतिको कर्तव्यमा निहित हुन्छ भन्ने ज्ञानको आलोक प्रवाहित गरिरहन्छ।

# मुवाको सौन्दर्यप्रतिको शैली र आकर्षण

जब मुवालाई सम्झन्छु, मन स्वतः उहाँको अनुपम सौन्दर्य, चम्किलो मुस्कान र आत्मविश्वासले भरिएको व्यक्तित्वप्रति आकृष्ट हुन्छ भन्ने लाग्छ । मुवा केवल सुन्दरी मात्र होइन, उहाँले भव्यता र शालीनताका साथ जीवन जिउने कला सिकिबक्सेको थियो । उहाँका मुहारमा एक रहस्यमय आकर्षण थियो र मुस्कानमा जादु ।

मुवा केवल बाह्य रूपमा मात्र सुन्दरी होइन चालचलन, आत्मविश्वास, शालीनता र सहजता नै उहाँका असली सौन्दर्यका पाटाहरू थिए । ससाना कुरामा पनि मुवामा पूर्णता देखिन्थ्यो । म सम्झन्छु- जस्तोसुकै व्यस्तता होस्, मुवा आफ्ना सानासाना हेरचाहका कार्यहरूमा पनि प्रेम र निखार मिसाइबक्सन्थ्यो । बेला बेलामा नियमित रूपमा नङ सफा र फाइल गराउने, केशलाई प्राकृतिक (कालो) सुन्दरतामा राख्ने लगायतका कार्यहरू बडो ध्यान र प्रेमपूर्वक गराइबक्सन्थ्यो । मुवाका नङहरू सदा चटक्क मिलेका र रङ्गीन हुन्थे, उहाँको मुहार सदा शृङ्गारयुक्त हुन्थ्यो । यी सबैले उहाँको आत्मसम्मान र सौन्दर्यप्रतिको जागरुकता प्रदर्शन गर्दथे ।

मुवाको पोसाक र शैलीप्रतिको लगाव पनि अनुपम थियो । उहाँ सधैँ सारीमा सजीव र आकर्षक नजर हुन्थ्यो । गुलाबी रङ उहाँको सबैभन्दा प्रिय रङ थियो तर रातो, सुन्तला र अन्य उज्याला रङहरूमा पनि उहाँको आकर्षण झल्कन्थ्यो । मुवा आफ्नो पोसाक र शैलीप्रति विशेष संवेदनशील रहिबक्सन्थ्यो- सारीको रङ, डिजाइन, गहना र शृङ्गार सबै पक्षमा सतर्क रहिबक्सन्थ्यो । उहाँको हरेक प्रस्तुति

सधैँ शालीन, आकर्षक र आत्मविश्वासी देखिन्थे जसले उहाँको व्यक्तित्वलाई अझ उज्यालो पार्थ्यो । सानासाना कुरामा यस्तो मेहनत र ध्यान केवल भौतिक सौन्दर्यका लागि मात्र थिएन । मुवा यसका माध्यमबाट आफ्नो आत्मसम्मान, गर्व र जीवनप्रतिको प्रेम व्यक्त गरिबक्सन्थ्यो । उहाँको सतत प्रयास र ध्यानले उहाँलाई परिवारमा अद्वितीय बनाउँथ्यो ।

म विश्वास गर्छु, हरेक व्यक्ति आफ्नै तरिकाले सुन्दर हुन्छन् तर मुवा आफ्नो परिवारमा अनुपम सुन्दरी होइबक्सन्थ्यो । उहाँको सौन्दर्य, शालीनता, शैली र मेहनत हाम्रो परिवारमा अमूल्य रत्नका रूपमा झल्किन्थे ।

आज पनि जब म मुवालाई सम्झन्छु– उहाँ जीवनका हरेक क्षणमा भव्यता, आत्मसम्मान र सहजता लिएर प्रस्तुत होइबक्सन्थ्यो । उहाँको अनुहारको प्रकाश, चालको लय, मुस्कानको जादु र ससाना व्यवहारमा देखिने सतत प्रयासले हामी सबैलाई मोहित बनाइरहन्थे ।

अन्ततः मुवा हाम्रो परिवारमा केवल सौन्दर्यको प्रतीक मात्र नभई आत्मसम्मान, शालीनता, शैली र सतत प्रयासको प्रतिमूर्ति होइबक्सन्थ्यो । उहाँले जीवनका हरेक सानाठुला क्षणहरूमा आफैलाई सुन्दर राख्न जुन मेहनत गरिबक्सेको थियो त्यसले हामीलाई पनि सधैँ आत्मविश्वास, सम्मान र सहजता कायम राख्न प्रेरित गरिरहन्छ । मुवा साँच्चै हाम्रो परिवारकी अमूल्य एवम् अनुपम रत्न होइबक्सन्थ्यो र उहाँको सौन्दर्य, शैली, मेहनत र जादुमय मुस्कान हाम्रा हृदयमा सधैँ उज्यालो बनेर रहिरहने छ ।

# सम्धी–सम्धिनी : रगतभन्दा परको आत्मीयता

बुबा-मुवा आफ्ना सबै सम्धी-सम्धिनीहरूप्रति अपार आदर-स्नेह गरिबक्सन्थ्यो । उहाँहरूको व्यवहारले 'सम्धी' शब्दको साँचो अर्थ जीवनका सबै महत्त्वपूर्ण पक्षहरूमा हामी बराबर हौँ भन्ने देखाउँथ्यो । उहाँहरूका दृष्टिमा सम्बन्धको परिभाषा रगतभन्दा पर थियो । बुबा-मुवाको जीवनदर्शन नै के थियो भने सम्बन्धको गहिराइ रगतले मात्र बाँधिँदैन, पारस्परिक सद्भाव र मनको निकटताले नै त्यसलाई साँचो अर्थ दिन्छ। यही विश्वास उहाँहरूको व्यवहारमा स्पष्ट झल्किन्थ्यो। जब मेरो माइतका बुबा-मुवा दर्शनार्थ बानेश्वर सवारी होइबक्सन्थ्यो तब उहाँहरूले सम्धी-सम्धिनीलाई आफ्नै परिवारको हिस्सास्वरूप अत्यन्त आत्मीयभावले स्वागत गरिबक्सन्थ्यो । उहाँहरूले मेरा माइतका बुबा-मुवाप्रति देखाएको आत्मीयता, सम्मान र न्यानोपन औपचारिकतामा मात्र सीमित थिएन, त्यो साँचो अर्थमा अपनत्वको प्रतिविम्ब थियो ।

चितवनको मेरो माइतीघरका बुबा-मुवासँग घरका बुबा-मुवाले सँगै बिताइबक्सेका पलहरू मेरा स्मृतिमा अझै ताजा छन् । सम्धी-सम्धिनीका रूपमा उहाँहरूले एकअर्कासँग गरिबक्सेका आत्मीय कुराकानी, हाँसोठट्टा, बगैँचामा सँगै टहलिँदा बिताएका ती साधारण तर अविस्मरणीय पलहरू सम्झँदा मेरो मन भावविभोर हुन्छ। त्यही समयको एउटा सम्झना जुन मेरा माइतका बुबाले घरका बुबा-मुवालाई साझा गरिबक्स्यो– त्यो मेरो हृदयमा अमिट भएर बसेको छ। मेरा माइतका बुबाले हाँस्दै मर्जी भयो, "हजुर ! जब छोरीको विवाहको प्रस्ताव आयो

र नातागोता आफन्तसम्म पुग्यो, राणा भन्नेबित्तिकै छोरीलाई राणापरिवारमा पठाउन हुन्छ र हुन्न भन्नेहरूका बिच चर्काचर्की नै पऱ्यो । अन्ततः मैले भनिदिएँ - दिएर हेरौँ, राम्रो भए अति उत्तम भयो, नभए आफ्नी छोरी आफ्नै जन्मघर आउँछे ।" मलाई जन्म दिने बुबाको यो वाक्य सदा मेरा हृदय र मनमस्तिष्कमा सुरिलो गीत झैँ गुन्जिन्छ । उहाँको त्यस्तो न्यानोपन र साँचो मायाले मेरो जीवन सदा उत्साहपूर्ण बनिरहन्छ किनभने मेरा बुबाका यी शब्दहरू केवल आफन्तलाई दिएका उत्तर मात्र थिएनन्; यी प्रत्येक शब्दहरू आफ्नी छोरीप्रति प्रेम, विश्वास र स्वतन्त्रताका कवच थिए । मलाई जन्म दिने बुबाका दृष्टिमा विवाहको मूल्य समाजद्वारा स्थापित धारणा होइन, बरु छोरीको सर्वोपरि खुसी हो र हरेक पिता-माताको सन्तानप्रति साँचो अभिभावकत्व भनेको सदा छोरीलाई पनि स्वतन्त्रता र सम्मानसहित सुरक्षित आश्रयको प्रत्याभूति गराउनु हो ।

मेरा माइतका बुबा त्यस जमानाका व्यक्ति होइबक्सन्थ्यो तर उहाँका विचार, भावना र दृष्टिकोण भने अत्यन्तै उदार थिए । समाजका आवाजहरू उहाँको निर्णयका आधार कहिल्यै बनेनन् । छोरीको खुसी नै उहाँको एक मात्र चिन्ता र प्राथमिकता रहिरहे । अधिकांश अभिभावकहरूले आफ्ना छोरीहरूको विवाह गरिदिन हतार गर्छन् र जस्तोसुकै परिस्थितिमा पनि छोरीले 'घर खाएर बस्नैपर्ने' हुकुम गर्छन् । तर मेरा माइतका बुबाले फरक सोच र संस्कार राखिबक्सन्थ्यो । उहाँ करुणा र प्रेमले ओतप्रोत, प्रेमिल हृदय भएका, ज्ञानी र सुसंस्कृत पिता होइबक्सन्थ्यो जसले सधैँ आफ्ना सन्तानको खुसी नै सर्वोपरि देखिबक्सन्थ्यो ।

सायद यिनै गुणहरूको समीकरणले पनि होला ! सम्धी-सम्धिनीबिच घनिष्ठता र आत्मीयता भएको । यता घरमा बुबाले पनि आफ्ना सबै छोरीहरूलाई उच्च शिक्षा (मास्टर्स डिग्री) पूरा नगरेसम्म विवाह गरिदिबक्सेन । हरेक पक्षबाट आफ्ना सन्तानहरू सक्षम हुनुपर्दछ भन्ने कुरामा बुबाको सधैँ विशेष जोड रहन्थ्यो ।

सम्धी-सम्धी अर्थात् बुबाहरू मात्र होइन, सम्धिनीहरू (मुवाहरू) बिच पनि अत्यन्तै प्रगाढ आत्मीयता थियो । घरकी मुवालाई माइतकी मुवाबाट विभिन्न अवसरहरूमा पठाइबक्सने सौगातहरू जुन प्रायः साधारण नै हुन्थे तर उहाँले अत्यन्तै खुसी र कृतज्ञताका साथ ग्रहण गरिबक्सन्थ्यो । घरकी मुवाले माइतकी मुवाप्रति

देखाइबक्सेका प्रेम, विनम्रता र सम्मान अनमोल थिए। जीवनका अन्तिम घडीहरूमा पनि मुवाले मेरो माइतकी मुवाको प्रेम र न्यानोपन बडो स्नेहले सम्झिबक्सन्थ्यो।

बुबाको स्वर्गारोहणपछि पनि बेला बेला हामी मुवाका साथमा माइतका बुबा-मुवासँग स्नेह-मिलनका लागि चितवन गयौँ। मुवालाई यहाँको वातावरण, मौसम, खानपिन धेरै फाप्थ्यो। त्यस्तै देशभित्रका विभिन्न स्थानहरूबाहेक हामी छिमेकी मुलुक भारतका विभिन्न ठाउँहरू घुमफिर गर्न तथा मुवाको स्वास्थ्य उपचारका लागि पनि गयौँ। एकपटक अलि लामै यात्रामा हामी भारतका विभिन्न सहरहरू माइतका बुबा-मुवा तथा घरकी मुवासँगै गयौँ। त्यो यात्रा अन्य सबै यात्राहरूभन्दा फरक र विशेष किसिमको थियो किनभने यस यात्रामा मुवाले सधैँ आफूले कामना गरेका कुरा देवपितृबाट पूर्ण भएको मलाई बताइबक्सन्थ्यो।

हामी कोयम्बटुरको नौ दिनको बसाइपछि मैसुर गयौँ जुन यात्रा मुवाका लागि विशेष अर्थपूर्ण एवम् जीवनभर सम्झिरहने यात्रा बन्यो। मैसुर पुगेर हामी चामुण्डा भगवतीको दर्शनार्थ मन्दिर गयौँ। मन्दिर परिसर लामबद्ध दर्शनार्थीहरूको भिडले भरिएको थियो। त्यसैले बुबा-मुवाहरूको स्वास्थ्य अवस्थालाई विचार गरेर हामीले अतिरिक्त शुल्क तिरी दर्शन गर्ने व्यवस्था मिलायौँ। मन्दिरभित्र पाइला टेक्नेबित्तिकै हामी सब परिवारलाई भव्य स्वागत प्राप्त भयो, मानौँ चामुण्डा भगवती हामीसँग अत्यन्तै खुसी होइबक्सन्थ्यो। बुबा-मुवाहरूका लागि यस्तो पवित्र अवसर जुटाउन सकेकामा मेरो हृदय कृतज्ञता र गर्वले भरिएको थियो।

मुवा मन्दिरभित्र करिब एक घण्टासम्म निश्चल राज होइबक्स्यो। पूर्ण श्रद्धा, एकाग्रता र भक्तिभावका साथ उहाँले मन्त्र जप गरिबक्स्यो। सोही अवसरमा उहाँले मलाई बताइबक्स्यो-"रेखा ! म पन्ध्र वर्षको उमेरदेखि निरन्तर चामुण्डा भगवतीको मन्त्र जप गर्दै आएकी छु। यो मन्त्र म विवाह भएर आएको दोस्रो दिन हाम्रा कुलगुरुले दिइबक्सेको हो।" राणाकुलकी इष्टदेवीका रूपमा पूजित चामुण्डा भगवतीप्रति मुवाको श्रद्धा अत्यन्त गहिरो थियो। मन्दिरको प्राङ्गणभित्र चामुण्डा देवीका सामुन्ने बसेर आफ्ना इष्टदेवीको मन्त्र जप्न पाउँदा मुवा हर्षले विभोर भइबक्सेको कुरा मलाई अहिले जस्तो लाग्छ। गुलाफी सिफनको साडी (उहाँको सबभन्दा मन पर्ने रङ) मा सज्जित मुवालाई चामुण्डाका पुजारीले

रजनीगन्धा जडित गुलाफको माला भगवतीको प्रसादस्वरूप पहिराइदिँदा देवीभन्दा कुनै कम देखिबक्सेको थिएन । चामुण्डा भगवतीका सान्निध्यमा बिताएको त्यो समय मुवाका लागि मात्र होइन, मेरो र हामी सम्पूर्ण परिवारका लागि पनि अत्यन्तै पवित्र र सुखदायी अनुभूति बन्यो । मुवाका मुखारविन्दबाट निसृत "रेखा ! तिमीले मलाई ठुलो खुसी दियौ । म सधैँ तिमीलाई आशीर्वाद दिइरहने छु । तिमीलाई मुरी मुरी धन्यवाद !" यी शब्दहरू आज पनि मेरा मनमा गुन्जिरहन्छन् । उहाँका यी आशीर्वादहरू सधैँभरि मेरा अन्तश्चेतनामा आस्थाका कवच बनेर रहने छन् ।

समग्रमा हाम्रो त्यो यात्रा अत्यन्तै सुन्दर र सुखद रह्यो । बैङ्गलोर, भेलोर, पुट्टपर्ती, कोयम्बटुर, मैसुर, दिल्ली जहाँ जहाँ हामी पुग्यौँ त्यहाँ त्यहाँ न्यानो सम्झना र आत्मीय क्षणहरू बुनिँदै गए । यात्रामा मुवाहरू एकअर्कासँग अझ धेरै नजिक एवम् आत्मीय भइबक्स्यो । घुमफिर गर्न निस्कँदा मुवाले सधैँ मेरी माइतकी मुवाको हात समाइबक्सन्थ्यो, दुई असल मित्रजस्ता । म सधैँ सम्झन्छु, मुवाले मेरी माइतकी मुवासँग मर्जी भएको, "हजुर ! हामी त दिदी-बहिनी पहिला अनि मात्र सम्धिनी ।" माइतकी मुवा बाहिर हिँडडुल गर्दा खानपिनका विषयमा अलिक अप्ठ्यारी, हतपत जिउनार नहुने, शाकाहारी भएका कारणले पनि होला अलि अप्ठ्यारो मानिबक्सन्थ्यो । त्यस्तो देख्दा मुवा माइतकी मुवाको ख्याल गरिबक्सन्थ्यो र सम्झाउँदै मर्जी हुन्थ्यो "बाहिर भनेको त समुद्र हो, हजुर ! मनमा केही नराखी जिउनार होस्, कमजोर भइबक्सन्छ नत्र !" यस्ता सानासाना तर वास्तवमा गहिरा भावनाहरू- सबैको ख्याल राख्ने, चिन्ताफिक्री गर्ने बानीले मुवाको मनको विशालता झल्कन्थ्यो । मुवाबाट मैले सम्बन्धहरू कसरी गहिरो बनाउने, मनहरू एकआपसमा कसरी बलियोसँग जोड्ने र जीवन सहज बनाउने जस्ता व्यवहारका कला सधैँ प्राप्त गरि नै रहेँ ।

ती सबै यात्राहरू मेरो जीवनका बहुमूल्य पुँजी भए जसले मलाई के ज्ञान दिए भने स्थानहरू बदलिन्छन् तर ती यात्रामा बाँधिएका मन तथा हृदयका नाताहरू जीवनभर साथमै रहिरहन्छन् किनभने ती यात्राहरूको अन्त्य गन्तव्यमा होइन, हृदयहरूबिचको गहिरो नातामा टुङ्गिन्छ ।

# बर्दीभित्रको बिरासत : राष्ट्रसेवाको अखण्डयात्रा

कुनै पनि जीवन केवल व्यक्तिगत उपलब्धिको कथा मात्र हुँदैन, त्यो इतिहासको निरन्तरता पनि हो। बुबाको जीवन पनि त्यस्तै एउटा प्रवाह हो; जहाँ वंश, कर्म र मूल्य एकसाथ मिलेर प्रज्वलित हुन्छन्।

बुबाको वंशपरम्परा नेपालको इतिहासको एक महत्त्वपूर्ण अध्यायसँग गाँसिएको छ। त्यसको प्रारम्भिक कडी जोडिन्छ अठारौँ-उन्नाइसौँ शताब्दीका प्रभावशाली व्यक्तित्व काजी बालनरसिंह कुँवरसँग जसले तत्कालीन दरबारको राजनीतिक परिवेशमा आफ्नो छुट्टै प्रभाव छोडिबक्सेको थियो।

काजी बालनरसिंह कुँवरका सुपुत्रहरूमध्येका जेठा जनरल भक्तवीर राणा होइबक्सन्थ्यो जो सैनिक नेतृत्वका दृष्टिले दृढ, अनुशासित र प्रभावशाली व्यक्तित्वका रूपमा चिनिइबक्सन्थ्यो। उहाँकै परिवारबाट पछि प्रभावशाली प्रधानमन्त्री तथा सेनानायक जङ्गबहादुर राणा (भक्तवीरका माइला भाइ) को उदय भयो। यसरी बालनरसिंहको वंश दरबारको शक्ति संरचनासँग मात्र होइन राज्यव्यवस्थाको सञ्चालन, सैनिक संरचनाको निर्माण र नेतृत्वसँग पनि गहिरो गरी गाँसिएको थियो। तर इतिहास एउटा युगको सीमामा मात्र बाँधिँदैन। साँचो बिरासत त्यही हो जुन पुस्तौँसम्म जीवित रहन्छ। बालनरसिंहका छोरा जनरल भक्तवीरबाट सुरु भएको सैन्य सेवाको यो परम्परा मकरध्वजसम्म आइपुग्यो। मकरध्वजबाट भैरवबहादुरमा हस्तान्तरण भयो। भैरवबहादुरबाट झपटबहादुरमा पनि यो परम्परा सऱ्यो र झपटबहादुरबाट बुबा यज्ञविक्रममा पनि यो चेतनाको पुस्तान्तरण भयो।

यी नामहरू केवल पारिवारिक वंशावलीका बिन्दुमात्र होइनन्; यी त इतिहासका निरन्तरता हुन्, राज्यका जीवन्त पक्षहरू हुन् । हाम्रो वंशमा हरेक पुस्ताले आफ्नो समयका चुनौतीहरू सामना गरिबक्स्यो । कसैले दरबारको उतार-चढाव नजर गरिबक्स्यो, कसैले शासन परिवर्तनको युग भोगिबक्स्यो र कोही आधुनिक नेपालको निर्माणकालको साक्षी पनि रहिबक्स्यो । समय बदलिँदै गयो । राणाशासनको उत्कर्ष र अवसान भयो, राजनीतिक व्यवस्थाहरू फेरिए अनि देश नयाँ दिशातर्फ अगि बढ्यो ।

यस परिवारमा राष्ट्रसेवाको भावना कहिल्यै क्षीण भएन किनभने यहाँ सैनिक अनुशासन केवल पेसा थिएन- त्यो त जीवनपद्धति थियो । देशप्रतिको निष्ठा र कर्तव्य मात्र थिएन, त्यो संस्कार थियो । पुस्तौँदेखि पछिल्लो पुस्तासम्म यो मूल्य हस्तान्तरण हुँदै आयो र अन्ततः बुबाको व्यक्तित्वमा त्यसले आधुनिक र परिष्कृत स्वरूप पायो । एउटै परिवारका सदस्यहरू विभिन्न कालखण्डमा राष्ट्रको सुरक्षामा उभिनु संयोग मात्र होइन; यो इतिहाससँगको जीवन्त सम्बन्ध हो र नियतिले सुम्पेको जिम्मेवारी पनि हो ।

इतिहासले केवल नाम दिन्छ तर पहिचान भने कर्मले निर्माण गर्छ । बुबाले इतिहासका छायाँमा आफूलाई हराइबक्सेन; बरु इतिहासलाई सम्मान गर्दै आफ्नै कर्मले नयाँ अध्याय लेखिबक्स्यो । त्यसैले बुबाको जीवन बुझ्नका लागि इतिहासको मूल जरा बुझ्नैपर्छ किनभने त्यो जरा गहिरो छ, बलियो छ र आज पनि जीवित छ ।

२००७ सालमा बुबा लेफ्टिनेन्ट पदबाट सेवामा प्रवेश गरिबक्सेको थियो । यो केवल जागिर मात्र थिएन, यो त जीवनलाई राष्ट्रका नाममा समर्पण गर्ने निर्णय थियो बुबाको ।

लेफ्टिनेन्ट पदबाट सुरु भएको बुबाको सैन्य सेवायात्रा जिम्मेवारीको शिखरतर्फ उक्लिँदै गयो । नेपाली सेनाभित्र उहाँको योगदान प्रशासनिक पदमा मात्र सीमित रहेन । बुबा जहाँ जहाँ पदस्थापन भइबक्स्यो त्यहाँ त्यहाँ विकासको पदचाप छोड्ने अवसर पाइबक्स्यो । सैन्य सेवामा इन्जिनियर अधिकृतका रूपमा बुबाको सोच फरक थियो । उहाँ माटो, ढुङ्गा, बालुवा र फलामलाई केवल निर्माणसामग्रीका रूपमा मात्र नजर गर्नुभन्दा तिनीहरूमा प्रचुर सम्भावना देखिबक्सन्थ्यो ।

देशका दुर्गम भेगहरूमा पहाड फुटाएर बाटो/सडक निर्माण गर्नु केवल प्राविधिक काम थिएन त्यो साहस र धैर्यको परीक्षा थियो । सेनाका आवासीय भवनहरू, ब्यारेकहरू, प्रशासनिक संरचनाहरू सबैमा उहाँको परिश्रम, दृष्टि र छाप रहेको छ । उहाँका लागि प्रत्येक सडक यातायातको माध्यम मात्र थिएनन् ती राष्ट्रलाई जोड्ने धमनीहरू थिए। प्रत्येक घर तथा ब्यारेक केवल इँटा, सिमेन्ट मात्र थिएनन् ती सैनिक सुरक्षाका आश्रय थिए। उहाँको सेवाकालमा निर्माण गरिएका संरचनाहरू आज पनि धरोहरका रूपमा उभिएका छन्, मौन साक्षी बनेर उहाँको निष्ठाको कथा सुनाउँदै ।

बुबाले आफ्नो ३९ वर्ष लामो अविच्छिन्न सैन्य सेवामा गरेका असङ्ख्य कामहरूमध्ये योजना प्रमुख भई गरिबक्सेका केही रणनीतिक निर्माणकार्यहरू हुन् : भीमफेदी-अमलेखगन्ज सडक निर्माण, जितपुर-ककनी मोटरबाटो निर्माण, भैँसेपाटी-नगरकोट सडक एलाइनमेन्ट तथा निर्माण, कान्ति राजपथ (टीकाभैरव-हेटौँडा सडक) निर्माण, लामोसाँघु-बाह्रबिसे सडक मर्मत तथा निर्माण, वीरेन्द्र अस्पताल (पोस्ट एक्सिडेन्ट सेन्टर) निर्माण, राजदरबारभित्रका शाही रक्षक वाहिनी तथा गणहरूको निर्माण, त्रिशूली सोमदाङ सडक निर्माण, सार्क सेक्रेटेरियट उद्घाटनका लागि मण्डप निर्माण, शाही नेपाली सेनाका लागि अधिराज्यभर ब्यारेक निर्माण र मर्मत, गौचर एयरफिल्डको मर्मत, कोदारी-मितेरी साँघुनेर ब्यारेक भवनको डिजाइन तथा निर्माण, ठोरीमा सेवा प्रमुखको ब्यारेक निर्माण आदि ।

यीबाहेक बुबाको सक्रियता एवम् संलग्नता रहेका विभिन्न क्षेत्रहरू यसप्रकार छन् : श्री ५ युवराजाधिराज सरकारको शुभ-उपनयनको मण्डप निर्माण, श्री शाहज्यादा पारस सरकारको शुभ-उपनयनको मण्डप निर्माण, श्री ५ अधिराजकुमारी शारदा, शान्ति र शोभाका शुभ-विवाहको मण्डप निर्माण तथा राजपरिवारका अन्य सदस्यहरूको शुभ-विवाहको मण्डप निर्माण, रोयल एयर फ्लाइट सञ्चालन गर्ने प्रशासकीय प्रमुख, पशुपति विकास कोष कार्यकारिणी समितिका सदस्य, श्री ५ रत्नराज्यलक्ष्मीदेवी माध्यमिक विद्यालय सञ्चालक समितिमा २०२० सालदेखि अविच्छिन्न रूपमा अध्यक्ष, सो अवधिमा विद्यालयबाट एस.एल.सी. परीक्षामा बोर्ड फस्ट निकाल्न सफल र विद्यालयका सम्पूर्ण क्षेत्रमा उल्लेखनीय प्रगति हासिल

भएको, ३० वर्षको सैन्यसेवा अवधिमा हरेक वर्ष स्यान्डर्हस्ट र आई.एम.ए. का साथै अधिकृत क्याडेटहरूको परीक्षाका लागि प्रश्नपत्र निर्माण गर्ने र उत्तर-पुस्तिका परीक्षण गर्ने काम अविच्छिन्न रूपमा गरेको, डाक्टर र इन्जिनियरहरू छनोट गर्नका लागि लोकसेवा आयोगको अध्यक्षतामा भएका प्रवर समितिहरूमा लामो समयसम्म संलग्न भई काम गरेको, शाही नेपाली जङ्गी अड्डामा परिआएका अवस्थामा विविध कोर्ट अफ इन्क्वायरीमा पटक पटक अध्यक्ष भई काम गरेको, डी.एम.ओ. मा चीनियाँ भाषासम्बन्धी काम, भारतीय तथा अन्य मिसनहरू आउँदा अङ्ग्रेजी र नेपाली भाषामा आवश्यकतानुसार अनुवाद तथा अङ्ग्रेजी र नेपाली भाषामा समारोहहरूका लागि लेख तथा भाषणहरू तयार गरेको, बाढीपीडित उद्धार समितिमा शाही नेपाली सेनाबाट टेक्निकल एडभाइजर भई काम गरेको, महारानी एलिजाबेथ द्वितीय नेपाल आउँदा टुँडिखेलमा स्वागतमण्डप निर्माण गरेको, स्व. श्री ५ महेन्द्रबाट प्यारा स्कुल स्थापना गर्ने हुकुम भएअनुसार प्यारा स्कुल स्थापना गर्ने सम्पूर्ण कार्य सम्पन्न गरेको आदि ।

माथि उल्लेख भएका कार्यहरू बुबाको सेवाअवधिका केही प्रतिनिधि उपलब्धिहरू मात्र हुन् । कागजमा लेखिएका योजना, निर्माण भएका संरचना र पूरा भएका परियोजनाहरूभन्दा उहाँको योगदान धेरै व्यापक थियो किनभने जे देखियो त्यो परिणाम थियो, जे देखिएन त्यो समर्पण थियो । बुबा केवल निर्माण सम्पन्न गर्ने अधिकृत मात्र होइबक्सन्नथ्यो, उहाँ कठिन परिस्थितिमा पनि समाधान खोज्ने व्यक्तित्व होइबक्सन्थ्यो । सीमित स्रोत, जटिल भूगोल र बदलिँदो प्रशासनिक संरचनाबिच पनि उहाँले आफ्नो दायित्व कहिल्यै पनि हलुका रूपमा लिइबक्सेन । मुवा बेला बेलामा बुबाको कर्तव्यपरायणता, कठिन परिश्रम र धैर्यलाई संस्मरण गर्दै मर्जी हुन्थ्यो-“बुबालाई कहिल्यै फुर्सद भएन । सधैँ १८/२० घण्टा काममा खटिने, कार्यालयमा नभ्याएका जरुरी कामहरू घरमा ल्याएर सम्पन्न गर्ने, भोलि गर्छु भनेर कहिल्यै थाती नराख्ने ।” सायद बुबाको यही मेहनत र सुकर्मको फल होला ! उहाँ आफ्नो जीवनमा सदा पूर्ण होइबक्सेको ।

बुबाको अर्को प्रशंसनीय पक्ष थियो- अध्ययनप्रतिको अनवरत प्रेम । उहाँ सैनिक मात्र होइन ज्ञानवान् पनि होइबक्सन्थ्यो । सेनाको कठोर कार्यतालिका,

जिम्मेवारी र कार्यभारबिच पनि उहाँले आफूलाई केवल इन्जिनियरमा मात्र सीमित राखिबक्सेन। उहाँले विभिन्न विधामा अनेकौँ शैक्षिक उपाधिहरू हासिल गरिबक्सेको थियो। उहाँका लागि पदोन्नति मात्र लक्ष्य थिएन, ज्ञानको विस्तार पनि उत्तिकै प्राथमिकतामा थियो। बुबाको अटल विश्वास थियो, "शक्ति बाहुलीमा मात्र होइन मस्तिष्कमा पनि हुनुपर्छ।"

बुबाले भारतको पुणेबाट सिभिल इन्जिनियरिङ्गमा डिग्री हासिल गरिबक्सेको थियो एवम् मानविकीतर्फ अर्थशास्त्र र राजनीतिशास्त्र अनि वाणिज्यशास्त्रतर्फ व्यवस्थापन विषयमा मास्टर्स डिग्री हासिल गरी विद्यावारिधि (पिएच.डीं) का लागि पनि अनुसन्धानको थालनी गरिबक्सेको थियो। यसबाहेक कानुन विषयमा स्नातकका साथै चीनियाँ भाषामा डिप्लोमा र त्रि.वि.बाट विविध विषयहरूमा उच्च शैक्षिक ज्ञान पनि हासिल गरिबक्सेको थियो। त्यस्तै सैनिकसम्बन्धी कोर्सहरूमा पुणेबाट फिल्ड र इन्जिनियरिङ्ग एवम् अन्य विविध कोर्स काडरहरू तथा सैनिक तालिमहरू पूरा गरी आफ्नो पेसामा दक्ष र अनुभवी होइबक्सन्थ्यो।

यो परिच्छेद बुबाको संलग्नता र उपलब्धिहरूको सूची मात्र होइन यो त उहाँका मूल्य-मान्यताहरूको दस्तावेज हो। यस अध्ययनमार्फत म बुबाप्रति सम्मान मात्र प्रकट गरिरहेकी छैन; बरु म आफ्ना सन्ततिहरूलाई एउटा सन्देश दिन चाहिरहेकी छु- राष्ट्रसेवा पेसा होइन प्रतिबद्धता हो; ज्ञान प्रमाणपत्रको उपलब्धि होइन जिम्मेवारी हो र बिरासत गर्व मात्र होइन उत्तरदायित्व पनि हो।

लेफ्टिनेन्टदेखि सहायक रथी (प्रमुख स्थपति) सम्मको यात्रा बुबाको व्यक्तिगत सफलताको कथा मात्र होइन; यो त एउटा परिवारको बिरासतलाई निरन्तरता दिने र राष्ट्रप्रतिको प्रतिज्ञालाई जीवनभर पूरा गर्ने यात्रा थियो। सहायक रथीको पद दर्जा मात्र होइन- यो जीवनभरको समर्पण, इमानदारी र क्षमताको उपलब्धि थियो। पदको उचाइ जति बढ्यो बुबाको विनम्रता त्यत्ति नै गहिरिँदै गयो। उहाँ कहिल्यै पनि उपलब्धिको गर्वमा हराइबक्सेन। आफ्ना धेरै सहकर्मीहरू र कनिष्ठहरूका बिच उहाँ अत्यन्त प्रिय र आत्मीय रहिबक्स्यो। धेरैले प्रेमपूर्वक उहाँलाई "भलादमी जरसाब" भनेर सम्बोधन गरेको पाइन्थ्यो। यो सम्बोधन मात्र होइन, उहाँको इमानदारी र बौद्धिकताप्रतिको सच्चा सम्मान पनि थियो। पद र समय

दुवै परिवर्तन भए तर उहाँले आर्जन गरिबक्सेको सम्मान र स्नेह भने मानिसहरूका मनमा जस्ताको तस्तै रहिरह्यो । सेनाबाट अवकाश लिँदा उहाँसँग पद, पदक र सम्मान मात्र थिएन, उहाँसँग थियो- एउटा स्वच्छ इतिहास, उहाँले निर्माण गरेका असङ्ख्य संरचनाहरू, हजारौँ सहकर्मीहरूको सम्मान, श्रद्धा र परिवारको अपार गर्व । सेवाबाट अवकाश लिनु बुबाका लागि अन्त्य थिएन बरु सैनिक जीवनको पूर्णता थियो । बुबाले सेनाको पोसाक औपचारिक रूपमा उतारिबक्स्यो- त्यो त केवल पोसाक परिवर्तन मात्र थियो उहाँको राष्ट्रप्रतिको भावना, समर्पण र निष्ठा त आजीवन उस्तै रह्यो ।

सेनाको पोसाक केवल कपडा होइन त्यो सम्मान हो । त्यो राष्ट्रप्रतिको अटल प्रतिज्ञा हो । नेपाली सेनाको उच्च पदमा पुग्न सक्नु सहज उपलब्धि होइन । त्यो दीर्घ समर्पण, अथक परिश्रम र देशभक्तिको अदम्य परिणाम थियो । प्रमुख इन्जिनियरका रूपमा बुबाले भवनहरू मात्र निर्माण गरिबक्सेन उहाँले संस्थाप्रति अनुपम विश्वास आर्जन गरिबक्स्यो । नक्साका प्रत्येक रेखाहरूमा उहाँको जिम्मेवारीको छाप थियो । मलाई दुरुस्त याद छ, बुबाको बोलीमा कहिल्यै ठुलो स्वर हुँदैनथ्यो, उहाँका शब्दहरू दृढ हुन्थे । बुबा मर्जी हुन्थ्यो- “कर्तव्य भनेको अरूले देखाएर गर्ने होइन, आफैले महसुस गरेर गर्ने कुरा हो ।” उहाँको जीवन यही वाक्यको जीवित उदाहरण थियो । आज जब म यो स्मृतिको पाना पल्टाउँछु तब महसुस हुन्छ- यो केवल एक व्यक्तिको कथा होइन, यो एउटा बिरासतको कथा हो । एउटा यस्तो बिरासत जसले हामीलाई के सिकायो भने राष्ट्रसेवा पेसा मात्र होइन त्यो त जीवनको धर्म हो । म अपार गर्वका साथ भन्न सक्छु- सैनिक अनुशासन र शैक्षिक गहिराइको यस्तो संयोजन दुर्लभ भेटिन्छ । हाम्रो परिवारमा बुबा केवल एउटा नाम वा पदमात्र होइन, यो प्रेरणाको एउटा प्रतिमूर्ति हो ।

# दरबारको आत्मीयता र आदेशभित्र

एक समय थियो जब दरबार केवल एउटा स्थान मात्र होइन एक संस्था, एक व्यवस्था, एक संसार र अनुशासनको धरोहर थियो । त्यही संसारसँग बुबाको जीवनका केही वर्षहरू अटुट रूपमा गाँसिए । दरबारसँग बुबाको सम्बन्ध न त नजिकको, न त पूर्ण रूपमा टाढाको तर समय, निष्ठा र मौनताले बाँधिएको अनुभूति हुन्थ्यो । दरबारसँग जोडिनु सिर्फ सेवा मात्र थिएन, त्यो एउटा जीवनशैली थियो अनुशासन, पेसागत दायित्व र कर्तव्यको ।

बेला बेलामा राजदरबारबारेका रोचक प्रसङ्गहरू बुबा असाध्य उत्साहका साथ साझा गरिबक्सन्थ्यो । दरबारसँग जोडिएका आफ्ना दिनचर्याहरू सम्झँदा उहाँको मुहारमा स्वतः सौम्य कान्ति फैलिन्थ्यो । हुन पनि ती सम्झनाहरू बुबाका लागि कुनै दन्त्यकथा थिएनन्, जीवनले समयक्रममा प्रदान गरेका अमूल्य उपहार थिए । सैन्य सेवामा रहँदा बुबाको दरबार आवत-जावत तथा मौसुफहरूसँग दर्शनभेट जुरिरहने रहेछ । तीमध्ये बुबाको वसुन्धरा सरकारसँग भएको प्रकरण एवम् अनुभूति उहाँका मनमा अमिट अक्षरले लेखिएका रहेछन् । बुबाले बडो आदर र श्रद्धासहित मर्जी भयो "वसुन्धरा सरकार साह्रै रमाइलो होइबक्सन्थ्यो । सधैँ हँसिलो, फरासिलो र अत्यन्त उदार स्वभावको । सरकार मभन्दा दुई वर्ष जेठो होइबक्सन्थ्यो तर पनि मलाई सधैँ समकक्षीको व्यवहार गरिबक्सन्थ्यो । उहाँ यति धेरै आत्मीय र सरल होइबक्सन्थ्यो कि मैले उहाँमा कहिल्यै पनि औपचारिकता र अहङ्कार देखिनँ । सरकार सधैँ पद, हैसियत र नियमभन्दा पर रही मित्रवत्

व्यवहार गर्ने, मानवीय व्यवहार गर्ने, सधैँ सहज र न्यानो स्वभावको होइबक्सन्थ्यो। सरकार खेलकुदमा अत्यन्त रुचि राखिबक्सन्थ्यो र त्यस क्षेत्रमा पूर्ण रूपमा सक्रिय पनि होइबक्सन्थ्यो। उहाँका भावना तथा विचारलाई हेर्दा यस्तो आभास हुन्थ्यो कि वसुन्धरा सरकार खेलकुदलाई केवल खेल + कुद वा मनोरञ्जन मात्र होइन, मित्रता र जीवन्तताको माध्यमका रूपमा लिइबक्सन्थ्यो। बुहारी! म कहिल्यै बिर्सन सक्दिनँ सरकारले त्यो बडो उत्साहका साथ गरिबक्सेको आग्रह- 'यज्ञविक्रम! मेरो पिठिउँ कुल्च त।' म क्षणभर त अचम्मित एवम् अकमकिएँ किनभने राजपरिवार जस्तो परम्परामा जोडिएको व्यक्तित्वबाट त्यति सजिलै त्यस परिवेशमा यस्तो आत्मीय व्यवहार कल्पनाबाहिरको थियो। तर अधिराजकुमारको त्यस आग्रहमा कुनै औपचारिकता थिएन। थियो त केवल अभूतपूर्व अपनत्व र मित्रताको भाव अनि अगाध स्नेह। त्यसबेला पलभरका लागि दरबारका सबै मर्यादा हराए, भौतिक-मानसिक पर्खालहरू भत्किए। बाँकी रह्यो त केवल अधिराजकुमार र मबिचको स्नेह र अपनत्वको न्यानोपन। उहाँका नयनमा देखिएको निष्कपटपन र आग्रहले मेरा सबै सङ्कोच तोडिदिए तर पनि राजपरिवार र दरबारप्रतिको मेरो श्रद्धा र सम्मान अपरिमित तवरले बढ्यो।"

त्यस्तै दरबारसँग जोडिएको अर्को सन्दर्भ जुन बुबाले जीवनका पछिल्ला वर्षहरूमा पनि विशेष भावना र कृतज्ञतासहित स्मरण गरिबक्सन्थ्यो। बुबाले जीवनको महत्त्वपूर्ण कालखण्ड राष्ट्र र नेपाली सेनाको सेवामा समर्पित गरिबक्सेको थियो। राष्ट्रप्रतिको कर्तव्यका कारण पछि पछि पनि उहाँलाई बेला बेलामा राजदरबारमा उपस्थित हुने अवसर प्राप्त भइरहन्थ्यो। तत्कालीन राजा वीरेन्द्र र बडामहारानी ऐश्वर्यसँग बुबाको साक्षात्कार भइरहन्थ्यो। बुबा मर्जी हुन्थ्यो "दरबार र बाहिर पनि उत्सव र अवसरहरूमा सरकारहरूसँग दर्शनभेट जुरिरहन्थ्यो। त्यस्तै एकपटक दरबारमै आयोजना गरिएको विशेष उत्सवमा म पनि आमन्त्रित थिएँ अन्य उच्च सैनिक पदाधिकारीहरूसहित। म वीरेन्द्र सरकारको नजिकै जस्तो उभिएको थिएँ, ठ्याक्कै देखिने गरेर। उत्सवको औपचारिक क्षणमा राजाले उपस्थित सबैलाई मदिराको गिलास उठाई टोस्ट गर्न आदेश दिइबक्स्यो। त्यति मात्र नभई "यज्ञविक्रम

गिलास उठाऊ" सरकारको स्वर सिधै मेरा कानमा पऱ्यो । जीवनभर कहिल्यै मदिरा नछोएको म, दरबारको त्यो ऐतिहासिक क्षणमा राजाको प्रत्यक्ष आदेशको सामुन्ने थिएँ । सरकारका आदेश, हुकुम र फरमान केवल शब्द वा कागजात मात्र होइनन् ती त अनुशासन र कर्तव्यका स्वरूप हुन् भन्ने ज्ञान भएको व्यक्ति म बडो असमञ्जसमा परेँ । किनभने त्यस क्षणमा म सिर्फ एक सैनिक अधिकारी मात्र थिइनँ; म आफ्ना जीवनमूल्य, आत्मसंयम र कर्तव्यबिच उभिएको एक स्वाभिमानी व्यक्ति पनि थिएँ । वास्तवमै त्यो क्षण मेरा लागि अत्यन्त संवेदनशील र द्विविधापूर्ण मात्र होइन परीक्षणको घडी नै थियो । तथापि राजाको आदेश सर्वोपरि मानिने त्यो ऐतिहासिक समयमा सरकारको हुकुम अवज्ञा गर्ने अवस्था त के सोच्ने साहससमेत गर्न सकिँदैनथ्यो । मेरो मुटु बेजोडले धड्किरहेको थियो र पनि मैले गिलास उठाएँ र सरकारका साथै सबैसँग 'चियर्स' गरेँ, गिलास ओठसम्म पुऱ्याएँ केही बेर गिलास हातमै राखेँ मदिरा पिएजस्तो गरेर । तर मदिरा पिउन त के चाख्दा पनि चाखिनँ । आफ्नो जीवनभर जोगाइराखेको आत्मसंयमलाई तोडिनँ । केही बेरपछि सरकार अन्य कुरामा मसरुफ भइबक्सेपछि मदिराको गिलासलाई सुटुक्क जुसको गिलाससँग बदलेर जुस पिएँ । हुन त अरू धेरै उत्सव/अवसरहरूमा पनि राजाबाट मदिरा टोस्ट गर्न आदेश नभएको होइन तर प्रायः त्यस्ता धेरै अवसरहरूमा सरकारको ठ्याक्कै अगाडि परेको थिइनँ, त्यसैले पनि यस्तो अनुभूति गर्न पाएको थिइनँ ।"

बुबाले मदिरालाई कहिल्यै पनि आफ्नो जीवनको हिस्सा बनाइबक्सेन । विस्तारित परिवारभित्र मदिरा दुर्व्यसनका कारण भोग्नुपरेका पीडादायी घटनाहरूहरूले उहाँका मनमा गहिरो छाप छोडेका थिए । त्यसैले आत्मसंयम र दृढताका साथ बुबा जीवनभर मदिरा तथा अन्य नराम्रा मानिएका लतहरूबाट सधैँ टाढा नै रहिबक्सियो । यो परम्परा उहाँका सन्ततिहरूले पनि कायमै राखेका छन् । म सम्झन्छु, बुबाले साझा गरिबक्सिएका यी प्रसङ्गहरू केवल दरबारसँग जोडिएको एउटा व्यक्तिगत स्मृति मात्र होइन, उहाँको जीवनदर्शनको सजीव प्रतिविम्ब पनि हो । जीवनभर आत्मसंयम र नैतिक मूल्यलाई मार्गदर्शक सिद्धान्त बनाइबक्सेका बुबाले अत्यन्तै संवेदनशील र दबाबपूर्ण क्षणमा पनि आफ्ना आस्था र मूल्य-मान्यताहरूसँग कहिल्यै

सम्झौता गरिबक्सेन। साथै राष्ट्र, राजा र आफ्ना मान्यजनप्रति आवश्यक सम्मान जोगाइराख्न पनि उहाँले कुनै कसर बाँकी राखिबक्सेन।

बुबाको स्मृतिबाट उद्धृत यी भावनाहरू हामी सबैका लागि एउटा मौन तर शक्तिशाली पाठहरू हुन् । परिस्थितिले जस्तोसुकै दबाब सिर्जना गरे पनि आत्मसम्मान र कर्तव्यबिच सन्तुलन कायम राख्न सकिन्छ भन्ने अर्थपूर्ण उदाहरण पनि । त्यसैले बुबाले बताइबक्सेका यी स्मृतिहरू केवल विगतका कथा मात्र होइनन्, यी त वर्तमान र भविष्यका पुस्ताका लागि पनि मूल्य, मर्यादा, प्रतिबद्धता र मानवीय गरिमाका अमिट सन्देश हुन् ।

# साहित्यिक सत्सङ्ग : समर्पण र बिरासत

बुबाका लागि साहित्य कुनै सोख मात्र थिएन त्यो उहाँको श्वासजस्तै थियो। पुस्तक उहाँका लागि वस्तु होइन, चेतनाका साथी थिए। उहाँको साहित्यप्रेमको सुन्दर रूप देखिन्थ्यो- घरमा हुने साहित्यिक जमघट तथा स्नेहपूर्ण मिलनका अवसरमा। त्यस बेला हाम्रो घर जीवन्त उत्सवको केन्द्र बन्थ्यो।

हाम्रो साधारण बैठक असाधारण बन्थ्यो, जब त्यहाँ विशिष्ट साधकहरूको उपस्थिति हुन्थ्यो। बुबाले आफ्नै घरमा महान् नाटककार बालकृष्ण सम, इतिहासकार सूर्यविक्रम ज्ञवाली, युगकवि सिद्धिचरण श्रेष्ठ, राष्ट्रकवि माधवप्रसाद घिमिरे, महासमालोचक प्रा.डा. वासुदेव त्रिपाठी, समालोचक शरद्चन्द्र शर्मा, समालोचक प्रा.डा.दयाराम श्रेष्ठ, साहित्यसेवी रमा शर्मा, साहित्यकार घटराज भट्टराई, साहित्यसेवी कमलमणि दीक्षित, भाषासाहित्यका अध्येता प्रा.डा.चूडामणि बन्धु, भाषाशास्त्री प्रा.डा. बल्लभमणि दाहाल, वरिष्ठ साहित्यिक पत्रकार उत्तर कुँवर, समालोचक कृष्णचन्द्रसिंह प्रधान, कवि दैवज्ञराज न्यौपाने, कवि तथा समालोचक घनश्याम कँडेल, समाजशास्त्री जनकलाल शर्मा, भाषाशास्त्री प्रा.बालकृष्ण पोखरेल, समालोचक प्रा.डा.केशवप्रसाद उपाध्याय, कवि तथा समालोचक मोहन हिमांशु थापा, अन्वेषक पूर्णप्रकाश नेपाल 'यात्री', वरिष्ठ आख्यानकार डा. ध्रुवचन्द्र गौतम, वरिष्ठ साहित्यकार शिवगोपाल रिसाल, वरिष्ठ आख्यानकार तथा कवि इन्दिरा प्रसाई एवम् सिद्धहस्त जीवनीकार नरेन्द्रराज प्रसाई, कवि प्रयागराज भट्टराई लगायतका थुप्रै स्रष्टा–साधकहरू, विभूति तथा विद्वान्हरूसँगको सत्सङ्ग

जुराइबक्सन्थ्यो। यस्ता साहित्यिक सत्सङ्ग तथा संवादहरूको आयोजना गर्नमा बुबालाई साहित्यसेवी घटराज भट्टराईले ठुलो सहयोग पुऱ्याउनुभएको थियो। यी अमूल्य सत्सङ्गहरू केवल संवाद वा भेटघाट मात्र थिएनन्। ती त इतिहासका जीवित पानाहरू थिए।

वास्तवमा बुबा साहित्यिक स्रष्टाहरू, प्राज्ञिक व्यक्तित्वहरू र वाङ्मयसेवीहरूलाई हृदयदेखि नै आदर-सम्मान र स्नेह गरिबक्सन्थ्यो र उनीहरूसँगको सामीप्य र सम्बन्धमा सधैँ गौरव गरिबक्सन्थ्यो।

बुबाको इच्छा एवम् चाहनालाई पूर्णता दिन मुवा सदा तत्परताका साथ जुटिबक्सन्थ्यो। मुवाका अग्रसरतामा नै अतिथि स्वागतका लागि अन्य व्यवस्थापनका कार्यहरू अगाडि बढ्थे। मुवाको सक्रियता र जाँगरले नै हाम्रो घरलाई साहित्यिक जमघटको असाधारण रङ्गमञ्चमा परिणत गर्दथ्यो। तसर्थ पनि ती साहित्यिक जमघटहरू एक उत्सव, एक अनुभूति र एक स्मृति बनेर हामी सबैका हृदयमा जीवन्त रहेका छन्।

हामी सबैका लागि त्यो समय अमूल्य थियो। यस्ता महान् स्रष्टाहरूको सङ्गत घरमै देख्न पाउनु हाम्रो सौभाग्य थियो। ती गोष्ठी, सत्सङ्गत र संवादहरूले बुबालाई मात्र होइन, हाम्रो चेतनालाई पनि समृद्ध बनायो। उहाँहरूको छलफल केवल कृति वा कवितासम्म मात्र सीमित हुँदैनथ्यो, नेपाली साहित्यका विभिन्न दिशा, नयाँ पुस्ताको भूमिका, नेपाली भाषा र संस्कृतिको भविष्य आदि जस्ता विविध विषयमा बहस चल्थ्यो।

हामीले हाम्रै घरको बैठकमा नेपाली साहित्यका ख्यातिप्राप्त स्रष्टाहरू एकै थलामा भेला भई छलफल, बहस र तर्कका बिच सिर्जनाको गहिराइमा रमाइरहेको दृश्य देख्यौँ। ती दृश्यहरू हाम्रा लागि केवल सामाजिक भेटघाट मात्र थिएनन्, त्यो जमघट र विचार विमर्श एउटा जीवित विश्वविद्यालय थियो।

आज सम्झँदा यस्तो महसुस हुन्छ- बुबाले केवल साहित्यलाई मात्र प्रेम गरिबक्सेन। बरु उहाँले साहित्यिक वातावरण नै सिर्जना गरिबक्स्यो। साहित्यिक सत्सङ्ग तथा त्यस किसिमका जमघट बुबाका लागि आध्यात्मिक आनन्दसरह

थिए। विचारको आदान-प्रदानले उहाँलाई एक प्रकारको अलौकिक ऊर्जा दिन्थ्यो जुन उहाँको मुहार, मुस्कान र बोलीमै स्पष्ट देखिन्थ्यो ।

यति मात्र होइन; ती जमघटका आनन्द र ज्ञानका किरणहरू केवल हाम्रो पुस्तासम्म मात्र सीमित थिएनन्, हाम्रा नाबालक छोरीहरू पनि ती सत्सङ्गमा घुलमिल हुन्थे । उनीहरू ती तमाम विद्वान्-विदुषीका आशीर्वादले स्पर्शित हुन्थे । मेरा हृदयमा अमिट भएर रहेको छ त्यो क्षण जब राष्ट्रकविले बडो स्नेहले जुही र भायलेटलाई काखमा राखिबक्सन्थ्यो । उनीहरू पनि खुसीले उहाँहरूसँग झुम्मिन्थे । सायद आफ्ना हजुरबुबाको जस्तै स्नेह र सामीप्य पाउँथे होला उहाँमा ।

समय बित्दै जाँदा जब जब झपट पुरस्कारको घोषणाको समय नजिकिन्थ्यो तब यी साहित्यिक सत्सङ्गहरू झन् बाक्लिन्थे । २०३७ सालमा स्थापना गरिएको झपट पुरस्कार एउटा सम्मान कार्यक्रम मात्र थिएन त्यो बुबाको साहित्यप्रतिको श्रद्धा र निष्ठाको साकार रूप थियो । स्थापनाकालदेखि यसले चार दशक लामो गौरवपूर्ण इतिहास निर्माण गर्दै आएको छ । यस यात्रालाई अर्थपूर्ण, विश्वसनीय र गरिमामय बनाउन यिनै विशिष्ट साहित्य साधकहरूको अमूल्य साथ, सल्लाह र सक्रिय सहभागिता रहेको छ । उहाँहरूका योगदान, संलग्नता र सद्भावले नै यस पुरस्कारलाई प्रतिष्ठा र निरन्तरता प्रदान गरेका हुन् ।

हामी सधैँ गहिरो अनुभूति गर्दछौँ- नेपाली साहित्यको विराट् आकाशमा झपट पुरस्कार र सम्मान हाम्रो परिवारले गरेको सानो कणजत्रो योगदान मात्र हो तर बुबाका दृष्टिमा त्यो कण पनि अर्थपूर्ण थियो । बुबा के विश्वास गरिबक्सन्थ्यो भने साहित्यको उज्यालो कुनै एक विशाल सूर्यले मात्र होइन, असङ्ख्य ससाना दीपहरू मिलेर फैलाउँछन् । झपट पुरस्कार उहाँका लागि त्यस्तै एउटा सानो दीप थियो- श्रद्धा, सम्मान र साहित्यप्रतिको अटल आस्थाको प्रतीक ।

झपट पुरस्कारमार्फत थुप्रै साहित्यिक व्यक्तित्वहरू सम्मानित हुँदै आएका छन् र यो गौरवपूर्ण महान् कार्य आजसम्म अविच्छिन्न रूपमा चलिरहेकै छ । तर यही गौरवपूर्ण यात्राभित्र एउटा अपूरो चाहनाको हलुका वेदना पनि लुकेको छ । बुबाका मनमा गहिरो इच्छा थियो- नेपाली साहित्यमा ऐतिहासिक उपन्यासका अत्यन्त

प्रभावशाली साधक डायमनशमशेर राणालाई झपट पुरस्कारद्वारा सम्मानित गर्ने । तर परिस्थितिवश बुबाले सयममै त्यो निर्णय लिन सकिबक्सेन । डायमनशमशेर जीवित रहँदा सम्मान अर्पण गर्ने अवसर जुटाउन नसकेकामा बुबाका मनको एउटा अर्को थकथकी मनको कुनामा गडेर बसेको थियो । त्यो पछुतो उहाँको संवेदनशील हृदयको प्रमाण थियो । उहाँलाई सम्मान दिन ढिलाइ हुनमा पनि बुबा आफ्नै कमजोरी ठानिबक्सन्थ्यो । आज जब हामी झपट पुरस्कारको निरन्तर यात्रालाई हेर्दा गर्वले भरिन्छौँ तर त्यो गर्वसँगै एउटा मौन स्मृति पनि आउँछ- बुबाको त्यो अपूरो चाहना । यसले हामीलाई के सम्झाइरहन्छ भने समयमै गरिएका निर्णयहरू अनमोल हुन्छन् । त्यसैले आजका हाम्रा निर्णयहरूले भोलिका दिनमा बुबाको जस्तो पश्चात्ताप गर्नुपर्ने अवस्था नआओस् भन्ने कुरामा हामी सचेत छौँ ।

बुबाले प्रज्वलित गरिबक्सेको त्यो दीप र त्यो उज्यालो आजसम्म निभेको छैन । त्यो दीप र त्यसका उज्यालामा हामी दुईवटा भाव सँगसँगै महसुस गर्छौँ- गौरव र विनम्रता । गौरव यसका निरन्तर उपलब्धिहरूको, विनम्रता यस सत्यको कि नेपाली साहित्यको विशाल गगनमा हाम्रो झपट पुरस्कार/सम्मान एउटा सानो कणमात्र हो । सायद जीवनको साँचो अर्थ यस्तै साना कणहरूमा लुकेको हुन्छ, साना तर सच्चा प्रयासहरूमा, साना तर समयमै गरिएका निर्णयहरूमा ।

चार दशक लामो यस यात्रालाई फर्केर हेर्दा आज हामी केवल एउटा पुरस्कारको इतिहास मात्र देख्दैनौँ । हामी बुबाको समर्पण र साहित्यप्रतिको निष्ठाको उज्यालो पनि देख्छौँ । बुबा हामीलाई सिकाइबक्सन्थ्यो- साहित्यप्रति श्रद्धा राख्नू, स्रष्टालाई सम्मान गर्नू र मैले बालेको सानो उज्यालो कहिल्यै ननिभाउनू । सायद यही नै हो उहाँको वास्तविक बिरासत । शब्दहरूभन्दा पर- हाम्रो स्मृतिमा र हाम्रो जीवनको उज्यालामा ।

❀

# एउटा कवितासँग जोडिएको सम्झना

मैले बुबालाई सधैँ साहित्यमा गहिरोसँग जोडिएको देखेँ । उहाँका लागि साहित्य केवल अध्ययनको विषय मात्र थिएन; त्यो उहाँको जीवनदर्शन थियो । बिहानको शान्त समय होस् वा साँझको फुर्सद ! उहाँका बाहुलीले प्रायः कुनै न कुनै कृति बोकेकै हुन्थे । पुस्तकहरू उहाँका स्थायी साथी थिए र कविताका हरफहरू उहाँका आत्मीय संवाद ! बुबालाई मन पर्ने कविताहरूको सूची अन्त्यहीन थियो । नेपाली भाषासाहित्यका अमूल्य कृतिहरूसँगै उहाँको मन विश्वसाहित्यतर्फ पनि उत्तिकै खुला थियो ।

मैले एक दिन बडो गर्व र उत्साहका साथ बुबालाई निवेदन गरेँ- "बुबा ! म पनि अङ्ग्रेजी साहित्यकी विद्यार्थी हुँ नि !" उहाँको अनुहारमा हल्का मुस्कान झल्कियो । त्यस मुस्कानमा स्नेह पनि थियो, परीक्षण पनि । त्यसपछि बुबाले शान्त स्वरमा मर्जी भयो- "अनि तिमीले *If* शीर्षकको कविता सुनेकी छ्यौ ?" मैले टाउको हल्लाएँ । बुबाले तत्कालै केही हरफ आफैँ उच्चारण गरिबक्स्यो :

*If you can keep your head when all about you*
*Are losing theirs and blaming it on you....*

उहाँको उच्चारणमा भाषा मात्र थिएन, जीवनको अनुभव मिसिएको थियो । बुबाले मलाई ती हरफहरूको अझ विस्तृत अर्थ बुझाउँदै मर्जी भयो- "बुहारी ! जीवनमा धैर्य, आत्मविश्वास, संयम र नैतिक दृढता अत्यन्त आवश्यक छन् । मान्छे बन्न सजिलो छैन ।" त्यस क्षण बुबाले मलाई कविता मात्र सुनाइबक्सेन;

उहाँले एउटा जीवनसूत्र सुम्पिबक्स्यो । अझ कविताको अन्तिम हरफलाई विशेष जोड दिँदै भावुकताका साथ व्याख्या गरिबक्सेको अहिले जस्तो लाग्छ :

*Yours is the earth and everything that's in it*

*And- Which is more- you'll be a man, my son.*

बुबाले निर्भीक रूपमा प्रस्ट पारिबक्स्यो- "यहाँ *man* भनेको पुरुष होइन, सच्चा मानव हो- चरित्रवान्, धैर्यवान् र जिम्मेवार । " बिलकुल बुबाजस्तै ।

समयको क्रमसँगै मैले बुझ्दै गएँ, किन उहाँलाई त्यो कविता यति प्रिय थियो । किप्लिङ्ग (Kipling) को *If* कविता केवल शब्दहरूको संयोजन मात्र होइन, यो चरित्रनिर्माणको पाठ हो । धैर्य राख्न सक्नु, हारमा पनि संयम नगुमाउनु, सफलतामा पनि नम्र रहनु- यी सबै गुणहरू त मैले कि आफ्नै पितामा पाएँ कि बुबामा । दुवै बुबाहरूले सधैँ याद दिलाइबक्सन्थ्यो- "सफलता र असफलता दुवै क्षणिक हुन् । तिनलाई समान रूपमा स्वीकार गर्न सक्नु नै परिपक्वता हो । आलोचनामा पनि संयमित रहनु; समय, श्रम र विश्वासलाई निरन्तर लगानी गरिरहनु नै सफल जीवनका सूचक हुन् ।"

अङ्ग्रेजी साहित्यको विद्यार्थी भएका नाताले *If* कविता कुनै जमानामा मैले थुप्रै पटक पढेकी थिएँ र व्याख्या पनि आफ्नै किसिमले गरेकी थिएँ । तर त्यस दिन जब बुबाले मलाई कविताको अर्थ सविस्तार बुझाइबक्स्यो तब मैले कविताको सार मात्र होइन, शब्दमा बेरेर दिइएको दर्शन प्राप्त गरेँ । आज जब म *If* कविता पढ्छु । तब त्यो कवितामा मात्र सीमित रहँदैन बरु त्यसमा मेरा घर र माइतका बुबाको स्वर गुन्जिन्छ । म धैर्यमा उहाँहरू, संयममा उहाँहरू, विनम्रतामा उहाँहरू र उत्तरदायित्वमा पनि उहाँहरू नै नजर भएको अनुभव गर्छु ।

# मदन पुरस्कारसँग जोडिएका बुबा

बुबाको जीवनको एउटा गहिरो र मौन अध्याय मदन पुरस्कार गुठीसँग जोडिएको थियो। उहाँका लागि यो कुनै औपचारिक संस्था मात्र थिएन, यो नेपाली साहित्यप्रतिको निष्ठा, इमानदारी र आजीवन सेवाको कर्मभूमि थियो। मदनशमशेर राणाका स्मृतिमा उहाँकी रानी जगदम्बाद्वारा स्थापित आफ्नै राणापरिवारको साहित्यिक-सांस्कृतिक उत्तराधिकार बोकेको यो गुठी बुबाका लागि आफ्नै संस्थासरह थियो। बुबाले यस संस्थालाई गहिरो आत्मीयता र जिम्मेवारीका भावले जीवनभर अँगालिबक्सेको थियो। स्वाभाविक रूपमा पनि गुठीप्रति बुबाको कर्तव्य र अपनत्व एकआपसमा गहन रूपले मिसिएको थियो। यसको गरिमा र विश्वसनीयता जोगाइराख्नु आफ्नो परम कर्तव्य ठानिबक्सन्थ्यो बुबा।

मदन पुरस्कार गुठीका विभिन्न समितिहरूमा आबद्ध रही बुबाले वर्षौंसम्म गुठीका लागि योगदान पुऱ्याइबक्स्यो। धेरै वर्ष प्रबन्ध समितिको सदस्य, मदन पुरस्कार स्वर्णजयन्तीको संयोजक तथा पुस्तक मूल्याङ्कन समिति (श्रेष्ठ पुस्तक सूची) आदिमा अविच्छिन्न रूपमा रहेर खटिबक्सन्थ्यो। उहाँले वर्षौंसम्म मदन पुरस्कारका लागि छनोटमा परेका पुस्तकहरूको निरन्तर अध्ययन र मूल्याङ्कन गर्ने जिम्मेवारी वहन गरिबक्स्यो। सतहमा हेर्दा यो कार्य साधारण जस्तो देखिए पनि वास्तवमा यो अत्यन्तै कठिन, सूक्ष्म र कठोर प्रक्रिया थियो जहाँ हरेक पुस्तकलाई धैर्य र निष्पक्षतापूर्वक र गहिराइमा पुगेर अध्ययन गर्नुपर्ने हुन्थ्यो।

मलाई अझै सम्झना छ, धेरै रातहरू बुबा किताबहरूसँगै बिताइबक्सन्थ्यो।

घर शान्त हुन्थ्यो तर बुबाको अध्ययन कहिल्यै रोकिँदैनथ्यो । हरेक शब्द, हरेक वाक्य र हरेक भावमा साहित्यको आत्मा खोज्ने उहाँको बानीले बुबालाई रातदिन खटाइरहन्थ्यो । पुरस्कारको विश्वसनीयता र गरिमा जोगाइराख्ने जिम्मेवारी उहाँले आफ्नै काँधमा बोकेको जस्तो लाग्दथ्यो । निर्णय-प्रक्रियामा विवेक, मूल्याङ्कनमा इमानदारी र साहित्यप्रतिको श्रद्धा- यी सबै कुरा बुबाका काममा स्पष्ट देखिन्थे ।

मदन पुरस्कार गुठीको स्वर्णजयन्ती विशेष समारोह २०६२ का अवसरमा संयोजकका रूपमा बुबाले निर्वाह गरिबक्सेको भूमिका उहाँको जीवनको एक महत्त्वपूर्ण र स्मरणीय क्षण थियो । यो केवल एउटा विशेष अङ्क वा कार्यक्रमको संयोजन मात्र थिएन; त्यो त उहाँको वर्षौंको अनुभव, प्रतिबद्धता र साहित्यप्रतिको प्रेमको सार थियो । त्यस अवसरमा उहाँले देखाइबक्सेको नेतृत्व, समन्वय क्षमता र दूरदृष्टिले मदन पुरस्कार गुठीको इतिहासमा एक अर्थपूर्ण छाप छोडेको छ ।

म आजसम्म पनि आत्मीयतापूर्वक सम्झन्छु बुबासँगका स्वर्णजयन्तीसँग जोडिएका सुमधुर सम्झनाहरू जसले मेरो मनलाई भरपूर हर्ष र आनन्दले भरिदिन्छन् । म कार्यालयबाट घर फर्केको केही बेर मात्र भएको थियो, समारोहको कार्यक्रम सम्पन्न गरी बुबा पनि घर सवारी भइबक्स्यो । बुबालाई भेट्नेबित्तिकै जाहेर गरेँ "बुबा ! कामको व्यस्तताले म पूरा समय समारोहमा बस्न सकिनँ, कार्यक्रमको समापन कस्तो रह्यो ?" असाध्यै गर्व र उत्साहका साथ बुबाले मर्जी भयो "कार्यक्रम त भव्य भयो, अत्यन्तै रमाइलो र सार्थक रूपमा सम्पन्न भयो । मैले झन् तिमीहरू (अरुण र म) लाई छुट्टै निमन्त्रणा दिएको (स्वर्णजयन्ती विशेष पुरस्कार समारोहको निमन्त्रणापत्र बुबाका नामबाट प्रेषित भएको थियो) पूरा समय नै मिलाएनछौ ।" मैले पुनः हाँस्दै बुबासँग थप जिज्ञासा राखेँ "बुबा ! अनि स्वर्णजयन्तीको चिनो बनाउने उद्देश्यले मदनपुरस्कार स्वर्णसिक्का तयार भएको कुरा समारोहमा घोषणा भएको थियो । हजुरले कतिवटा सिक्का घर ल्याइबक्स्यो त ? हजुरलाई कतिवटा सिक्का प्राप्त भए बुबा ?" बुबाले बिस्तारै मर्जी भयो "केही पनि लिइनँ बुहारी ।" मैले बुबासँग गुनासो गर्दै भनेँ "कस्ता लोभी रहेछन्, हजुरको यत्रो मिहिनेतको कुनै सम्मान गरिएन ?" बुबाले केवल टाउको हल्लाएर मुस्कुराउँदै मर्जी भयो "मलाई केही चाहिँदैन ।" केही दिनपछि मैले बुबालाई

मदनपुरस्कार स्वर्णजयन्ती सिक्का उपहारस्वरूप टक्र्याएँ- "बुबा ! हजुरले संयोजन गरिबक्सेको समारोहको चिनो सम्झनाका रूपमा।" बुबाले अत्यन्त स्नेह र खुसीका साथ स्वर्णमुद्रा स्वीकार गरिबक्स्यो । बुबाको त्यस पलको कृतज्ञतापूर्ण मुस्कान आज पनि मेरो मानसपटलमा जस्ताको तस्तै ताजा छ।

बुबाको योगदान कागजी अभिलेखमा मात्र सीमित छैन । त्यो उहाँको जीवनशैलीमा, मूल्य-मान्यतामा र मौन अनुशासनमा प्रतिविम्बित हुन्छ। बुबाका लागि मदन पुरस्कार पद, प्रतिष्ठा र पहिचानभन्दा धेरै माथि थियो । यो नेपाली भाषा-साहित्यप्रतिको आजीवन सेवा र समर्पणको इतिहास थियो। बुबाले दिनरात खटेर गरेको त्यो सेवा आज पनि मदन पुरस्कारको गरिमासँग जीवित छ र हाम्रा स्मृतिमा उक्त सन्दर्भ उहाँको जीवनको एक उज्यालो अध्याय बनेर रहिरहने छ।

❀

# विद्यावारिधि अनुसन्धान गर्ने प्रबल चाहना

बुबामा ज्ञान हासिल गर्ने भोक अत्यधिक थियो । उहाँ ज्ञानका क्षेत्रमा कुनै सामान्य डिग्रीले मात्र मापन गर्न नसकिने व्यक्तित्व होइबक्सन्थ्यो । उहाँले पढेको, बुझेको र आत्मसात् गरेको ज्ञान पिएच.डी. तहका विद्यार्थीले अध्ययन गर्ने भन्दा पनि धेरै माथि र व्यापक थियो । पाठ्यपुस्तक र विश्वविद्यालयको पाठ्यक्रममा सीमित नभएर उहाँ जीवनका विविध पक्षहरू (इतिहास, धर्म-संस्कृति, दर्शन, साहित्य, विज्ञान, समाजशास्त्र आदि) मा गहिरो रुचि राखिबक्सन्थ्यो । जीवनभर निरन्तर सिकिरहने उत्कट अभिलाषा, ज्ञानप्रतिको अथक साधना र निष्ठाले उहाँलाई सदा अगाडि बढिरहन प्रेरणा दिइरहन्थ्यो । यसै कारणले बुबाको मनमा पिएच.डी. गर्ने इच्छा प्रबल रूपमा अङ्कुराएको थियो- ज्ञानलाई केवल प्रमाणपत्रका रूपमा मात्र होइन, त्यसलाई अझ गहिरोसँग बुझ्ने र अर्थ दिन चाहने स्वभावको स्वाभाविक विस्तारका रूपमा । पिएच.डी. गर्ने उहाँको चाहना केवल औपचारिक डिग्री प्राप्त गर्ने मात्र नभई जीवनभरको अध्ययन र ज्ञानप्रतिको निष्ठाको प्रतीक थियो । बुबाले आफ्नो उद्देश्यप्राप्तिका लागि आवश्यक पर्ने कागजातहरू र अनुसन्धान प्रस्तावका विषयमा पूर्ण तयारी पनि गरिबक्सेको थियो । तर बुबाको बिग्रँदो स्वास्थ्यस्थिति र अन्य व्यस्तता विशेषतः मदन पुरस्कारका लागि अध्ययन जस्ता विविध कारणहरूले गर्दा आफ्नो पिएच.डी. गर्ने इच्छालाई साकार रूप दिन असमर्थ होइबक्सियो । त्यस उमेरमा पनि अनुसन्धान गर्ने उहाँको उत्कट इच्छा, आत्मानुशासन र दृढ लक्ष्य स्पष्ट रूपमा उजागर हुन्छ। बुबाको पिएच.डी. हीसल गर्ने चाहना केवल व्यक्तिगत सपना मात्र थिएन, त्यो हामी सम्पूर्ण परिवारका लागि प्रेरणाको स्रोत पनि थियो ।

# झपट पुरस्कारको कथा : बिउ पुँजीदेखि बिरासतसम्म

२०३७ सालमा स्थापना गरिएको 'झपट पुरस्कार' बुबाको जीवनको अत्यन्त आत्मीय र गहिरो सङ्कल्प थियो । यो केवल एउटा पुरस्कारको सुरुवात मात्र थिएन; यो उहाँको पूज्य पिता झपटप्रति अर्पित श्रद्धाञ्जलि थियो । नेपाली साहित्य जगत्मा आफ्ना पिताले पुऱ्याइबक्सेको उल्लेखनीय योगदानलाई चिरस्थायी बनाउने र त्यो उज्यालो भावी पुस्तासम्म पुऱ्याउने दृढ अठोटका साथ यो पुरस्कार स्थापना गरिएको थियो ।

आफूबुबाले देखाइबक्सेको साहित्यप्रतिको समर्पण, मूल्य र आदर्शलाई निरन्तरता दिनु बुबाको मूल ध्येय थियो । त्यसैले झपट पुरस्कार बुबाका लागि एउटा औपचारिक कार्यक्रम मात्र होइन आफ्नो पहिचान तथा पितृप्रतिको श्रद्धा र समर्पणको जीवन्त प्रतीक थियो । यसको गरिमा, निरन्तरता र विश्वसनीयताप्रति उहाँ सधैँ सचेत रहिबक्सन्थ्यो ।

बुबा झपट पुरस्कारको भविष्यप्रति सधैँ चिन्ता गरिबक्सन्थ्यो । उहाँ चाहिबक्सन्थ्यो– आफूबुबाको नाम र योगदान समयसँगै झन् उज्यालिँदै जाओस् । यही भावनाले प्रेरित भएर २०६६ साल मङ्सिर महिनाको एक दिन बुबाले छोरा अरुण कार्यालयबाट घर फर्कनेबित्तिकै आफ्नो खोपीमा हाजिर हुन आदेश गरिबक्स्यो । बुबाले छोरालाई एक्लै राखेर मर्जी भयो -"बाबु ! झपट

पुरस्कारको दीर्घकालीन स्थायित्व सुनिश्चित गर्नुपर्दछ, यसबारे तिम्रो विचार के छ ?" बुबाको वाक्य पूरा नहुँदै अरुणले "बुबा ! हामी आफूबुबाको नाममा स्थापित पुरस्कारलाई अझ राम्रो, परिष्कृत र संस्थागत गर्ने छौँ; हजुर कुनै द्विविधा नलिई ढुक्क भइबक्स्योस्" भनी बुबालाई विश्वस्त बनाउँदै निवेदन गरेको बेहोराको साक्षी म थिएँ । परिवारमा आफ्ना पिता (आफूबुबा) प्रतिको पारिवारिक आस्था र श्रद्धा आफूपछि पनि यथावत् कायम रहोस् भन्ने बुबाको हार्दिक इच्छा थियो । त्यसै प्रयोजनका निम्ति बाबु-छोराका बिच अभिव्यक्त संवादका ती शब्दहरू थोरै थिए तर तिनको गहिराइ अथाह थियो ।

त्यस बेला बुबाले अरुणसँग झपट पुरस्कारप्रतिको चासो र चिन्ता मात्र व्यक्त गरिबक्सेन, पुरस्कारलाई संस्थागत तथा दीर्घकालीन रूपमा सञ्चालन गर्न केही निश्चित रकम (चेकमार्फत) बिउ पुँजीका रूपमा प्रदान गरी उक्त रकम बैङ्कमा जम्मा गरेर पुरस्कारको स्थायित्व सुनिश्चित गर्न निर्देशन पनि दिइबक्स्यो । बुबाले प्रदान गरिबक्सेको त्यो बिउ पुँजी रकमबारे कसैसँग पनि साझा नगर्नु भनी विशेष रूपमा हुकुम पनि गरिबक्स्यो । त्यो गोपनीयता केवल औपचारिकता मात्र थिएन, सायद त्यसमा गहिरो आस्था र जिम्मेवारीका विविध पक्षहरू लुकेका थिए । आफ्ना स्वर्गीय पिताका नाममा समर्पण गरिँदै आएको पुरस्कार कहिल्यै पनि दाम र नाम प्रचारको विज्ञापन नभई श्रद्धा र आस्थाको प्रतीक बन्न सकोस् भन्ने बुबाको आन्तरिक चाहना थियो । हुन पनि आज फर्केर हेर्दा लाग्छ - बिउ पुँजी त एउटा प्रतीक मात्र थियो; वास्तविक हस्तान्तरण त जिम्मेवारी र विश्वासको नै रहेछ । बाहिरबाट हेर्दा बिउ पुँजी आर्थिक व्यवस्था जस्तो देखिन्थ्यो तर त्यसको भित्री अर्थ र आशय धेरै व्यापक थियो । त्यो रकमभन्दा ठुलो थियो बुबाको मौन अनुरोध "यसलाई जोगाइराख्नू, निरन्तरता दिनू र यसमा हाम्रो आदर्श र परम्पराको आत्मा बचाइराख्नू ।" बुबाको त्यो आज्ञा झपट पुरस्कारको निरन्तरताका रूपमा केवल एउटा कार्यक्रम चलाइराख्ने कुरा मात्र थिएन; त्यो त बुबाको सपनालाई अगाडि बढाउने, उहाँको पितृप्रतिको समर्पण भावलाई जोगाइराख्ने र उहाँले हामीमाथि राखिबक्सेको विश्वासलाई सार्थक तुल्याउने गहन दायित्वको सन्देश पनि थियो ।

बुबा कीर्तिशेष भएपछि उहाँले व्यक्त गरिबक्सेको इच्छा र बिउ पुँजीको

विषयमा छलफल गरेर सो रकम मुवाका नाममा हस्तान्तरण गर्‍यौँ किनभने झपट पुरस्कारको संरक्षण र संवर्द्धनमा मुवाको भूमिका पनि बुबाको जत्तिकै महत्त्वपूर्ण थियो । मुवा सधैँ उक्त पुरस्कारको प्रेरणास्रोत बनेर, आस्था र उत्साहको आधार बनेर बुबालाई हरदम हर परिस्थितिमा साथ दिइबक्सेको थियो । बुबाको समर्पणलाई व्यावहारिक रूप दिनामा मुवाको साथ र समर्थन अदृश्य तर अत्यन्त प्रभावकारी थियो ।

बुबापश्चात् झपट पुरस्कारको संरक्षकका रूपमा मुवाले त्यो बिरासतलाई सफलतापूर्वक अगाडि बढाइबक्स्यो । उहाँले यसलाई जिम्मेवारीका रूपमा मात्र होइन, परिवारको गौरव र पितृस्मृतिको निरन्तरताका रूपमा ग्रहण गरिबक्स्यो र आज उहाँपश्चात् हामी त्यस निरन्तरताको साक्षी र संवाहक बनेका छौँ ।

झपट पुरस्कार आज केवल साहित्यिक सम्मानको नाम मात्र होइन, यो हाम्रो परिवारको आत्मकथा हो, यो तीन पुस्तालाई जोड्ने सेतु पनि हो । आफूबुबाको साहित्यिक तपस्या, बुबाको अटुट समर्पण, मुवाको निस्वार्थ संरक्षण र हामीमाथि राखिएको विश्वासको निरन्तरताका रूपमा हामीले यसलाई लिएका छौँ । यस किसिमको विश्वासलाई जोगाइराख्नु हाम्रो परम सन्तुष्टि, कर्तव्य र धर्म पनि हो ।

जब झपट पुरस्कार प्रदान गरिने छ, त्यो केवल स्रष्टा-साधकहरूलाई सम्मान गरिने क्षण मात्र हुने छैन, त्यो हाम्रो पितृपरम्परालाई नमन गर्ने क्षण हुने छ र कतै अदृश्य रूपमा बुबा-मुवाको मौन सन्तुष्टिले हामीलाई अझै अनन्त आशीर्वादको वर्षा गरिरहेको हुने छ ।

# सिमानाभन्दा माथिको मैत्री सम्बन्ध : बुबा र जनरल सुशीलकुमार सिक्का

बुबाको जीवन कर्तव्य, समर्पण र उत्तरदायित्वको कथा मात्र थिएन; उहाँको गहिरो मित्रताको अर्को एउटा सुन्दर अध्याय पनि थियो। तीमध्ये सबैभन्दा एउटा विशेष नाम थियो- भारतीय सेनाका जनरल सुशीलकुमार सिक्का।

बुबाले आफ्नो इन्जिनियरिङ्ग अध्ययन छिमेकी मित्रराष्ट्र भारतको पुणेस्थित कलेज अफ मिलिटरी इन्जिनियरिङ्गबाट गरिबक्सेको थियो। सिक्का अङ्कलसँग उहाँको भेट त्यहीँ नै भएको थियो। उहाँहरूका बिच सुरुमा सहपाठीका रूपमा आरम्भ भएको सम्बन्ध बिस्तारै समयसँगै यस्तो मित्रतामा परिणत भयो जो जीवनभर कायमै रह्यो।

कलेज अफ मिलिटरी इन्जिनियरिङ्ग, पुणेका दिनहरू बुबाका लागि केवल अध्ययनका वर्षहरू मात्र थिएनन्; ती जीवनलाई आकार दिने, आत्मविश्वासलाई निखार्ने र सम्बन्धलाई सुदृढ बनाउने समय थिए। ती दिनहरूको सम्झना गर्दा बुबाको मुहारमा छुट्टै चमक देखिन्थ्यो। बडो प्रसन्न मुद्रामा साझा गरिबक्सन्थ्यो बुबा सिक्का अङ्कलसँगका स्मृतिहरू; उहाँहरूबिचको सम्बन्ध, सङ्घर्ष र सहकार्यका पाटाहरू।

मुवाले पनि त्यस समयको सम्झना अत्यन्त हर्षका साथ सुनाइबक्सन्थ्यो; उहाँका शब्दमा पनि त्यो मित्रताको मिठास छुट्टै झल्कन्थ्यो। त्यहाँ दुई साथीको

मात्र सम्बन्ध थिएन; दुई परिवारको आत्मीयता पनि गाँसिएको थियो। मुवा मर्जी हुन्थ्यो -“सिक्का साहबलाई मैले तयार पारेका व्यञ्जनहरू साह्रै मन पर्थे। आर्मीका पारिवारिक कार्यक्रममा पनि हामी धेरै रमाइलो गर्दथ्यौँ। सँगै बसेर जिउनार गर्ने, हाँसोठट्टा गर्ने हुनाले घरबाहिर पनि घरजस्तै रमाइलो हुन्थ्यो। आफ्नो देश र परिवारसँगको दूरी नै मेटिएको थियो त्यस मित्रतामा। समग्रमा त्यो मित्रता निकटतम आत्मीय बन्धन थियो।”

कलेज अफ मिलिटरी इन्जिनियरिङ्गका दिनहरू सकिएपछि दुवै मित्रहरू आआफ्नै ठाउँमा फर्किबक्स्यो। जीवनले फरक-फरक जिम्मेवारी, परिवेश र व्यस्त दिनचर्या दिए पनि उहाँहरूको मित्रता भने अडिग रह्यो। दूरीले सम्बन्धलाई कमजोर बनाएन; बरु समयसँगै त्यो अझ प्रौढ, प्रगाढ र गहिरो बन्दै गयो।

बुबा मर्जी हुन्थ्यो- त्यो समय प्रविधिको सहज युग थिएन। सम्पर्कको माध्यम थियो केवल चिठी। दुवैले एकअर्कालाई नियमित रूपमा पत्र लेखिबक्सन्थ्यो। ती पत्रहरू समाचारका आदानप्रदान मात्र थिएनन्; ती त भावनाका पुल थिए, स्नेहको निरन्तरताका साक्ष्य थिए। ती पत्रहरूले दूरीलाई छोट्याउँथे, सीमालाई बिर्साउँथे र मित्रतालाई जीवित राख्थे। सिक्का अङ्कलका प्रत्येक पत्र बुबाले मुवालाई पनि सविस्तार साझा गरिबक्सन्थ्यो। यो क्रम लामो समयसम्म चलिरह्यो। वर्षौंसम्म चिठीमार्फत साटासाट भएका शब्दहरूले उहाँहरूको सम्बन्धलाई समयभन्दा बलियो बनायो। आजका सन्देशहरू क्षणभरमै हराएर जान सक्छन् तर ती हस्तलिखित पत्रहरूमा समेटिएका भावनाहरू चिरस्थायी हुन्थे। आजसम्म पनि सिक्का अङ्कलले बुबालाई लेखेका पत्रहरू सुरक्षित छन्; तिनलाई पढ्दा आज पनि उहाँहरूको पवित्र एवम् निस्वार्थ मित्रताको सुवास मगमगाइरहन्छ र कहिल्यै नमेटिने समर्पण र सम्बन्धप्रतिको निष्ठा स्पष्ट झल्किएको आभास हुन्छ।

मैले सिक्का अङ्कललाई भेट्नुअघि नै उहाँलाई राम्ररी चिनिसकेकी थिएँ- कारण उहाँको नाम घरमा पूर्णतः परिचित थियो। उहाँलाई परिवारको सदस्य झैँ गरेर बुबा-मुवाले प्रस्तुत गरिबक्सन्थ्यो। हामी सबैलाई थाहा थियो- सिक्का अङ्कल बुबाको साथी मात्र होइन, उहाँको जीवनयात्राका अद्वितीय मित्र हुनुहुन्थ्यो।

वर्षौं बितिसकेका थिए । बुबा-मुवा कीर्तिशेष भएपछि पनि सम्झनाहरू कहिल्यै ओझेल भएनन् । समयले दूरी बढायो तर मनमा गडेको आत्मीयता भने यथावत् रहिरह्यो । अन्ततः सन् २०२४ मा हामीले एउटा पुरानो आकाङ्क्षा पूरा गर्ने निर्णय गऱ्यौं- बुबाले अत्यन्त माया गरेका मित्र सिक्का अङ्कललाई भेट्ने । हाम्रो मनमा त्यो भेट औपचारिकताका लागि मात्र थिएन, त्यो बुबाको स्मृतिसँग जोडिएको एउटा भावनात्मक यात्राजस्तै थियो । अरुण र मैले धेरै मिहिनेतपश्चात् सिक्का अङ्कलका छोरा विक्रमसँग सम्पर्क गऱ्यौं र नोएडा, नयाँ दिल्लीमा उहाँहरूलाई भेट्ने अवसर मिलायौं ।

सिक्का अङ्कलको घरमा पुग्दा मनमा अनौठो कम्पन थियो- यस्तो लाग्यो कि हामी केवल एउटा घरमा होइन बुबाको अधुरो सम्झनाको ढोकामा प्रवेश गर्दै छौं । ढोका खुल्नेबित्तिकै सम्पूर्ण सिक्का परिवार (छोरा, बुहारी, नाति, नातिनीसहित) हाम्रो स्वागतार्थ उपस्थित हुनुहुन्थ्यो- बडो आत्मीयता, आश्चर्य र उत्साह बोकेर । उहाँहरूका लागि यो अविश्वसनीय थियो किनभने चार दशकपछि उहाँहरूलाई खोज्दै त्यति टाढाबाट कोही आफ्ना पितामाताका मित्र भेट्न आउनु भनेको कल्पनाभन्दा बाहिरको कुरा थियो । सिक्का अङ्कल र परिवारलाई भेट्दा मन नै रसायो । शारीरिक रूपमा उहाँ कमजोर देखिबक्सन्थ्यो तर सम्झनाहरू भने अचम्मका उज्याला र जीवन्त थिए । सिक्का अङ्कल र बुबाको अनुपम मित्रताको सम्झना पुनः जीवित भयो । त्यस भेटमा हामीले महसुस गऱ्यौं- माया र सम्झनाले हाम्रा मनमा त्यही न्यानोपन ल्यायो जुन बुबा-मुवासँग हुँदा अनुभव गरिन्थ्यो । हाम्रा लागि ती क्षणहरू भेट मात्र नभई समय, सम्झना र आत्मीयताका पुनर्मिलन थिए । साँचो मित्रता उपस्थितिमा मात्र होइन; याद, सम्झना र साझा स्मृतिमा पनि जीवित रहिरहन्छ भन्ने कुरा पनि हामीले त्यही भेटमा अनुभव गऱ्यौं ।

आज जब हामी बुबा-मुवाको जीवनलाई फर्केर हेर्छौं तब उहाँहरूका उपलब्धि, समर्पण र कर्तव्यसँगै एउटा कुरा स्पष्ट देखिन्छ- उहाँहरू सम्बन्धलाई कति गहिराइका साथ जोगाइबक्सन्थ्यो । जनरल सुशीलकुमार सिक्कासँग बुबाको मित्रता त्यसैको ज्वलन्त प्रमाण हो । उहाँका यस्ता मित्रवत् सम्बन्धहरू कैयौं थिए

जसमध्ये प्रतिनिधिका रूपमा सिक्का अङ्कलसँगको मित्रतालाई यहाँ प्रस्तुत गरिएको हो ।

पद, प्रतिष्ठा र सीमाभन्दा माथि उठेको त्यस सम्बन्धले हामीलाई के सिकायो भने साँचो मित्रता विश्वासमा बाँच्छ, सम्मानमा फस्टाउँछ र समयसँगै अझै प्रगाढ हुँदै जान्छ। बुबा-मुवाले पुरस्कारको बिरासत मात्र छोडिबक्सेन, उहाँहरूले मित्रताको मूल्य पनि हामीलाई देखाइबक्स्यो । सम्भवतः यसै कारणले आज पनि सिक्का अङ्कलको नाम उच्चारण गर्दा हाम्रो मनमा आत्मीयताको र सच्चा मित्रताको उज्यालो फैलिन्छ।

# बन्दीपुरको यात्रा र मन्दिरको सपना

मधेस आन्दोलन उत्कर्षमा पुगेको समय थियो । परिस्थिति असहज थियो, अनिश्चितता हावामै मिसिएको जस्तो लाग्दथ्यो । तर त्यही असहजताबिच पनि हाम्रो परिवारभित्र एउटा उत्साह पलाइरहेको थियो । हामी बुद्ध एयरको उडानमार्फत जनकपुर पुगेका थियौँ; सिरहाको बन्दीपुरतर्फको यात्राको सुरुवात गर्दै ।

हामी सपरिवार (बुबा, मुवा, अरुण, म र भायलेट) को स्वागतार्थ हवाई अड्डामा अशोक दाइ सवारी भइबक्सेको थियो । अपनत्वले भरिएको त्यो स्वागतले यात्राको थकान क्षणभरमै बिर्सायो । हाम्रो यात्रा जनकपुरबाट बन्दीपुरतर्फ बढ्यो - बाटाभरि मुवा-बुबाले पुराना यादहरूको फेहरिस्त नै खोलिबक्स्यो । आफूबुबा झपट आफ्ना जीवनका सबै सुखसुविधा त्यागेर बन्दीपुर सवारी भइबक्सेको घटनादेखि लिएर जीवनका विभिन्न मोडका अनेकौँ कथाहरू क्रमैसँग साझा गरिबक्स्यो बुबाले । आफ्ना माता-पिताका सम्झनाहरू कुनै चलचित्रको कथाजस्तै निरन्तर बगिरहे बुबाको हृदयबाट- कहिले आनन्दका, कहिले करुणाले ओतप्रोत भएका त कहिले धमिलिएका । मन थाम्न नसकिने अन्तिम साससम्मका सम्झनाहरू सतहमा छचल्किए । मुवाले पनि बेलाबेलामा बुबाका कुरामा सही थाप्दै साथ दिइबक्स्यो । त्यस यात्रामा हामी केवल गन्तव्यतर्फ मात्र अघि बढिरहेका थिएनौँ- हामी पुरानो जीवन, विगत इतिहास र भिन्न पुस्ताका भावनात्मक यात्रामा सहभागी भइरहेका थियौँ ।

म सम्झन्छु- कमलानदीको पुल नजिकिँदै गर्दा बुबाले चालकलाई गाडी

रोक्न आग्रह गरिबक्स्यो। गाडीबाट बाहिरिएपछि उहाँ श्रद्धाका साथ आफ्ना पिता-मातालाई स्मरण गर्दै प्रार्थनामा लीन भइबक्स्यो। बुबालाई लाग्दथ्यो, आज पनि उहाँका पिता-माता कमलानदीमै प्रवाहित होइबक्सन्छ- नदीको निरन्तर बहावमा, अनन्तको अनवरत यात्रामा। मलाई लाग्छ, बुबाको त्यो विश्वास केवल धार्मिक आस्थाको अभिव्यक्ति मात्र थिएन वा कुनै क्षणिक कर्मकाण्ड मात्र थिएन; त्यो त सन्तानका हृदयमा आफ्ना विधाताहरूप्रति कहिल्यै नओइलाउने प्रेम, कृतज्ञता र श्रद्धाको बहाव थियो। वास्तवमा बुबा 'कलियुगका श्रवणकुमार' नै होइबक्सन्थ्यो। उहाँजस्तो अनन्य पितृभक्तको सङ्गतले त जस्तोसुकै कुपुत्रलाई पनि कर्तव्य, समर्पण र पितृभक्तिको अनुभूति गराउन सक्थ्यो। बुबाको जीवनबाट मैले के कुराको बोध गर्न सकेँ भने समय बदलिन्छ, युग बदलिन्छ तर माता-पिताप्रतिको श्रद्धा र जिम्मेवारी कहिल्यै बदलिँदैन। सन्तानका हृदयमा जरा गहिरो भए मात्र संस्कारहरू पुस्तौँसम्म बगिरहन्छन् यी अनुभूतिहरू। कमला नदीजस्तै बगिरहने एक शाश्वत प्रवाह बनेर मेरा स्मृतिमा सदैव अङ्कित रहिरहने छन्।

घर पुग्नुअघि बाटामा जनकचोक पर्दथ्यो- बुबाका दाजु जनकविक्रमका सम्मानमा राखिएको थियो त्यस ठाउँको नाम। त्यो नाम देख्नेबित्तिकै बुबाको मुहार एकाएक प्रज्वलित भयो। कुनै शब्दको आवश्यकता थिएन, आँखाको भाव र अनुहारको उज्यालोले नै सबै कुरा व्यक्त गरिरहेको थियो। सायद आफ्ना प्रिय मान्छेप्रतिको अनुराग र स्नेह यस्तै हुन्छ; लुकाउन खोज्दा पनि लुक्न नसक्ने, मौनतामा पनि गहिरो रूपमा प्रकट हुने।

अन्ततः हामी बन्दीपुरको घर पुग्यौँ। ठुली मुवा (बुबाकी जेठी भाउजू) जनकविक्रमकी रानी एवम् परिवारका अन्य सदस्यहरू हाम्रो आगमनका लागि आतुरतापूर्वक प्रतीक्षारत होइबक्सन्थ्यो। धेरै वर्षपछि मुवा-बुबाले बन्दीपुरको माटो टेकिबक्सेको थियो- यो ठाउँ उहाँहरूको आत्मासँग जोडिएको थियो। सबैसँगको स्नेहपूर्ण मिलनले मुवा-बुबामा हर्षको सीमा थिएन। उहाँहरूको उपस्थितिले घरमा मात्र हर्ष र रमाइलो भएको होइन, यस्तो लाग्दथ्यो कि सिङ्गो बन्दीपुर नै प्रज्वलित भएको छ। उहाँहरूसँग दर्शनभेटका लागि सानोतिनो बाढी नै आएजस्तो देखिन्थ्यो आफन्तहरूको। अझ मुवा र ठुली मुवाहरूको गफगाफको कुनै अन्त्य नै थिएन।

लाग्दथ्यो वर्षौंदेखि सँगालेका सम्झना र घटनाहरू एकएक गरी खोलिँदै छन्। हाँसो, सम्झना र सन्तोषले भरिएका ती संवादहरूले मेरा मनमा पनि गहिरो ठाउँ बनाइरहे।

करिब एक हप्तासम्मको बन्दीपुर बसाइ अत्यन्तै सुखदायक एवम् आनन्ददायक रह्यो। आफ्ना मान्छेहरूको माया, प्रेमिल सामीप्य, मिठा व्यञ्जनहरू र सत्कारले हाम्रो हृदय पूर्ण रूपमा भरियो। प्रत्येक दिन, प्रत्येक क्षणले हामीलाई झन् नजिक ल्याए। परिवारको अपनत्व र न्यानोपनले केवल शरीर मात्र होइन, मन र आत्मालाई पनि तृप्त गराइदिए। ती क्षणहरू, सम्झनाहरू र अनुभूतिहरू आज पनि मेरा मानसपटलमा उज्यालो बनेर बसेका छन्। केही यात्राहरू दूरीले होइन, मनको तृप्तिले नापिन्छन् भन्ने बोध मेरा मानसिकतामा त्यस यात्राले अझ प्रगाढ बनाइदियो।

सारा आनन्दका बाबजुद पनि बुबाका मनमा कहिलेकाहीँ दुःखका तरङ्गहरू उठ्थे। जुन सपना, उद्देश्य र योजना लिएर बुबा बन्दीपुर सवारी भइबक्सेको थियो त्यो पनि पूर्ण हुन सकेन। जीवनका अन्तिम दिनसम्म पनि त्यो कुरा बुबाको मनमा बिझिरह्यो। भगवान् राधा-कृष्णको मन्दिर बनाई साथै आफ्ना माता-पिताको मूर्ति स्थापना गर्ने उत्कट इच्छा थियो बुबाको। त्यो इच्छा उहाँका पिताको आदेशपालनका रूपमा पैदा भएको थियो। सारा योजना र तयारी गरिसकेपछि बुबालाई बन्दीपुरमा मन्दिर बनाउने स्थान (जग्गा) उपलब्ध हुन सकेन। आफू बुबाको इच्छा बन्दीपुरमा नै मन्दिर निर्माण होस् भन्ने कारणले मात्र हो नत्र बुबालाई अन्य ठाउँमा जग्गाको कुनै कमी थिएन। बुबा सधैँ आफ्नो सामर्थ्यमा उभिएको मान्छे जसले कहिल्यै आफ्ना पिता-पुर्खाहरूको पैतृक सम्पत्तिप्रति झुकाव राखिबक्सेन र आफूले प्राप्त गर्ने सम्पत्तिको हक पनि त्यागिबक्स्यो। उहाँले नै आफ्ना पिताको आदेश पूरा गर्न असमर्थ हुनुपर्‍यो आवश्यक जग्गाका अभावमा। मेरा मनमा ताजा सम्झना छ- ती सबै पलहरू जब बुबाले परिवारका धेरै जनासँग अनुरोध गरिबक्स्यो जग्गा उपलब्ध गराउन। नभए सानो टुक्रा जग्गा खरिद गर्नका लागि पनि प्रस्ताव राखिबक्स्यो तर त्यति पनि उपलब्ध हुन सकेन र अन्त्यमा आफ्ना विश्वासी ठहरिएका परिवारका सदस्यलाई "तिम्रो आँगनका छेवैमा सानो कोठा जत्रो ठाउँ, मूर्तिहरू स्थापना गरी अलिकति बाहिरबाट घुम्न मिल्नेसम्म भए

पनि हुन्छ" भनी बिन्तीभाउ नै गरिबक्स्यो तर सबैतिर निराशा मात्र हात लाग्यो । सम्पूर्ण त्याग, समर्पण र प्रयासका बाबजुद बुबाको इच्छा अधुरो रह्यो । पछि पनि बारम्बार बुबामा यो जग्गा/स्थान अप्राप्तिको मौन पीडा बल्भिःरहन्थ्यो । अन्ततः जुन मूर्तिहरू मन्दिरका लागि तयार गरिएका थिए ती सबै आफ्नै घरको मन्दिरमा नै स्थापना गरियो र बुबा-मुवाको घरलाई मन्दिर बनाउने काम भयो । मन्दिरमा विराजमान देवी-देवताले हामी यज्ञ सन्ततिलाई दम्भ, दुर्भावतिर प्रवृत्त हुनबाट सधैँ जोगाइरहून् ।

# हामी फर्कियौँ !

विवाहपछि जीवनले हामीलाई धेरै बाटाहरू देखायो । अध्ययनका नाममा, अवसरका नाममा, भविष्यका नाममा हामी केही समय घरबाहिर रह्यौँ । हामी ती देशहरूमा थियौँ जसलाई धेरैले सपनाको गन्तव्य भन्छन् । त्यहाँ आरामले बस्न सकिन्थ्यो । त्यहाँ भविष्य सुरक्षित बनाउन सकिन्थ्यो । त्यहाँ सफलताको अर्को आयाम र परिभाषा लेख्न सकिन्थ्यो । तर हरेक पटक ती चम्किला सहरहरूका बिचमा उभिँदा पनि मन खाली हुन्थ्यो । बाहिर सबै कुरा थियो- सुविधा, सम्भावना, सम्मान । तर मनभित्र भने एउटा शून्यता थियो ।

त्यो रिक्तता केवल घरको होइन, मुवा-बुबाको थियो । विदेशमा रहँदा सधैँ मनमा एउटा अज्ञात भयले झकझक्याइरहन्थ्यो - हामी यता छौँ, मुवा-बुबा उता होइबक्सन्छ । यो केवल भौतिक दूरी थिएन । यो मनको अस्थिरता थियो । हरेक पटक आफैलाई सोध्थ्यौँ-“के हामी ठिक ठाउँमा छौँ ?” साँचो कुरा त के हो भने मुवा-बुबालाई सहाराको कमी थिएन । उहाँहरू आत्मनिर्भर होइबक्सन्थ्यो । तर कुरा सहाराको मात्र थिएन, कुरा हाम्रो उपस्थितिको थियो ।

म सधैँ सोच्थेँ- हरेक सन्तानको आफ्नै योगदान हुनुपर्छ, आफ्नो उपस्थिति अर्थपूर्ण हुनुपर्छ । अरू कसैले गरिदेला भनेर ढुक्क हुन सजिलो त छ तर सन्तान भएर त्यसरी ढुक्क बस्न मिल्दैन र हुन्न पनि । हरेक पटक अरुणलाई म नै भन्ने गर्थेँ “हामी घर फर्कौं ।”

आज म खुलेर स्वीकार गर्छु- हामी मुवा-बुबा हजुरहरूका लागि मात्र फर्केनौँ,

हामी आफ्नै लागि फर्कियौँ। हामी फर्कियौँ हजुरहरूको सामीप्य र आशीर्वाद पाउन। हामी फर्कियौँ हजुरहरूको मौन उपस्थितिमा शान्ति खोज्न र बाँचुन्जेल हजुरहरूको वात्सल्य र काखको न्यानोपन अनुभव गर्न। मलाई मनमा निरन्तर प्रतिध्वनित भइरहन्थ्यो मुवाको त्यो वाक्य- "छोरासँग बस्नै पाएका छैनौँ।" त्यस वाक्यमा गुनासो थिएन, बरु मातृत्वको एउटा मौन पीडा थियो। सानैदेखि होस्टल, त्यसपछि विदेश। परिस्थितिले उहाँलाई सधैँ छोराबाट केही टाढा राख्यो। अझ फेरि, अरुण मुवा-बुबाको छोरा मात्र होइन, अरुण त उहाँहरूको प्रेमको सौगात, सन्तानेश्वर महादेवसँग गरिएको भाकलको प्रतिफल, जिजुबुबा-जिजुमुवाको 'नवराजा' र सबैको 'सानुराजा'। एक्लो छोरा, एक्लो उज्यालो। त्यसैले त अरुणको जिम्मेवारी पनि गहिरो थियो।

हामीले आफैँलाई सोध्यौँ- अब पनि बुबा-मुवासँग सँगै नबसे कहिले बस्ने ? जसले जीवनभर विनासर्त साथ दिइबक्स्यो, कहिल्यै प्रतिफलको आशा राखिबक्सेन, जसले आफ्ना तमाम चाहनाहरू सन्तानको भविष्यका लागि समर्पित गरिबक्स्यो; त्यो साथ एवम् समर्पणका बदलामा हाम्रो उपस्थिति पनि नरहे त्यो कत्तिको न्यायसङ्गत होला ? त्यसैले हामीले फर्किने निर्णय गर्‍यौँ र फर्कियौँ- कुनै बाध्यताले होइन, कुनै दबाबमा होइन; बस् बुबा-मुवाको प्रेम र वात्सल्यको विशाल छहारी प्राप्त गर्न।

हामी फर्किएपछि बुबासँग एक दशकजति र मुवासँग डेढ दशकभन्दा बढी बिताउने सौभाग्य पायौँ। त्यस समयसम्म उहाँहरू उमेरको त्यस्तो दशकमा पुगिबक्सँदै थियो जहाँ सन्तानको साथ सुख, विलासका निम्ति होइन, आवश्यकता बन्छ। शरीर त बिस्तारै थाक्दै र जीर्ण हुँदै जान्छ तर मन अझै सन्तानकै माया र प्रतीक्षामा दृढ भएर उभिँदै जान्छ।

जीवनमा सबै कुरा एक दिन समाप्त हुन्छन्। जन्म छ भने अवसान पनि निश्चित छ। मुवा-बुबा पनि यस परम यात्रामा सवारी भइबक्स्यो। हामीले उहाँहरूलाई गुमायौँ तर केवल शारीरिक रूपमा मात्र। म बुहारी भए पनि गर्व गर्छु, सन्तुष्ट छु मुवा-बुबाको अन्तिम पलसम्मको साक्षी हुने अवसर प्राप्त गर्न पाएकामा। हामीले आफ्नै हातबाट अन्तिम श्रद्धाञ्जलि अर्पण गर्न पायौँ। अरुण

अर्थात् मुवा-बुबाको सानुराजालाई आफ्ना मातापिताको अन्तिम पुण्यकर्म गर्ने अवसर प्राप्त भयो। ती क्षणहरू अवश्यै असहाय पीडाहरूले भरिएका थिए तर त्यही पीडाभित्र एउटा अद्‌भुत पवित्रता पनि थियो। त्यो केवल परम्परा थिएन, त्यो सन्तानको अन्तिम कर्तव्य थियो। म सदा महसुस गर्छु - पितृऋण कहिल्यै पूर्ण रूपमा तिर्न सकिँदैन किनभने त्यो ऋण जीवनभन्दा ठुलो हुन्छ तर आफ्नै हातले अन्तिम कर्तव्य पूरा गर्न पाउँदा मनमा एउटा गहिरो सन्तोषको अनुभूति हुँदो रहेछ, अधुरोपन कम भई आत्मशान्ति प्राप्त हुँदो रहेछ।

आज फर्केर हेर्दा यस्तो लाग्छ, मातापिताका लागि सन्तानको उपस्थितिभन्दा ठुलो सहारा संसारमा अरू केही हुँदैन। हामी फर्कियौँ र त्यो फर्किने निर्णय नै हाम्रो जीवनको सबैभन्दा ठुलो सफलता थियो किनभने अन्ततः संसार जित्नु ठुलो कुरा होइन; आफ्नो घर, आफ्नो मूल, आफ्नो जरा, आफ्ना अभिभावकप्रतिको कर्तव्य पूरा गर्नु नै जीवनको वास्तविक विजय हो भन्ने लाग्छ। हामीले संसार रोजेनौँ, हामीले हजुरहरू रोज्यौँ- मुवाबुबा!

❀

# मुवा–बुबाकी राजकुमारी

२०६६ सालले हाम्रो जीवनमा अर्को एउटा सुन्दर उपहार लिएर आयो । हाम्रा घरमा दोस्री छोरी, बुबा-मुवाकी दोस्री नातिनीको आगमन भयो । उनको आगमनले हाम्रो जीवनमा थप नयाँ अध्याय सुरु गऱ्यो । घरको मौनता फेरि हाँसोमा बदलियो, दिनचर्यामा नयाँ आशा र उमङ्गहरू थपिए । परम्पराअनुसार नामकरण संस्कार सम्पन्न भयो । त्यस क्रममा उनको जुही नामकरण गरियो । जुही दोस्री नातिनी थिइन् भन्ने कुरा गिन्तीमा मात्र सीमित रह्यो किनभने मुवा-बुबाका नजरमा उनी सुरुदेखि नै उहाँहरूकी प्रिय राजकुमारी थिइन् । हामी माया गरेर उनलाई ‘चुचु’ भन्थ्यौँ तर मुवालाई त्यो उपनाम पटक्कै मन पर्दैनथ्यो । मुवा उनलाई सधैँ मेरी ‘सानी महारानी’ मर्जी हुन्थ्यो अनि बुबा ‘सानो बाबु’ । यी नामहरूमा कुनै औपचारिकता थिएन, थियो त बस् उहाँहरूको अपार माया र स्नेह ।

मुवा-बुबाको काख, वात्सल्य नातिनीका लागि सबैभन्दा सुरक्षित संसार थियो । उहाँहरूले उनलाई कति पटक मायाले अँगालिबक्स्यो, कति पटक नथाकी बोकिबक्स्यो, त्यसको कुनै हिसाब छैन । म सोच्छु, हामीले देख्न सक्ने कुरा त सीमित रहेछ । हामीले त मुवा-बुबाले पिठिउँमा बोकेको मात्र देख्यौँ नातिनीलाई तर मन र हृदयले त झन् अनगिन्ती पटक बोक्यो होला- त्यो देख्ने, महसुस गर्ने सामर्थ्य हामीमा थिएन ।

हामी एउटै बाल्कोनी (बरन्डा) प्रयोग गर्ने भएकाले बुबा आफ्नो ‘सानो बाबु’ सँग अझ बढी समय बिताइबक्सन्थ्यो । उनका ससाना गतिविधि, खेल र आँखा

घुमाएर संसार बुझ्न खोज्ने क्षणहरू सबै बुबाका लागि मौन उत्सवजस्तै हुन्थे। कुनै बेला नातिनी नाङ्गो गोडा हिँडेको देखिबक्स्यो भने बुबाको मन अस्थिर हुन्थ्यो। उनका खेलौना, पहिरन अलिकति पनि फोहोर देखिएमा सिङ्गो घरलाई सजग बनाइबक्सन्थ्यो। त्यो कठोरता होइन अपितु अपार स्नेहको अर्को रूप थियो। नातिनीलाई सुरक्षित राख्ने, जोगाइराख्ने, सधैँ स्वस्थ र सकुशल होस् भन्ने चाहना थियो उहाँको। बुबा-मुवाका हृदयले बोकेको त्यो माया, त्यो चासो, त्यो सुरक्षा सबै हिसाबबाहिरका थिए, बेहिसाब थिए, अनन्त थिए।

आज समय अघि बढेको छ। बाल्कोनी उही छ तर त्यहाँ साना पाइला सम्झनामा मात्र बाँचेका छन्। मुवाकी 'सानी महारानी' अनि बुबाकी 'सानो बाबु' ठुली हुँदै गएकी छन्। उनको मुहारमा मुवाको सौन्दर्य झल्कन्छ, हाँसोमा मुवाका हाँसोको मिठास देखिन्छ, उनका रङरूपमा मुवाको उज्यालो भेटिन्छ। उनमा बुबाको जस्तै गम्भीरता, अनुशासन र करुणाका भावहरू बग्दछन्। उनी हाम्रो जीवनको अनुपम उपहार, मुवा-बुबाकी राजकुमारी, सम्पूर्ण परिवारकी शाहज्यादी, जसले हृदय र घर दुवैमा अनन्त मिठास र निरन्तर प्रेमको रङ छरेकी छन्।

## बुबाको अन्तिम बिदाइ : प्रकाशतर्फको अनन्त यात्रा

हामी सधैँ दुःख र पीडाबाट आफूलाई जोगाउन खोज्छौँ तर बिर्सन्छौँ कि तिनै जीवनका अभिन्न अंश र सत्य तत्त्व हुन् । समय आफ्नै लय र आफ्नै नियममा अगि बढिरहन्छ अनि वर्षहरू थाहै नपाई बित्दै जान्छन् । समयको यही यात्रामा बुबाको शरीर पनि थकित हुँदै गयो, अस्तित्व झन् नाजुक र शान्त बन्दै गयो । बुबामा देखिएका ती परिवर्तनहरू हृदयविदारक थिए तर त्यसभित्र एउटा मौन गरिमा र स्वीकारोक्तिको उज्यालो पनि लुकेको आभास हुन्थ्यो ।

बुबा जीवनको अन्तिमतिरका केही महिनाहरूमा अस्वस्थ रहिबक्स्यो । सुक्खा खोकी, श्वासप्रश्वासमा अप्ठ्यारो र शारीरिक कमजोरीले उहाँलाई घेर्दै लगे तथापि बुबाबाट गुनासो कहिल्यै सुनिएन । बरु बुबाले जीवनका अन्तिम पलहरूलाई अत्यन्त शान्त र स्वाभाविक तवरले स्वीकार गरिबक्सेको जस्तो लाग्छ । देह कमजोर हुँदै गइरहेको थियो तर चेतना भने स्पष्ट थियो । उहाँ सहज रूपमा संवाद गरिबक्सन्थ्यो, आफ्ना भावनाहरू सरलतापूर्वक व्यक्त गरिबक्सन्थ्यो । मुवालाई बेला मौकामा जिस्क्याइबक्सन्थ्यो । नातिनीहरूको स्कुलबारे चासो राखिबक्सन्थ्यो र छोरा अरुणका हरेक प्रगति र उन्नतिबारे दुरुस्त याद गरिबक्सन्थ्यो । गजबको कुरा त बुबा आफ्नो शारीरिक अवस्था खस्कँदो स्थितिमा पनि सधैँ "म एकदम ठिक छु" मात्रै मर्जी हुन्थ्यो । बुबाको शारीरिक अवस्थामा देखिएको परिवर्तनसँगै घरको वातावरण पनि बिस्तारै परिवर्तन हुँदै गयो । हरेक श्वास, हरेक चाल अझै मूल्यवान् बन्न थाले । बुबालाई गुमाउने भयले हामीलाई भित्रभित्रै विचलित बनाउँदै लग्यो तर पनि बुबाको उपस्थितिले हामीलाई धैर्य, मर्यादा र प्रेमको अर्थ सिकाइरह्यो ।

अहिले पनि हृदयमा त्यत्तिकै ताजा छ, श्रावण ५ गतेको त्यो बिहान, बुबाले मसँग व्यक्त गरिबक्सेको भावना- मानौँ मनभित्रका सबै कुरा क्रमैसँग मिलाएर सुम्पिन चाहिबक्सन्थ्यो बुबा। मेरो दैनिक चर्या नै थियो कार्यालय जानु अगाडि बुबासँग सधैँ बिदा हुने। त्यो बिहान पनि उहाँसँग बिदा भएर कार्यालय जान भऱ्याङ ओर्लँदै थिएँ। मुवाले पछाडिबाट डाकिबक्स्यो -"रेखा! बुबाले तिमीलाई खोजी गरिबक्सेको छ।" म हतारिँदै बुबाको खोपीमा गएँ। उहाँले मलाई आफ्नो छेउमा बस्न आज्ञा गरिबक्स्यो अनि अत्यन्त शान्त स्वरमा मर्जी भयो "बुहारी! मैले परिवारका सबैलाई निष्पक्ष रूपमा दिनुपर्ने सबै कुरा दिइसकेँ। अब जे जति बाँकी छ, त्यो सबै मेरा नातिनीहरूको शिक्षा र संरक्षणका लागि सुरक्षित गरिदिएको छु, अब तिमीले संरक्षण गर्नू।" बुबाबाट अचानक यस्तो मर्जी हुँदा म एक क्षण त पूर्ण मौन भएँ। त्यस क्षणमा मेरो मन अत्यन्त भारी भयो - कृतज्ञता, प्रेम र जिम्मेवारीको गहिरो भावले भरिएको। बुबाका ती शब्दहरू केवल अर्थ/सम्पत्तिका कुरा मात्र थिएनन्; ती त विश्वासका शब्दहरू थिए, आत्मीय हस्तान्तरण थिए। त्यो क्षण मलाई यस्तो लाग्यो मानौँ बुबाले आफ्नो मनको भार मसँग सुम्पेर हलुका हुन चाहिबक्सेको हो। सायद बुबालाई आभास भएको थियो- उहाँ सांसारिक दुनियाँबाट चाँडै विश्राम लिइबक्सँदै छ र अनन्तको यात्रामा जानु अघि आफूलाई पूर्ण रूपमा खाली गर्नुपर्ने छ। अतः बुबाले आफ्नो मनका सबै गाँठाहरू फुकाइबक्स्यो।

बुबासँगको संवादपछि त्यस दिन म कार्यालय जान सकिनँ। घरको हावा नै फेरिए जस्तो लाग्यो। शब्दहरू अझ सीमित हुँदै गए तर तिनको गहिराइ असीमित हुँदै गयो। बुबाले मर्जी भएका ती वाक्यहरू, ती शब्दहरू, संवादहरू मेरा लागि केवल उहाँका निर्देशन मात्र थिएनन्, ती त आशीर्वाद थिए, जिम्मेवारीसँग गाँसिएको वात्सल्य थियो। उहाँले जीवनभर जोगाएर राखिबक्सेको विश्वासको अन्तिम आशीर्वाद मलाई सुम्पिबक्सेको थियो।

हरेक रात शयन गर्नुअगि मुवा-बुबालाई शुभरात्रि भनेर मात्र हामी आफ्नो शयनकक्षमा आउँथ्यौँ। तर त्यो श्रावण ५ गतेको रात फरक थियो। राति करिब ११ बजेसम्म हामी बुबाकै खोपीमा उहाँकै साथमा थियौँ। समय अड्किए झैँ तर चुपचाप मन्दगतिमा बगिरहे जस्तो लाग्थ्यो, मानौँ कसैले त्यस क्षणलाई रोक्न

खोजिरहेछ । करिब ११:३० बजेतिर बुबाले शान्त स्वरमा मर्जी भयो -"अब तिमीहरू सुकला गर ।" त्यसपछि बुबाले अरुणलाई मर्जी भयो -"बाबु ! म सुत्छु । गुड नाइट ! अब मलाई नउठाऊ ।" बुबाको त्यो अन्तिम वाक्य साधारण थिएन । आज सम्झँदा लाग्छ - त्यो बुबाको अन्तिम आशीर्वाद थियो, अन्तिम आग्रह थियो र अन्तिम बिदाइ पनि !

त्यसै रात करिब १२ः३० बजे (श्रावण ६ गते २०६८ साल) कुनै हतार, कुनै पीडाको आवाजविना बुबा शान्तपूर्वक सदाका लागि चिरनिद्रामा समाहित हुदै निदाइबक्स्यो । अन्तिम क्षणसम्म पनि बुबा सजग होइबक्सन्थ्यो, भावना व्यक्त गर्न सकिबक्सन्थ्यो र जीवनप्रति पूर्ण स्वीकारोक्तिका साथ अगि बढिबक्सेको थियो । बुबाको अन्तिम बिदाइमा डर थिएन केवल शीान्त थियो; त्यस्तो शान्ति जसले पीडाभित्र पनि प्रकाश छोडिदिन्छ ।

आज बुबा भौतिक रूपमा हामीमाझ होइबक्सन्न तर उहाँको उपस्थिति हराएको छैन । उहाँका शब्दहरू, मूल्यहरू र हामीप्रतिको विश्वास, हाम्रो जीवनका मार्गदर्शन बनेर रहिरहेका छन् । बुबाले हामीलाई छाडेर गइबक्सेको प्रेम कुनै शून्यतामा होइन, यो त यस्तो प्रकाश हो जसले हरेक अँध्यारा क्षणमा पनि बाटो देखाइरहन्छ । बुबाको त्यो शान्त बिदाइले मलाई सदा के सम्झाइरहन्छ भने जीवनको अन्त्य पनि यदि प्रेम र स्वीकारोक्तिसँगै भयो भने अत्यन्तै सुन्दर र अद्भुत हुन सक्दछ ।

# छोराको वरिपरि घुमेको संसार

कतिपय व्यक्तित्व शब्दभन्दा पर हुन्छन् । हाम्री मुवा पनि त्यस्तै होइबक्सन्थ्यो जसलाई बुझ्न समय लाग्छ र सम्झिन सिङ्गै जीवन । उहाँमा अन्तर्निहित ममता, मौन प्रेम र समर्पणलाई शब्दद्वारा पूर्ण रूपमा समेट्न सकिँदैन किनभने उहाँलाई बुझ्न भाषाको हैन भावको आवश्यकता पर्दथ्यो तर नलेखी पनि त मनले मान्दैन ।

मुवाको व्यक्तित्वका अनेक आयाम थिए- संयमी, गहिरो सोच, सूक्ष्म चातुर्य र अविचलित धैर्य । यी सबैको सङ्गमले उहाँलाई साँच्चै नै विलक्षण बनाएका थिए । मुवा धेरै बोलिबक्सन्नथ्यो तर जे बोलिबक्सन्थ्यो त्यो अनुभवले निथ्रुक्क भिजेको हुन्थ्यो । आफ्ना भावनाहरूलाई हत्तपत्त सजिलै साझा नगर्ने स्वभाव थियो उहाँको तर त्यो मौनताभित्र एक विशाल संसार थियो जसका केन्द्रमा सधैँ छोरा विराजमान भए जस्तो अनुभूति हुन्छ । मुवाका प्राणका रूपमा केवल छोरा अरुण जसलाई उहाँ बाबु र सानुराजा भनी स्नेहपूर्वक सम्बोधन गरिबक्सन्थ्यो ।

म आफै पनि दुई सन्तानकी आमा हुँ । त्यसैले म जान्दछु, बुझ्दछु हरेक आमाहरूले आफ्ना सन्तानलाई गर्ने माया, वात्सल्य र स्नेह । तर मुवाको माया यी भन्दा पनि केही फरक थियो, त्यो माया सीमा नापेर बग्दैनथ्यो । कहिलेकाहीँ यस्तो लाग्दथ्यो- मुवाका हरेक प्रार्थना छोराकै नाममा उठ्थे । भगवान्सँग बिन्ती बिसाउँदा पनि पहिला छोरालाई नै सम्झिबक्सन्थ्यो जस्तो अनुभूति हुन्थ्यो । आफ्नो गाथमा आराम नभएका अवस्थामा पनि छोरालाई के मिठो लाग्छ, के मन पर्छ, समयमा खायो कि खाएन, कसैले उसलाई बेवास्ता त गरेन ! यी सबै कुरा

उहाँका प्राथमिक चासोका विषयभित्र पर्दथे । मुवालाई आफ्नो पीडाभन्दा ठुलो हुन्थ्यो छोराको सन्तुष्टि ! सायद यही कारण थियो, उहाँको माया बुझ्न शब्दभन्दा पहिले मन खोल्नुपर्थ्यो ।

कहिलेकाहीँ यस्तो महसुस हुन्थ्यो कि मुवाको त्यो ममता एकाएक पैदा भएको थिएन । उहाँको जीवनमा छोराको आगमन कुनै साधारण घटना थिएन । पाँचवटी छोरी जन्माइसकेपछि झन्डै दश वर्षको लामो प्रतीक्षापछि जन्मिएका छोरा अरुण । आशा र धैर्यको त्यो दशक मुवाले मौनतामा काटिबक्सेको थियो- कसैसँग गुनासो नगरी तर मनभित्र अनगिन्ती पुत्रप्राप्तिका प्रार्थनाहरू बोकेर ।

म सम्झन्छु मुवासँगको त्यो संवाद– "रेखा ! अस्पतालमा डाक्टरले छोरा भयो भनेको सुनेँ, म त झन्डै बेहोस जस्ती भइछु । पहिलो पल त विश्वास नै लागेन त्यो खबर यथार्थभन्दा पनि सपना जस्तो लाग्यो ।" मुवाका लागि छोराको त्यो आगमन केवल सन्तानप्राप्ति मात्र थिएन, त्यो वर्षौंसम्मको प्रतीक्षाको प्राप्ति थियो । धेरै लामो समयदेखि दबाएर राखेको चाहना, धेरै लामो पर्खाइ र आशाहरूको प्रतिफल थियो पुत्रप्राप्ति । सायद त्यसैले पनि होला मुवाको सम्पूर्ण संसार छोरामा केन्द्रित भएको ।

अझ मनै प्रफुल्लित बनाउने कुरा त मुवाले छोरासँगका साना-साना स्मृतिहरू पनि बडो जतन गरेर राखिबक्सेको थियो । छोरालाई पहिलो पटक पहिराइदिएको वस्त्र, पास्नीको पोसाक, पहिलो सुट, दौरा-सुरुवाल, खेलौना आदि आदि । यी सबै मुवाले अमूल्य निधिजस्तै सह्मालेर राखिबक्सिएको रहेछ । समय बित्दै जाँदा ती पोसाकहरू मुवाले मलाई जिम्मा लगाइबक्स्यो र मैले हाम्रा छोरीहरूलाई पालैपालो केही पहिराइदिएँ । आजपर्यन्त ती सबै पोसाकहरू सुरक्षित छन् किनभने ती केवल वस्त्र मात्र होइनन्, मुवाको ममताले निथ्रुक्क भिजेका उहाँका वात्सल्यका प्रमाणहरू हुन् ।

मुवाको जीवन छोराको वरिपरि गहिरो गरी बुनिएको थियो । उहाँका प्रार्थनाहरू, चिन्ताहरू, चाहनाहरू सबैका केन्द्रविन्दु केवल छोरा अरुण । मलाई कहिलेकाहीँ यस्तो महसुस हुन्थ्यो- मुवाको छोराप्रतिको माया मायाभन्दा माथिको

आसक्ति थियो । जब छोराको कुरा हुन्थ्यो तब कसैलाई पनि पूर्ण रूपमा विश्वास गरिबक्सँदैनथ्यो । मुवाको त्यो आसक्ति सानासाना कुरामा पनि झल्कन्थ्यो । जस्तो भान्सामा छोराको रुचिअनुसारको व्यञ्जन तयार भयो कि भएन ? छोरालाई कति रुचि भयो आदि इत्यादि । समग्रमा मुवाका दिनहरू छोराको खुसी र चिन्तामा घुम्दथे । बुबाको देहावसानपछि यो भावना अझ बलियोसँग झाङ्गिएको थियो ।

पहिला पहिला मलाई लाग्थ्यो मुवा किन यस्तो आसक्त भइबक्सेको होला ! सबैले नै सानुराजालाई माया गर्छन्, ख्याल राख्छन्, ऊ सबैको प्रिय मान्छे नै हो । तर अब म बुझ्छु- उहाँको त्यो अत्यधिक माया, त्यो हस्तक्षेप, त्यो स्वामित्व जस्तो देखिने स्नेह सबै उहाँको निस्वार्थ भावना थियो, छोराप्रतिको अगाध वात्सल्य र प्रेम थियो । त्यो सामान्य ममताभन्दा धेरै विशाल, धेरै गहिरो थियो किनभने पाँच छोरीहरूपछि, दश वर्षको प्रतीक्षापछि पाएको त्यो छोरा केवल सन्तान मात्र थिएन, उहाँको सन्तति सुख र विश्वासको प्रतीक थियो । साँच्चै ! पुत्रप्रतिको त्यो स्नेहसिक्त हृदयलाई यी शब्दहरूमार्फत कदापि वर्णन गर्न सकिँदैन ।

# स्वर्गसम्म पुगेको माया

अन्तिम महिनाहरूमा मुवा निरन्तर अस्वस्थ हुँदै अनि फेरि अलिकति आरामजस्तो अवस्थाबाट गुज्रिन थालिबक्स्यो। यो अवस्था दोहोरिरहेको थियो। अस्पताल जाने र फर्कने क्रम रोकिएको थिएन, यो क्रम निरन्तर चलिरहेकै थियो। कहिले आशा पलाउँथ्यो भने कहिले फेरि डरले सताउँथ्यो। हामी सबै त्यही दोधारमा बाँचिरहेका थियौँ। यसै क्रममा मुवा एक पटक अत्यन्तै गम्भीर अवस्थामा पुगिबक्स्यो। उहाँलाई इन्ट्यूबेसन गर्नुपर्‍यो। अस्पताल नै हाम्रो अस्थायी घर बन्यो। दिनरात त्यहीँ बित्थ्यो, प्रार्थना र प्रतीक्षाबिच।

करिब दुई दिनपछि जब मुवाको अवस्थामा केही सुधार आयो र इन्ट्यूबेसन हटाइयो, म उहाँको दर्शनार्थ आई.सी.यू. भित्र गएँ। मलाई देख्नेबित्तिकै मुवाले अत्यन्तै धिमा स्वरमा मर्जी भयो "रेखा! मैले कस्तो राम्रो सपना देखेँ।" खुसी र अचम्म मिसिएको भावले मैले मुवालाई सोधेँ -"कस्तो सपना मुवा?" उहाँले शान्त स्वरमा मर्जी भयो "म सपनामा स्वर्ग गइछु। त्यहाँ भगवान् नारायणले मलाई दर्शन दिइबक्स्यो र भनिबक्स्यो "तिमीलाई सबैभन्दा धेरै माया तिम्रो छोराले गर्छ।" अनि तुरुन्तै मुवाले सोधिबक्स्यो "सानुराजा कहाँ छ रेखा?"

मुवाको सपना सुनेर म एकछिन अवाक् भएँ। आश्चर्य पनि लाग्यो अनि डर पनि। मनमनै सोचेँ- सायद गम्भीर अवस्थाका कारण उहाँलाई भ्रम (मिथ्या अनुभूति) भएको होला! तथापि केही क्षणपछि मुवालाई बिन्ती गरेँ "मुवा! हजुरको सपना सत्य हो, हजुरलाई सबैभन्दा धेरै माया गर्ने हजुरको सानुराजा नै हो। अनि हजुर सधैँ नारायणको भक्त होइबक्सन्छ। त्यसैले उहाँको दर्शन पनि मिल्यो हजुरलाई। अब सबै राम्रो हुन्छ मुवा।" यति भनेर म आई.सी.यू. बाट फर्किएँ।

किन हो किन, मुवाको सपना मेरो हृदयमा गहिरो गरी बसिरह्यो, मनभरि एउटै सोच दौडिरह्यो, मुवालाई कसरी स्वस्थ बनाउन सकिएला ! सपनाको कुरा अरुणलाई पनि बताएँ । अरू थप चार दिनको अस्पताल बसाइपछि यस पटक पनि हामी मुवालाई घर ल्याउन सफल भयौँ ।

घर आएपछि करिब एक हप्ता बित्यो । मुवा कमजोर तर स्थिर नै होइबक्सन्थ्यो । एक साँझ म कार्यालयबाट घर फर्कँदा मुवा सधैँ झैँ घरको पिँढीमा राज भइबक्सेको थियो । मलाई देख्नेबित्तिकै सोधिबक्स्यो, “छोरा खोइ त ?” मैले हाँस्दै मुवालाई निवेदन गरेँ “मुवा ! हजुर खालि छोरालाई मात्र खोजिबक्सन्छ; म आएँ त ।” (अरुण र म सधैँ सँगै घर फर्कन्थ्यौँ तर त्यो साँझ अरुण राजाको अन्य कामले गर्दा सँगै आउन मिलेन) । मेरा वाक्य पूरा हुन नपाउँदै मुवाले गुनासोका स्वरमा मर्जी भयो- “अस्पतालको शैय्यामा त मलाई भगवान् नारायणले तिमीलाई सबैभन्दा धेरै माया छोराले गर्छ भनिबक्सिएको थियो, अनि मलाई छोरा चाहिएन त ?” यो सुन्नेबित्तिकै मलाई अर्को झट्का लाग्यो । अस्पतालमा सुनेको उहाँको सपना जसलाई मैले मिथ्या अनुभूति (भ्रम) होला भनेर सोचिरहेथेँ, त्यो त उहाँका मनमा त्यत्तिकै ताजा रहेछ । म फेरि शब्दविहीन भएँ । अवाक् भएँ । सोचेँ म कति गलत रहिछु । त्यो क्षण मलाई महसुस भयो - मुवाको प्रेम केवल दैनिकी थिएन, त्यो उहाँको अस्तित्व थियो । छोराप्रतिको त्यो ममता, त्यो आसक्ति, त्यो अविराम चिन्ता उहाँको साससँगै मिसिएर बगेको थियो । आज सम्झँदा ती शब्दहरू मनमा गुन्जिरहन्छन् र म बुझ्छु मुवाको प्रेम कहिल्यै साधारण थिएन । त्यो प्रेम जीवनभन्दा ठुलो थियो र सायद मृत्युले पनि छुन नसक्ने गरी गहिरो ।

जीवनसँग सङ्घर्ष गर्दा गर्दै अन्ततः २०७५ जेठ ६ गतेका दिन मुवाले हामीलाई सदाका लागि छोडेर नारायणमा लीन भइबक्स्यो । मुवासँगको यस बिछोडले हाम्रो जीवनको रङ नै फेरियो । खुसी हरायो, हृदय निराशाले भरियो । बल्ल थाहा भयो बुबाको कमी मुवाले नै पूरा गरिबक्सेको रहेछ । मुवाविनाको घर आज पनि घरजस्तो छैन । घरभरि गहिरो खालीपनको आभास हुन्छ । मुवाको बिदाइपश्चात् घर उही रह्यो तर जीवन उही रहेन । पिँढी खाली भयो, भान्छाको रौनक हरायो, सबैमा अधुरोपन मात्र मिसियो । मुवाको अनन्तको यात्रासँगै खुसीका सबै बाटाहरू ड्याम्मै बन्द भएको अनुभूति भइरह्यो ।

# भक्ति, संस्कार र समर्पण

हिजो मेरो जन्मतिथि, दुवैतर्फ (घर र माइत) का मुवा-बुबाहरूलाई सधैँभन्दा धेरै सम्झिएँ। मुवाले तिथिअनुसार गरिदिने अष्टचिरञ्जीवीको पूजा सम्झिएँ। यता घरकी मुवाको शेषपश्चात् उता माइतकी मुवाले त्यस परम्परालाई कायम राखिबक्सेको थियो तर उहाँ पनि करिब नौ महिना अगाडि आफ्नै नारायणमा विलीन भइबक्स्यो र यससँगै मेरा लागि हुने अष्टचिरञ्जीवीको पूजाले पनि विश्रान्ति लियो। मलाई पहिलो चोटि परम्परा, आस्था र संरक्षकको अनुपस्थितिको गहिरो अनुभूति भयो।

सामान्यतया जन्मदिनका तिथिमा मुवाले गुरुद्वारा आफ्ना आराध्य देवता तथा अष्टचिरञ्जीवीको पूजा-अर्चना गराइबक्सन्थ्यो र साँझ सानो पारिवारिक भेलामा साधारण फलफूलको केक (फ्रुट केक) काट्ने चलन थियो। त्यो केक सधैँ बुबाले सान्दिज्यू (नीता) मार्फत मगाइबक्सन्थ्यो।

जन्मदिनमा मुवा, बुबा र दिज्यूहरूबाट पाउने उपहारहरू तथा दक्षिणा मलाई अमूल्य लाग्थे। ती केवल भौतिक वस्तु थिएनन्, ती त माया, संरक्षण र आशीर्वादका सजीव प्रतीक थिए। बुबाका बाहुलीबाट प्राप्त हुने दक्षिणामा मुद्रा मात्र हुँदैनथ्यो, त्यहाँ विश्वास, शुभकामना र "तिमी सदा सुखी रहनू" भन्ने मौन प्रार्थना र शुभाशिष लुकेको हुन्थ्यो। मुवाको सानो तयारीमा केवल कर्मकाण्ड मात्र हुँदैनथ्यो- त्यहाँ स्नेहको ऊष्मा र मातृत्वको छायाँ मिसिएको हुन्थ्यो। दिज्यूहरूका उपहारमा केवल सौजन्य मात्र हुँदैनथ्यो त्यहाँ साथ, अपनत्व र सम्बन्धको गहिरो आश्वासन हुन्थ्यो।

त्यस दिन म आफूलाई जन्मदिन मनाउने व्यक्ति मात्र होइन, आशीर्वादले ढाकिएकी, प्रेमले घेरिएकी एक भाग्यमानी नारी ठान्थैँ । आज ती हातहरू प्रत्यक्ष छैनन्, ती उपहारहरू पनि समयसँगै हराए तर ती दिनहरूमा प्राप्त भएका आशीर्वादहरू भने साथ छन् । सायद उपहारहरू नश्वर थिए तर आशीर्वादहरू अनन्त छन् । ती क्षणहरू अब स्मृतिमा मात्र सीमित छन् । जन्मदाताहरू नै विलय भएपछि अब जन्मदिन केवल 'मिति' मात्र बनेको छ, कुनै रौनक, उत्साह र उमङ्गबिनाको ।

विवाहपश्चात् जब म घर प्रवेश गरेँ त्यस बेला यहाँका पूजा, अनुष्ठान र धार्मिक वातावरण नयाँ लागेन । बरु यस्तो महसुस भयो कि म आफ्नै संस्कार र श्रद्धाको निरन्तरतामा प्रवेश गरेकी रहिछु । मेरा मुवा-बुबाले घरमै करिबकरिब अठारवटै पुराणवाचनको कार्यक्रम सम्पन्न गरिबक्सेको थियो । फरक फरक आचार्य तथा पण्डितहरूले वाचन गरेका ती पुराणहरू अत्यन्त सम्मोहक रहेको संस्मरण म अझै गरिरहेकी छु । त्यति मात्र नभई मेरा मुवा-बुबाले केही विशेष अनुष्ठानहरू, श्रीमद्भागवत् सप्ताह त पवित्र तीर्थस्थलहरूमा पनि सम्पन्न गरिबक्सेको थियो । त्यसैले धर्म, भक्ति, अनुष्ठान र देवस्थलप्रतिको सम्मान मेरा लागि जीवनकै स्वाभाविक अंश वा चर्या थियो ।

त्यसैले यता घरमा आएर मैले बुबाको लामो पूजा, मुवाको आफ्ना आराध्यहरूप्रतिको श्रद्धा, भक्तिभाव, चाडपर्वको रौनक र देवस्थलहरूप्रतिको समर्पण देखेँ, मलाई केही पनि नौलो वा पराई लागेन । बरु मैले महसुस गरेँ, म एउटा घरबाट अर्को घरमा होइन, एउटा भक्तिपरम्पराबाट अर्को भक्तिपरम्परामा प्रवेश गरेकी मात्र रहिछु । ईश्वरप्रति श्रद्धाको धागो दुवै घरमा एउटै रहेछ- केवल फरक मञ्च, फरक स्वर तर भाव र विश्वास उस्तै रहेछ ।

म हरेक प्रातःकाल जब प्रार्थनामा बस्छु, नयन बन्द रहँदा पनि हजुरहरूको उपस्थितिको अनुभूति हुन्छ । भगवान्को विग्रहदेखि पूजाका सरसाधन सबैमा हजुरहरूको उपस्थितिको आभास भइरहन्छ । बुबाको कुनै कुनै दिन तीन बजेसम्म चल्ने पूजापाठ सम्झन्छु- कहिल्यै पनि आफ्ना आराध्यदेवको पूजा हतार गरेर गरिबक्सँदैनथ्यो । सधैँ नियमित, समर्पित र ध्यानपूर्वक गरिबक्सन्थ्यो । म त बुबाको धैर्य र भक्ति देख्दा अचम्मित नै हुन्थैँ । बुबा परम शिवभक्त होइबक्सन्थ्यो ।

उहाँको भक्ति केवल घरमा मात्र सीमित थिएन। उहाँको सङ्गत खप्तडबाबादेखि शिवपुरीबाबासम्म फैलिएको थियो। बुबाले धर्म, सेवा र भक्ति मात्र नभई सामाजिक योगदानमा पनि सक्रिय भूमिका खेलिबक्सेको थियो । महाराजाधिराज वीरेन्द्र संरक्षक तथा महारानी ऐश्वर्य अध्यक्ष रहँदा शाही नेपाली सेनाका तर्फबाट बुबा पशुपति विकास कोषको कार्यकारिणी समितिको सदस्य पनि रहिबक्सेको थियो।

मलाई लाग्छ, बुबाको भगवान्सँग बडो अनौठो किसिमको सत्सङ्ग थियो- एकतर्फी तर शक्तिशाली । बुबा बेलामौकामा भगवान्लाई बिन्तीपत्र चढाइबक्सन्थ्यो। त्यस बिन्तीपत्रमा उहाँ आफ्ना मनका कुराहरू पूर्ण रूपमा विस्तार गरिबक्सन्थ्यो। त्यहाँ केवल इच्छा मात्र होइन, उहाँका आकाङ्क्षा, चिन्ता, आशा र प्रार्थनाहरू पनि समेटिएका हुन्थे। आफ्ना चाहना र मनका अपिलहरू उहाँ अत्यन्त विनम्रताका साथ बिन्तीपत्रमा जाहेर गरिबक्सन्थ्यो । बुबाका ती बिन्तीपत्रहरू शब्दहरूका सङ्ग्रह मात्र थिएनन् - ती त उहाँको हृदयका भाव, विश्वास र आफ्ना आराध्य देवताहरूप्रतिको निर्भीक समर्पणका साक्षी थिए। म कहिलेकाहीँ बुबाका ती पत्रहरूमा शब्दभन्दा बढी बुबाको आत्मा बोलिरहेको अनुभव गर्छु।

हाम्रा घरमा बडादशैँ र तिहारको विशेष पूजा हुन्थ्यो । मुवा सबै देवी, महायोगिनीहरूका शक्तिपीठमा पूजा पठाइबक्सन्थ्यो र हरेक पूजा विशेष बनाइबक्सन्थ्यो- ध्यानपूर्वक, श्रद्धा र प्रेमसहित। मुवाका बाहुलीबाट तयार गरिएका प्रसाद, सजिएको मन्दिर, आरतीको थाली, फूलमाला, जमरा आदि सबै विशेष हुन्थे।

मेरा स्मृतिमा अलिकति पनि धमिलिएको छैन मुवाले हाम्रा घरमा सम्पन्न गरिबक्सेको भागवत सप्ताह । त्यो सप्ताह एक धार्मिक अनुष्ठान मात्र थिएन, त्यो घरपरिवारको आत्मिक उत्सव थियो । सम्पूर्ण पितृहरूको मोक्षकामनाका अभिप्रायले आयोजना गरिएको भागवत कथा अत्यन्त सुन्दर र मर्यादित ढङ्गले सम्पन्न भएको थियो। प्रत्येक दिनको पुराणवाचन, भजन, आरती- सबैमा श्रद्धा र शान्तिको गहिरो स्पर्श थियो। घरको आँगनमा गुन्जायमान हरिनामको ध्वनिले सम्पूर्ण बानेश्वरलाई मुग्ध बनाएको थियो। इष्टमित्र, आफन्त र परिवारजनहरूसँगको

स्नेह एवम् मिलनले घर झनै पवित्र र जीवन्त बनेको थियो। कुनै तीर्थस्थलभन्दा कम थिएन हाम्रो घर।

बाल्यावस्थादेखि नै मैले थोरै मात्र भए पनि धार्मिक एवम् आध्यात्मिक सत्सङ्गमा बस्ने, सुन्ने र अनुभव गर्ने अवसर पाएकी हुनाले म धर्म तथा अध्यात्मलाई कर्मकाण्डको सीमित घेरामा राखेर हेर्दिनँ। मेरा लागि धर्म तथा अध्यात्म केवल विधिविधानको पालना मात्र होइन, यो मनको शुद्धता हो, चेतनाको जागरण हो र जीवनलाई अनुशासन, धैर्य र करुणाले मार्गदर्शन गर्ने शक्ति हो। धर्म-अध्यात्म त्यो विषय हो जसले मानिसलाई बाहिरभन्दा भित्र रूपान्तरण गर्दछ।

मुवाको उपस्थितिमा भएका सत्सङ्ग, पूजा र उत्सवका दिनहरू मेरा स्मृतिमा बगिरहन्छन्। म आज पनि ती अनुष्ठान र भक्तिपरम्परालाई अगाडि बढाउने कोसिस गरिरहन्छु। चाडपर्व सबैमा अग्रसर नै हुन्छु तथापि मुवाको गमनपश्चात् ती चाडपर्वहरूको रमाइलो, उमङ्ग र चहक म खासै अनुभव गर्दिनँ। कहिलेकाहीँ त आफैलाई सबै उत्सवहरू औपचारिकजस्तो मात्र भान हुन्छ।

आज पनि त्यो पूजाघर हेर्दा मुवाका पाइलाहरू सम्झन्छु र मनमा सधैँ एउटा अभाव खट्किरहन्छ। स्वास्थ्य ठिक नहुँदा पनि चार तलामाथि उक्लने मुवाको त्यो हठ र जिद्दीपना सम्झिरहन्छु। शरीर थाकेको हुन्थ्यो, सास छिटो हुन्थ्यो तर उहाँको मनको श्रद्धा कहिल्यै थाक्दैनथ्यो। मुवा मर्जी हुन्थ्यो-“पूजाघरमा शान्ति मिल्छ।” अब म अहिले बुझ्छु- मुवाको त्यो हठ र जिद्दीपना। सायद जिद्दी थिएन, उहाँको आफ्ना आराध्य देवदेवीहरूप्रतिको भक्ति थियो- मिराको जस्तै, रामकृष्ण परमहंसको जस्तै।

मुवाको अभाव उहाँको साथको मात्र अभाव होइन रहेछ। त्यो त समर्पणको स्पर्श, निष्ठाको उपस्थिति र आस्थाको ऊर्जाको अभाव रहेछ। मुवाको त्यो चार तलामाथि उक्लने कार्य केवल सिँढी चढ्नु मात्र होइन रहेछ, त्यो त श्रद्धाका शिखरतर्फको यात्रा रहेछ।

यी सबै स्मृतिहरू मेरा लागि अतीतका स्मरण मात्र होइनन्; बरु मुवा-बुबाको भक्ति, निष्ठा, धैर्य र समर्पणका अमूल्य पाठहरू हुन्। धर्म र भक्ति केवल

अनुष्ठान मात्र होइनन्, जीवनलाई पूर्णता र अर्थ दिने मार्ग पनि हुन् । हिजोको जन्मदिनमा उहाँहरूलाई नभेट्दा वा उहाँहरूको भौतिक उपस्थिति नहुँदा पनि म सधैँ उहाँहरूको आशीर्वाद, प्रेम र अनुशासन हृदयमा महसुस गर्दछु र सधैँ तिनलाई जीवित राखिरहन्छु ।

मुवा-बुबाका प्रतिनिधिस्वरूप आज हाम्रा दिज्यूहरू लक्ष्मी, सरस्वती र दुर्गा होइबक्सन्छ । उहाँहरूले हाम्रो जीवनमा मुवा-बुबाको अभाव धेरै हदसम्म कम गरिदिबक्सेको छ । उहाँहरूको माया, मार्गदर्शन र साथमा हामीले मुवा-बुबाको छायाँ अनुभव गरेका छौँ । कहिलेकाहीँ सल्लाहमा, कहिलेकाहीँ उपस्थिति मात्रमै पनि हामीले दिज्यूहरूमा हजुरहरूको संस्कार र स्नेहको निरन्तरता पाएका छौँ । त्यसले हजुरहरूको अभाव पूर्ण रूपमा त मेटिँदैन तर आशीर्वादको धागो भने कहिल्यै टुट्दैन । अनि जसको जीवनमा लक्ष्मीको समृद्धि, सरस्वतीको ज्ञान र दुर्गाको शक्ति साथमा छन् त्यस्तो जीवनलाई अरू के कुराको अभाव हुन सक्छ र !

## मुवा, आज म बुझ्छु !

मुवा र म समय बित्दै जाँदा हामी सासू र बुहारी मात्र रहेनौँ, हामी जीवनका फरक अध्यायहरू बाँड्ने सहयात्री भयौँ । मुवा कहिलेकाहीँ आफ्नो मनका पानाहरू पल्टाइबक्सन्थ्यो, "रेखा ! कसैसँग धेरै नजिक नहुनू, धेरै टाढा पनि नहुनू । मानिसहरू आफ्नो स्वार्थअनुसार बदलिन्छन् । सबैले देखाउने माया र ख्याल सधैँ साँचो हुँदैन । मैले यत्रो उमेर बिताएकी छु, भोगेकी छु, म जान्दछु को कस्तो छ ।" मुवाको त्यो चेतावनीमा कठोरता थिएन; त्यो अनुभवको छायाँ थियो, प्रतिध्वनि थियो, हामीलाई जोगाउन खोज्ने आमाको चिन्ता थियो ।

मुवामा धेरै कुरा नबोली निलेर बस्न सक्ने क्षमता थियो । कहिलेकाहीँ उहाँका आँखामा निराशा सजिलै पढ्न सकिन्थ्यो तर भित्रभित्रै सबै कुरा थामेर राखिबक्सन्थ्यो । म मुवाको मुड विचार गरेर सोध्थेँ, "के भयो मुवा ? कसैले केही भन्यो ?" उहाँको प्रायः बनिबनाउ जवाफ हुन्थ्यो, "छैन ।" तर बिस्तारै केही बेरपछि खुलिबक्सन्थ्यो, "आजकल मानिसहरू धेरै जान्ने भएका छन् । अरू त अरू, आफ्नै छोराछोरी पनि हामीलाई केही थाहा छैन जस्तो गर्छन् । केही सम्झाउन खोज्यो भने नियन्त्रण गरेको ठान्ने, जवाफ फर्काइहाल्ने, रिसाइहाल्ने गर्छन् । "यति पनि नबुझ्ने मुवा" भन्दै कहिलेकाहीँ असन्तोष व्यक्त गर्छन् । सन्तानको भलाइका लागि उनीहरूलाई सही दिशातर्फ डोऱ्याउनका लागि मैले सम्झाउन चाहँदा उल्टै गुनासो सुन्नुपर्ने । मलाई त्यही भएर बेलाबेलामा दिक्क लाग्छ रेखा । तिमीहरू कुरा बुझ्दैनौ ।" मुवाका ती वाक्यमा आक्रोशभन्दा बढी चोट हुन्थ्यो । म मुवालाई

ढाडस दिन खोज्दै बिन्ती गर्थें, “मुवा ! हामी सबैले हजुरले आशा गरेबमोजिम नै त गरिराखेका छौँ, सबै कुरा राम्रो नै त छ नि मुवा । हजुरका छोराछोरी सबै असल नै छन् । मुवा ! हजुरलाई के कुराले चित्त बुझ्केन ?” मुवाको जवाफ हुन्थ्यो, “तिमीहरूलाई पो त्यस्तो लाग्छ ।” असल त असलै छन् सबै तर....! मुवाको त्यस ‘तर’ भित्र थुप्रै मौनता, थुप्रै पीडा, थुप्रै असन्तोष, थुप्रै थकान र थुप्रै नबोलिएका वाक्यहरू थुनिएका हुन्थे ।

म पनि आमा हुँ, त्यसैले म बुझ्दछु मुवाको भावना । हामी छोराछोरीहरू सजिलै बिर्सन्छौँ । आज करायौँ, भोलि हास्यौँ- कुरा सकियो । तर आमाहरू बिर्संदैनन्, उनीहरू शब्द होइन, स्वर सम्झन्छन् । उनीहरू अनुहारको भाव सम्झन्छन् । त्यसैले धेरै आमाहरू मौन बस्छन् सबै कुरा निलेर, भावनालाई नियन्त्रण गरेर, अनुशासनमा राखेर अनि पीडालाई मौनतामा रूपान्तरण गरेर । मुवा पनि त्यसै गरिबक्सन्थ्यो; आफूलाई बलियो देखाउन, सन्तुलित देखाउन, व्यवहार मिलाउन र घरको शान्ति कायम राख्न ।

म सम्झन्छु, मुवाको गहिरो, जटिल र शून्यमा पुऱ्याउने त्यो वाक्य, “रेखा ! सबै छोरी छोरी हुँदैनन्; कोही छुरी हुन्छन्, जति गरे पनि नदेख्ने, नबुझ्ने, जति सम्झाए पनि नलाग्ने- पूर्वजन्मको साहुजस्तो ।” मुवाको त्यस वाक्यमा नाम थिएन, कसैको पहिचान थिएन । तर त्यो भावना अनायास यसै प्रकट भएको थिएन । पहिले त म त्यस वाक्यलाई जीवनले ल्याएको सामान्य तितोपन सम्झन्थेँ तर समयसँगै बुझ्न थालेँ– कहिलेकाहीँ आमाको पीडा बाहिरबाट होइन, घरभित्रकै सबभन्दा नजिकको घेराभित्रबाट जन्मन्छ । आज म निर्धक्क भन्न सक्छु, मुवाको त्यो पीडा के थियो र पीडा कहाँबाट उब्जिएको थियो ? कहिलेकाहीँ आफ्नै घरका व्यवहारहरू नदेखिने काँडा झैँ हुन्छन् । बाहिरबाट केही देखिँदैन तर मनभित्र सधैँ गाडिइरहन्छन्, घोचिरहन्छन्, रगताम्मे बनाइरहन्छन् । मुवाले कहिल्यै पनि कसैलाई दोष दिइबक्सेन । सायद दिन पनि चाहिबक्सेन । आफ्नै अंशलाई शब्दले काट्न कहाँ सकिबक्सन्थ्यो र मुवा । तर मैले उहाँका नयनमा देखेकी थिएँ- नदेखिने चोटका चमक, सधैँ बिझाइरहने मनभित्र गडेको घाउ ।

कहिलेकाहीँ आफ्नै मानिसको व्यवहार सिधै आक्रमण जस्तो हुँदैन । त्यो सानो उपेक्षा हुन्छ, सानो अस्वीकार हुन्छ र सानो अविश्वास हुन्छ तर त्यही सानो कुरा बारम्बार दोहोरिँदा मनभित्र यस्तो गहिरो खाडल बन्छ जसको कुनै पिँध हुँदैन। सायद मुवाले अनुभूति गरिबक्सेको त्यही थियो। घटनाहरू आफूलाई सामान्य लाग्थे तर मुवालाई तिनैले गम्भीर बनाइरहन्थे, चोट बल्भिmरहन्थ्यो। मुवाले बेलामौकामा आफ्ना अरु सन्तानहरूसँग बिताएको यात्राहरूको सम्झना गरिबक्सन्थ्यो; नामहरू, देशहरू, सहरहरू सबै सुनिन्थ्यो तर ती कथाहरूमा उत्साह र खुसीको उज्यालो कमै हुन्थ्यो। बाहिरबाट हेर्दा ती यात्राहरू गौरवका विषय थिए तर मुवाको स्वरमा सुस्केरा र वेदना धेरै हुन्थे । उहाँ यात्राबाट फर्केर आउँदा सामानभन्दा धेरै थकान लिएर सवारी हुन्थ्यो । त्यो थकान शरीरको भन्दा मानसिक बढी देखिन्थ्यो । तथापि जस्तो जे गरे पनि ‘आमा’ आमा नै हुन्छन्- सधैँ आफ्ना सन्तानलाई माफ गर्ने, आशीर्वाद दिने, संरक्षण गर्ने, जोगाउने, ढाक्ने र सन्तानका गल्ती लुकाउने ।

म आज सोच्दछु, कति गहिरो र अनन्त हुनुपर्छ त्यो आमा जसले चोट पनि आफैँभित्र राख्छिन् र माया पनि कम हुन दिन्नन्। मुवाको भावना, त्यो मौनता, त्यो सकस अहिले पनि मेरा मनमा गुन्जिरहन्छ र म आफैँ पनि मौनतामा हराउँछु। तर म हृदय खोलेर के भन्न सक्छु भने मुवाले व्यक्त गरेका कथा-व्यथा मात्र होइन, उहाँले नबोलेका धेरै पीडाहरू पनि मैले सुनेकी छु अनि उहाँको मौनता पनि पढेकी छु।

सन्तानहरू शिखरमा पुगेर मात्र हुँदो रहेनछ। जब शरीर कमजोर हुन्छ, मन थाक्छ, आफू अरूमाथि आश्रित हुन थालिन्छ तब मात्र थाहा हुन्छ सन्तानको वास्तविक रूप र चरित्र। त्यस बेला म केवल सुन्थेँ मात्र। अहिले बुझ्छु मुवाले के व्यक्त गरिबक्सेको रहेछ भनेर। उहाँलाई लाग्थ्यो- मेरा त घरभरि डाक्टर छन्, मलाई त केही पनि हुँदैन होला! मुवाका विचार र वाक्यमा गर्व पनि थियो र भरोसा पनि। तर समयले के देखायो भने त्यो सत्य होइन रहेछ। सफलता सधैँ सहारा हुँदो रहेनछ। नजिक हुनु र साथ दिनु एउटै कुरा होइन रहेछ। सन्तानको झर्कोफर्को, डरत्रास र उपस्थितिले नै सकस दिने, रोग अझ बढाउने अनि वातावरणको तापक्रम नै फेरिने ! दिक्क मानिबक्सन्थ्यो मुवा ।

मुवा-बुबाले नचाहेको कुरा घरभित्र हुँदै जाँदा कुलको मर्यादा, घरको इज्जत, संस्कार

र प्रतिष्ठा चिरिँदै जाँदा कसलाई सहज लाग्थ्यो होला र! उहाँहरूले सधैँ नाम एवम् प्रतिष्ठा जोगाउन खोजिबक्सन्थ्यो तर जब घरभित्र आफैँले गरेका निर्णयहरू आलोचनाका विषय बन्छन् तब त्यो बोझ आमा-बुबाका लागि बाहिरभन्दा हृदयमा धेरै भारी हुन्छन् । सन्तानको गल्ती केवल गल्ती मात्र हुँदैन, त्यो आत्मामा लागेको प्रश्न हुन्छ- हामी कहाँ चुक्यौँ भन्ने मौन पीडा हुन्छ ।

म आज बुझ्छु- समाजको प्रश्नभन्दा गहिरो चोट आफ्नै मनको प्रश्नले दिन्छ र त्यो बोझ बोकेर पनि घर जोगाइराख्ने र मिलाइराख्ने सहनशीलता केवल आमामा मात्र हुन्छ ।

मुवा ! अब म साँच्चिकै बुझ्छु, घरमा जे पनि हजुरहरूको अन्तिम समयपछि आउन सक्थ्यो त्यो हजुरले पहिल्यै आँकलन गरिबक्सेको रहेछ । त्यति बेला हामीले त्यसलाई गम्भीरतापूर्वक बुझेनौँ । हामीलाई लाग्थ्यो, हजुरहरू अनावश्यक चिन्ता लिइबक्सन्छ तर आज फर्केर हेर्दा के महसुस हुन्छ भने त्यो चिन्ता होइन रहेछ, दूरदर्शिता रहेछ ।

सायद त्यसैले होला, मुवा-बुबाले आफ्नो जीवनकालमै सकेसम्म सबै कुरा आफ्नै हातले मिलाउन खोजिबक्स्यो । सम्बन्धहरू गाँसिबक्स्यो, जिम्मेवारीहरू टुङ्ग्याइबक्स्यो, कागजहरू मिलाइबक्स्यो अनि मनहरू जोड्न खोजिबक्स्यो । उहाँहरूलाई थाहा थियो- उहाँहरूको उपस्थिति घरको सन्तुलन थियो । म नतमस्तक हुन्छु, मुवा-बुबाको दूरदर्शिताप्रति । उहाँहरूले भविष्य बदल्न सकिबक्सन्नथ्यो होला तर भविष्यमा आउन सक्ने भार अनन्त रूपमा कम गरिदिबक्स्यो । आज म बुझ्छु, उहाँहरूले आफू जीवित रहँदासम्म सबै सम्हाल्न खोज्नु नियन्त्रण होइन रहेछ । त्यो त संरक्षण पो रहेछ । 'हामी' सुरक्षित रहौँ भन्ने उहाँहरूको अन्तिम प्रयत्न रहेछ ।

# जब विश्वास कठघरमा उभियो !

कहिलेकाहीँ मानिसहरू बाहिरबाट वैराग्यको आवरण ओढ्छन्, योग ध्यान गरे जस्तो गर्छन् । उनीहरू मलाई केही चाहिँदैन भन्छन्, ममा लोभ छैन भन्छन् तर शब्दले भनेको र मनले बोकेको सधैँ एउटै हुँदैन रहेछ । बाहिरबाट शान्त देखिने सतहभित्र भने लोभ, ईर्ष्या, रिस र असन्तोषका तरङ्गहरू मौन रूपमा निरन्तर बगिरहेका हुने रहेछन् । त्यो देखिँदैन तर वातावरणमा छताछुल्ल पोखिएको महसुस हुन्छ ।

बुबाको अवसानपछि हामीलाई सात वर्ष मुवाको साथ एवम् सान्निध्य प्राप्त भयो । तर समय फेरियो । मुवा पनि बिदा भएपछि मुवा-बुबा दुवै जीवित हुँदा उहाँहरूले आफ्नो इच्छा एवम् विवेकले मिलाएर सबैका राजीखुसीमा गरेका घरव्यवहारका निर्णयमा फेरि प्रश्न उठाइयो । मुवा-बुबाले दिएर गएको प्रसाद सम्पत्ति मात्र थिएन, त्यो विश्वास थियो, भरोसा थियो अनि आशीर्वाद । तर त्यस्तो विश्वासलाई फेरि तराजुमा तौलिने दुस्साहस गरियो । मुवा-बुबाले आफ्नो जीवनकालमा गरिबक्सेका निर्णयहरू उहाँहरूको देहावसानपछि पुनः कठघरामा तानिँदा त्यो केवल कागजको विषय मात्र रहेन । त्यो विषय सम्बन्धमा, मुवा-बुबाको मान-मर्यादमा र प्रतिष्ठामा लागेका कहिल्यै पनि नमेटिने कलङ्क थियो, पितृहरूप्रतिको घोर अपमान थियो ।

मुवा-बुबाले जीवनभर जोगाइबक्सेको, आर्जन गरिबक्सेको सम्मान, उहाँहरूको निर्णयप्रतिको भरोसा, सन्तानप्रतिको विश्वास- यी सबलाई सार्वजनिक

बहसको विषय बनाउनु कत्ति उचित थियो ? दिवङ्गत मुवा-बुबाको आत्माले त्यो स्वीकार गऱ्यो होला !

कहिलेकाहीँ मनभित्र अनेक सोच उठ्छन्, चित्तमा अनेक विचार तरङ्गित हुन्छन्- यी सब गरेर अन्ततः के प्राप्त भयो ? के त्यसले चाहेको उचाइ दियो ? सम्मान थप्यो ? कि मन हलुङ्गो बनायो ? विश्वासलाई कठघरामा उभ्याउँदा कसैको पनि जय विजय हुँदैन । त्यस क्षणमा सबैभन्दा पहिले सम्बन्ध नै हार्छ । त्यही भयो यहाँ पनि । सत्यलाई ढाकछोप गरेर प्रस्तुत गरिएका दाबीहरू र दलिलहरू सतहमा बलिया देखिन सक्छन् तर तिनमा आत्मरतिबाहेक केही हुँदैनन् ।

निर्णय केवल कानुनी हुँदैन, नैतिक पनि हुन्छ । त्यस दिन पनि त्यस्तै भयो- कागजमा लेखिएको निर्णयभन्दा बढी एक सन्देश स्पष्ट भयो- सत्यलाई मोडेर धेरै टाढासम्म हिँड्न सकिँदैन र जित केवल प्राविधिक मात्र हुँदैन । झुट जतिसुकै सजिए पनि टिक्दैन, अन्ततः जित सत्यकै हुन्छ । कठघराको त्यस निर्णयले कसैलाई तल झारेन तर प्रत्येकलाई आफ्नो स्तर र स्थान देखाइदियो- को कति उचाइमा छ, को कति भित्रैबाट खोक्रो छ र कसको स्तर कस्तो छ ? सबै छर्लङ्ग भयो । हामीले खुसियाली एवम् उत्सव मनाएनौँ । हामी चिच्याएनौँ किनभने त्यो केवल बहसको अन्त्य थिएन- त्यो एउटा भ्रम, अहङ्कार र झुटो तुष्टिको अन्त्य थियो । त्यस दिन कठघराले मात्र फैसला गरेन, समयले पनि साक्षी दियो कि कानुनभन्दा ठुलो कुरा नैतिक आधार हो र त्यही नै हाम्रो जितको आधार थियो । त्यो केवल कानुनी जित थिएन, नैतिक श्रेष्ठताको प्रमाण थियो ।

मन न हो, भित्रभित्रै अर्को प्रश्न पनि उठिरहन्छ- के देखावटीपनले पितृसम्मान बढाउँछ ? के शब्दमा मात्र गरिमा गाइरहँदा त्यो साँच्चै उचाइमा पुग्छ ? पितृको नाम जप्दै अनि ढोङ गर्दै उहाँहरूको विवेक र निर्णयमाथि प्रश्न उठाउनु के श्रद्धा हो ? कि आफ्नै असन्तोषलाई पवित्रताको आवरण दिन खोज्नु हो ? फूलमाला बर्साएर, त्यागको मुखौटो भिरेर मात्र श्रद्धा हुँदैन । साँचो श्रद्धा त पितृले गरेका निर्णयहरूको निरन्तरतामा देखिन्छ । सम्मान मायाको भेषमा बोलेर मात्र हुँदैन, उहाँहरूको इच्छालाई जोगाएर प्रमाणित हुन्छ । देखावटीपनले केही समय ताली र कृत्रिम वाहवाही पाउलान्, त्यत्ति नै हो !

आज म सम्झन्छु, साँचो सम्मान ठुलो ठुलो आवाजमा होइन, चुपचाप पूर्वजको निर्णयको छायाँमा उभिन्छ र भन्छ- हामी हजुरहरूको विश्वास तोड्ने छैनौँ। तर जुन क्षणमा पितृभक्तिको नाम अगाडि सारेर स्वार्थ र लोभको नाटक मञ्चन गरी उहाँहरूको निर्णयमाथि नै प्रश्न उठाइन्छ त्यस दिन इतिहास मौन भएर हेर्छ। कुलले बोल्दैन तर सम्झन्छ। बुझ्न जरुरी के छ भने कर्महरू समयसँगै हराउँदैनन् र तिनको प्रतिध्वनि पुस्तौँसम्म सुनिन्छ। पितृको नाम लिएर यदि आफ्नै चाहनालाई अगाडि सारिन्छ भने त्यो भक्ति होइन, त्यो त आत्म-प्रवञ्चना मात्र हो किनभने एक दिन जब कठघराका सबै बहसहरू थामिन्छन्, सबै कागजहरू थन्किन्छन्। त्यो बोल्न उभिने कुरा एउटै हुन्छ- हामीले जोगाएको चरित्र र परिवारको संस्कार। यदि हामीले त्यो जोगाउन सकेनौँ भने कुलले श्राप दिनुपर्दैन, इतिहास नै पर्याप्त हुन्छ।

# म सधैँ सत्यमा उभिन सकूँ !

आफूलाई सही साबित गर्न अरूलाई गलत ठहऱ्याउनुपर्छ र ! आफ्नो उचाइ देखाउन अरूको मान घटाउनु आवश्यक हुन्छ र ! के त्यो मान सम्मान हो कि केवल अस्थायी ताली र देखावटी सफलता मात्र ! यस्तो गरेर आखिर के प्राप्त हुन्छ ! क्षणिक सन्तोष ! भिडको झुटो सहमति ! कि मिथ्या बडप्पनको आभास ! सत्यलाई विकृत पारेर यदि आफूलाई कीर्तिमय ठानिन्छ भने त्यो उपलब्धि होइन, त्यो विजय होइन- त्यो आफै आफ्नो आत्मालाई नै धिक्कार्नु जस्तै हो ।

कुन पुरस्कार पाइन्छ त्यस्तो बाटो रोज्दा ! सम्मान ! विश्वास ! ताली ! साहस भए सामुन्ने आउन सकिन्छ । स्पष्ट बोल्न सकिन्छ । तर अरूलाई अवमूल्यन गरेर उभिएको उचाइ दीर्घकालीन हुँदैन । त्यो बालुवाको धरातलजस्तै हो, हावाको पहिलो झोक्कामै हल्लिन्छ र नामेट हुन्छ ।

आज म बुझ्दछु साँचो शक्ति कसैलाई गलत प्रमाणित गर्नुमा छैन, बरु आफू सत्य भएर उभिनुमा छ । जसले सत्यको बाटो रोज्दछ उसलाई धेरै आवाज चाहिँदैन, भिडको सहमति पनि चाहिँदैन । सत्य कुरा के हो भने आफ्नो अस्तित्व प्रमाणित गर्न कसैले पनि चिच्याइरहनुपर्दैन । सत्य शान्त हुन्छ तर कमजोर हुँदैन, मौन हुन्छ तर निस्सहाय हुँदैन । कहिलेकाहीँ सत्य एक्लो देखिन्छ तर त्यो कहिल्यै पराजित हुँदैन किनभने अन्ततः समय नै सत्यको साक्षी हुन्छ ।

मैले बाल्यावस्थादेखि नै पाएका संस्कार हुन्- सधैँ सत्य बोल्नु, सत्यको अनुसरण गर्नु र सत्यका मार्गमा हिँड्नु । वैवाहिक सम्बन्धपछि घरमा पनि मुवा-

बुबाले दिइबक्सेको संस्कार यही नै हो- सत्यमा अडिग रहनू। ठ्याक्कै मलाई मन पर्ने गायक जगजित सिंहको तलको गजलांशमा व्यक्त भए जस्तो :

सच घटे या बढे तो सच न रहे
झूठ की कोई इन्तहा नहीँ
जडो चाँदी मे चाहे सोने मैँ
आइना झूठ बोलता ही नहीँ।

अर्थात् सत्य घट्यो या बढ्यो भने त्यो सत्य रहँदैन वा सत्यले आफ्नो आवश्यकतानुसार रूप परिवर्तन गर्दैन। तर असत्य वा मिथ्याको कुनै परीक्षा हुँदैन। त्यस्तै दर्पणको फ्रेम चाँदीमा जडिएको होस् वा सुनमा तर दर्पण/ऐनाले सधैँ सत्य नै देखाउँछ, त्यसले कहिल्यै झुट देखाउँदैन। दर्पणमा झूटका प्रतिबिम्वहरू टिक्दैनन्, ढाँचा बन्दैनन्!

मुवा-बुबाको परमार्थको यात्रापछि जीवनले हामीलाई अनगिन्ती क्षणहरूमा सत्य र झुटको सामना गरायो। तर हामीले जस्तोसुकै कठिनाइ वा विपरीत परिस्थितिमा पनि सत्यको साथ छाडेनौँ, सधैँ सत्यमै उभियौँ। झुट र भयले चारैतर्फबाट घेरा हाल्न खोजे पनि हामीलाई सधैँ सत्यले दिशानिर्देश गरिरह्यो, साहस दिइरह्यो र शक्ति दिइरह्यो।

मेरो मन प्रसिद्ध भारतीय कवि हरिवंश राय बच्चनको तलको कवितांशले निकै तानेको छ :

किसी ने बर्फ से पूछा, इतने ठंडे क्यौँ हो ?
बर्फ ने बडा अच्छा जवाफ दिया
मेरा अतीत भी पानी और मेरा भविष्य भी पानी
फिर गर्म किस बात पर रखूँ ?

अर्थात् कसैले बरफ/हिउँलाई सोध्यो- "तिमी किन यति चिसो ?" उसले सुन्दर मुस्कानका साथ उत्तर दियो- "मेरो विगत पनि पानी, मेरो भविष्य पनि पानी, अनि के कुराका लागि तात्तिनु, हौसिनु र सङ्घर्ष गर्नु ?"

हरिवंश राय बच्चनको उपर्युक्त कवितामा झल्किएको जीवनदर्शन- आखिर घमण्ड गर्नुपर्ने के नै छ र! अहङ्कार गर्नलायक के नै छ र! जब सबै उपलब्धि,

पद, प्रतिष्ठा र परिस्थितिहरू समयसँगै परिवर्तनशील छन्, क्षणिक छन् । त्यसैले अहङ्कारको ठाउँ कहाँ रहन्छ ? यी प्रश्नहरू अरूका लागि भन्दा पनि स्वयम् म आफ्नै लागि गर्छु किनभने प्रश्नहरूले मभित्रको अहङ्कारका जरैसम्म छुन्छन् । सत्यसँग उभिनु ठुलो कुरा हो तथापि त्यस सत्यलाई आफ्नो गौरव ठान्नु चाहिँ खतरनाक भ्रम हो किनभने सत्य हाम्रो स्वामित्व होइन, सत्य त केवल मार्ग हो । त्यसैले म आफूलाई बारम्बार सम्झाउने गर्छु- सत्यले उचालोस्, विनयले जीवनलाई सिँगारोस् किनभने अन्ततः मानिसलाई मानिस बनाउने सत्य मात्र होइन, सत्यप्रतिको निष्ठा उसको विनम्रता पनि हो ।

अतः हामी सबैले यदि यो बुझ्न सक्यौँ भने हाम्रो विगत पनि पानी हो जुन बगेर गइसक्यो अनि हाम्रो भविष्य पनि बग्ने पानी नै हो । अहङ्कार अर्थात् झुटो उचाइको भ्रान्ति केका लागि ? जीवनको सुन्दरता त जल्नुमा होइन, शान्त भएर बग्नुमा रहेछ । आज म बुझ्छु- सत्यमा उभिनु मात्र होइन, अहङ्कारभन्दा माथि उठ्न सक्नु चाहिँ आध्यात्मिकता रहेछ किनभने जीवनमा ठुलो देखिनु सजिलो छ तर साँच्चिकै ठुलो बन्न गाह्रो छ । अरूलाई सानो बनाएर आफूलाई उचाल्नु क्षणिक जित मात्र हो र मलाई त्यस्तो जित स्वीकार्य छैन । यदि जित्नै छ भने आफ्नै कमजोरी, आफ्नै अहङ्कार र आफ्नै डरलाई जित्न चाहन्छु म । झुटो महानताभन्दा सत्यसँग अटुट उभिन सक्नु नै मेरा लागि ठुलो उपलब्धि हो । मेरो आत्माले स्वीकार नगर्ने, गर्न नसक्ने महानता मलाई किमार्थ चाहिँदैन ।

# संस्कारका सेतुहरू : पितृकार्य, सम्झना, समर्पण र निरन्तरता

मुवा-बुबाका जीवनमा पितृकार्य परम्परा मात्र थिएन, त्यो उहाँहरूको आस्था, कृतज्ञता र जीवनदर्शनको अभिन्न अङ्ग थियो । हाम्रा घरमा श्राद्धको समय नजिकिँदै गर्दा एउटा छुट्टै गम्भीरता छाउँथ्यो । वातावरणमा एक प्रकारको पवित्र प्रतीक्षाजस्तो भान हुन्थ्यो- अदृश्य रूपमा पुर्खाहरूलाई सम्झने, आह्वान गर्ने र सम्मान अर्पण गर्ने तयारी ।

श्राद्धका सम्पूर्ण प्रक्रियाको धुरी मुवा होइबक्सन्थ्यो । उहाँ पितृकार्यका हरेक साना ठुला कामकुरामा अत्यन्त सचेत रहिबक्सन्थ्यो । कुन समय श्राद्धको थालनी गर्ने, सामग्रीहरू के के चाहिन्छन्, कसरी तयारी गर्ने जस्ता सबै कुरा उहाँका मनमा स्पष्ट हुन्थे । श्राद्धका केही दिन अगि नै उहाँको दिनचर्या बदलिन्थ्यो । भान्सामा पकाइने परिकारहरू केवल भोजन होइन, बरु श्रद्धाले बनेका प्रसाद हुन्थे । “पितृ-प्रसाद मन शुद्ध भएर बनाउनुपर्छ” भन्ने उहाँको यो वाक्य श्राद्धका बेला मेरा कानमा सधैँ गुन्जिरहन्छ ।

तिल, कुश, फलफूल, कपूर, धूप, पत्र-पुष्प, सिधाका लागि ठिक पार्नुपर्ने सम्पूर्ण सामग्रीहरू कुनै पनि नछुटून् भनेर उहाँ पटक पटक जाँच गरिबक्सन्थ्यो । श्राद्ध सुरु भएपछि उहाँ पूर्ण रूपमा त्यसैमा डुबिबक्सन्थ्यो । बुबालाई अलिकति पनि अल्छी गर्न वा गुरुलाई कुनै पनि बहाना बनाएर पितृकार्य छोट्ट्याउने छुट

थिएन । यतिसम्म कि कुनै कारणवश गुरुले मन्त्रमा अलमल वा क्रम तलमाथि गर्नुभयो भने पनि दोहोऱ्याएर गर्न लगाउने हो कि मन्त्र फेरि पढ्न लगाउने हो, मुवाले तुरुन्त ध्यान केन्द्रित गराइबक्सन्थ्यो । उहाँको त्यो सजगता देख्दा हामी छक्क पर्थ्यौं । उहाँका लागि पितृकार्य पूर्ण, विधिसम्मत र मनैदेखि सम्पन्न हुनुपर्थ्यो किनभने त्यो दिन मुवाका लागि केवल तिथि वा क्यालेन्डरको मिति मात्र थिएन; त्यो त श्रद्धाको पवित्र पर्व थियो ।

बुबाको देहावसानपछि ती दिनहरू अझ संवेदनशील बने । हामीले सोचेका थियौं- सम्भवतः अब केही परिवर्तन होला तर मुवाका निष्ठामा रत्तीभर पनि कमी आएन, उत्तिकै अडिग रहिरह्यो । भित्र कति वेदना थियो होला तर उहाँले कहिल्यै देखाइबक्सेन । बरु अझ गम्भीरताका साथ मुवाले सबै जिम्मेवारी सह्मालिबक्स्यो । त्यस बेला हामीले महसुस गऱ्यौं- पितृकार्य उहाँका लागि कर्तव्य मात्र होइन, जीवनसँगको सम्बन्ध रहेछ ।

समयले बिस्तारै जिम्मेवारी हाम्रा काँधमा सुम्पियो । जब जब घरमा श्राद्धका दिनहरू नजिकिन्छन् मनको कुनै कुनामा मुवाको छायाँ साथमा हिँडिरहेको जस्तो लाग्छ । कहिलेकाहीँ पूजा गर्ने स्थानमा बस्दा अनायासै नयनहरू भिज्छन् । श्राद्धमा कुनै कमी त रहँदैन तर मुवाको उपस्थितिको जस्तो त केही पनि हुँदैन । पहिला जस्तो रौनक र आफन्तको भिडभाड पनि हुँदैन । बस्, यस्तो अनुभूति हुन्छ कि उहाँले सह्मालिबक्सेको परम्परालाई हामीले निरन्तरता दिइरहेका छौं- यत्ति नै हो ।

मुवाको परमार्थको यात्रापछिका केही वर्षहरू बिते तर उहाँले रोपिबक्सेको श्रद्धाको बिउ हाम्रा मनमा अङ्कुरण भई हुर्किरहेको छ । त्यही भावनाले हामी सपरिवार हाम्रा गुरु-पुरोहितहरूलाई साथ लिई भारतको पवित्र भूमि वाराणसी पुग्यौं । त्यहाँको आध्यात्मिक वातावरणले मन स्वतः विनम्र बन्यो । मणिकर्णिका घाटमा श्राद्ध, तर्पण र पिण्ड अर्पण गर्दा जीवन–मृत्युका बिचको सूक्ष्म सत्यलाई नजिकबाट अनुभूति गऱ्यौं । गङ्गाजीका प्रवाहसँगै हाम्रा स्मृतिहरू पनि बगिरहेका थिए- कृतज्ञता र समर्पणका रूपमा । त्यसपछि हामी हिन्दु समाजमा पितृकार्यका लाीग पवित्र स्थलका रूपमा प्रसिद्ध गयाजी गयौं । त्यहाँ विधिपूर्वक श्राद्ध सम्पन्न गरी भगवान् गदाधरका मन्दिरमा पिण्ड समर्पण गर्दा मनमा गहिरो शान्तिको अनुभूति भयो ।

यस वर्ष हामी सोह्रश्राद्ध अर्थात् महालय श्राद्धको अवसर पारेर मुक्तिक्षेत्र पुग्यौँ । कागबेनीस्थित कालीगण्डकी नदीमा र त्यहाँबाट मुक्तिनाथधाममा पितृकार्य अर्पण गर्‍यौँ । हिमालका काखमा स्वच्छ आकाशमुनि कालीगण्डकीको समीप तीर्थस्थलको मौन पवित्रताका बिच पितृहरूलाई सम्झँदा अनुभूति फरक थियो, अत्यन्त आनन्दमयी । मनमा एउटै विचार आइरहन्थ्यो- त्यो त्यही आस्था हो जसलाई घर र माइतका हाम्रा मुवा-बुबाहरूले जीवनभर दृढताका साथ जगेर्ना गरिबक्स्यो ।

आज हामी जहाँ पुगे पनि चाहे त्रिवेणी होस्, चाहे सप्तकोसी होस्, चाहे प्रयागराज होस् वा संसारको टाढा कुनामा (यहाँसम्म कि अन्टार्कटिका महासागरको किनारसम्म) पितृदेवलाई जल अर्पण गर्न बिर्सँदैनौँ । त्यो जल केवल पानी होइन; त्यो त पितृहरूको श्रद्धा र संस्मरण हो । त्यो हाम्रो अस्तित्वको जरा अर्थात् मूललाई सम्झने अभ्यास हो । त्यो हाम्रा पितृहरूप्रतिको मौन आस्थाको प्रमाण पनि हो । स्थान बदलिइरहन्छन् तर श्रद्धा बदलिँदैन । विधि फरक हुन सक्छ तर भावना एउटै रहन्छ ।

मुवा-बुबाहरूले रोपिबक्सेको श्रद्धाको बिउ आज हाम्रो कर्ममा फुलेको छ । हामी प्रत्येक वर्ष पितृकार्य गर्दा खालि संस्कार दोहोर्‍याइरहेका हुँदैनौँ- हामी उहाँहरूको जीवनमूल्य र माया पुनः जीवित बनाइरहेका हुन्छौँ । यसरी पितृकार्य अब एउटा निश्चित दिन वा स्थानमा मात्र सीमित छैन; त्यो हाम्रो यात्रासँगै हिँड्ने आस्था बनेको छ- अतीत, वर्तमान र भविष्यलाई अदृश्य डोरीले बाँधिरहने, शान्त तर गहिरो निरन्तरताका रूपमा ।

जीवन अगि बढिरहन्छ, समय बदलिइरहन्छ, पुस्ता बदलिइरहन्छन् र घरका स्वरहरू फेरिइरहन्छन् तर केही कुरा कहिल्यै बदलिँदैनन् । त्यस्ता नबदलिने कुराहरू हुन्- आशीर्वादको अदृश्य छायाँ, संस्कारको गहिरो जरा र स्मृतिको न्यानोपन ।

बुवा-मुवाहरूले हामीलाई जन्म र पालनपोषण मात्र गरिबक्सेन, उहाँहरूले हामीलाई कर्तव्य सिकाइबक्स्यो, श्रद्धा सिकाइबक्स्यो र आफ्ना पूर्वजहरूलाई सम्झने विनम्रता सिकाइबक्स्यो । पितृकार्यको त्यो सानो देखिने अभ्यास वास्तवमा जीवन बुझ्ने ठुलो पाठ रहेछ ।

आज हामी नयाँ ठाउँमा पुग्छौं, नयाँ अनुभवहरू बटुल्छौं र संसारका फरक फरक कुनाहरू देख्छौं तर जहाँ गए पनि जलअर्पण गर्ने बेलामा बाहुली स्वतः जोडिन्छन् । मन स्वतः विनम्र हुन्छ किनभने हामी जान्दछौं हाम्रो अस्तित्व केवल हाम्रो प्रयासको मात्र परिणाम होइन; यो धेरै पुस्ताको प्रार्थना, त्याग र आशीर्वादको निरन्तरता हो ।

शरीर नश्वर भए पनि आत्मा सनातन छ । त्यसैले कहिलेकाहीँ शान्त क्षणमा यस्तो लाग्छ कि उहाँहरू टाढा होइबक्सन्न, हावाको हल्का स्पर्शमा, दियो को ज्योतिमा र जलको स्पन्दनमा यतै कतै हाम्रा नजिक उपस्थित होइबक्सन्छ भन्ने अनुभूति हुन्छ । हामी अगि बढिरहेका छौं तर उहाँहरूको मार्गदर्शन अदृश्य रूपमा साथमै छ । उहाँहरूले छाडिबक्सेको बिरासत साथैमा छ जसलाई हामी अनन्तकालसम्म जगेर्ना गरिरहने छौं- निष्ठा, आस्था र कृतज्ञतापूर्ण हृदयका साथ ।

✿

# कृतज्ञताको प्रतीक : यज्ञकेशर पुरस्कार

मानिसको जीवन सीमित हुन्छ तर उसले छाडेर जाने मूल्य, संस्कार र प्रेरणा भने समयभन्दा धेरै फैलिरहन्छ। मुवा-बुबाले आफ्नो जीवनभरि कर्म, त्याग र ममता सेचन गरी हाम्रो जीवनलाई आकार दिइबक्स्यो। उहाँहरूले नजर गराइबक्सेको मार्ग, शिक्षा र जीवनदर्शनले हामीलाई आज पनि निरन्तर मार्गदर्शन गरिरहेको छ। उहाँहरूको यही अमूल्य योगदान र स्मृतिलाई सधैँ सम्मानका साथ जीवित राख्ने भावनाबाट एउटा सूक्ष्म प्रयासको थालनी भयो- उहाँहरूको नाम र आदर्शलाई सम्झाउने एउटा सम्मानको स्थापना।

बुबाको देहावसानपछि उहाँको स्मृतिलाई सम्मान गर्दै उहाँकै नाममा 'यज्ञविक्रम शिक्षा सम्मान' स्थापना गरिएको थियो २०७१ सालको चैत्र महिनामा। बुबाले सधैँ शिक्षा र ज्ञानलाई जीवनको सबैभन्दा ठुलो पुँजी सम्झिबक्सन्थ्यो। ज्ञानले मात्र मानिसलाई उज्यालो मार्ग देखाउन सक्दछ भन्ने उहाँको विश्वास थियो। यही विश्वास र शिक्षाप्रतिको उहाँको समर्पणलाई हृदयङ्गम गर्दै त्यो सम्मान प्रारम्भ गरिएको थियो। बुबाको नामसँग जोडिएको यो सम्मान मुवाको जीवनकालभरि निरन्तर रूपमा प्रदान हुँदै आयो र बुबाको आदर्शलाई सम्झने एउटा माध्यम बनिरह्यो।

समयको प्रवाहसँगै जब मुवाको पनि स्वर्गारोहण भयो तब हामीले स्पष्ट रूपमा के महसुस गऱ्यौँ भने मुवा र बुबाको जीवन एकअर्काबाट अलग भएर बुझ्नै नसकिने गरी जोडिएको थियो। उहाँहरूको साथ, सङ्घर्ष, माया र परिवारप्रतिको

समर्पण एउटै साझा यात्राका दुई अविभाज्य अध्याय थिए। यही भावनालाई सम्मान गर्दै 'यज्ञविक्रम शिक्षा सम्मान' लाई पुनः नामकरण गरी 'यज्ञकेशर पुरस्कार' मा रूपान्तरण गर्ने निर्णय गरियो जसबाट मुवा-बुबाको नाम सँगसँगै स्मरण भइरहोस् र उहाँहरूको साझा जीवनयात्रा सधैँका लागि जीवित रहोस् ।

आज हरेक पटक प्रदान गरिने 'यज्ञकेशर पुरस्कार' केवल एउटा सम्मान मात्र होइन मुवा-बुबाप्रति हाम्रो कृतज्ञताको प्रतीक पनि हो । उहाँहरूले हामीलाई प्रदान गरिबक्सेको माया, संरक्षण, मार्गदर्शन र जीवनका अमूल्य शिक्षाहरूको तुलना संसारका कुनै पनि वस्तुसँग गर्न सकिँदैन । हामीले उहाँहरूबाट जे प्राप्त गऱ्यौँ त्यसका बदलामा फर्काउन सकिने कुरा वास्तवमा हामीसँग केही पनि छैन ।

त्यसैले यो पुरस्कार हाम्रा हृदयको गहिराइबाट मुवा-बुबाका चरणमा अर्पण गरिएको श्रद्धा र कृतज्ञताको सानो प्रयास मात्र हो । उहाँहरूको स्मृति, आदर्श र आशीर्वाद सधैँ हाम्रो जीवनमा उज्यालो दीप झैँ मार्गदर्शक बनेर रहिरहने छ । मुवा-बुबाले हामीलाई जे प्रदान गरिबक्स्यो त्यसको ऋण सायदै चुक्ता गर्न सकिएला तर उहाँहरूको नाम, आदर्श र सम्झनालाई सम्मानका साथ अगाडि बढाइरहनु नै हाम्रो कर्तव्य र गर्वको विषय हुने छ।

मुवा-बुबाका चरणमा श्रद्धासहित समर्पित यो पुरस्कार उहाँहरूको नाम र आदर्शलाई जोगाइराख्ने हाम्रो सानो प्रयास मात्र हो। उहाँहरूको स्मृति र आशीर्वाद सधैँ हाम्रो जीवनमा उज्यालो बनेर रहिरहोस् ।

# अनन्त कृतज्ञता

यस परिच्छेदसम्म आइपुग्दा शब्दहरू शान्त छन् तर मन भने नतमस्तक छ। केही सम्बन्धहरू कथा भएर समाप्त हुँदैनन्, ती त जीवन भएर बाँचिरहन्छन्। मुवा-बुबा हजुरहरू! हाम्रा लागि त्यही जीवन होइबक्सन्छ। हामी जे छौँ, जे बनेका छौँ, जे प्राप्त गरेका छौँ- त्यो कुनै संयोग होइन, त्यो हजुरहरूको आशीर्वादको निरन्तता हो। हाम्रो अस्तित्वका जराहरू हजुरहरूले रोपिबक्सेको माटामा गहिरोसँग गाडिएका छन्। हामी उभिएका छौँ भने त्यो हजुरहरूले दिइबक्सेको आधार नै हो। हजुरहरू हाम्रो जीवनयात्रामा उज्यालो छर्ने त्यो शिखा हो जसको प्रकाशले हामीलाई जस्तोसुकै आँधीहुरीमा पनि दिशाहीन हुन दिँदैन। हजुरहरूले हामीमाथि बर्साएको वात्सल्य केवल पालनपोषण मात्र हैन त्यो विश्वासको काख, सुरक्षाको शीतल छहारी र आत्मसम्मानको उज्यालो पहिचान हो। हामीले हजुरहरूबाट नै सिक्यौँ जीवनका साधारण क्षणहरूलाई असाधारण अर्थ दिन, परिश्रमलाई प्रतिष्ठा बनाउन, इमानदारीलाई संस्कार एवम् परम्परा बनाउन र प्रेमलाई कर्तव्य हैन स्वभाव बनाउन।

बुबा! हजुरको मौन दृढताले हामीलाई के सिकायो भने साँचो शक्ति कोलाहलमा होइन धैर्यबाट प्राप्त गर्न सकिन्छ। मुवा! हजुरको ममताले हामीलाई अन्तर्बोध गरायो कि प्रेम भनेको दिनु हो, कहिल्यै नथाकी। हाम्रो हाँसो, हाम्रा सपनाहरू, हाम्रो आत्मबल सबै कुरामा हजुरहरूको प्रेमको प्रतिध्वनि सुनिन्छ। हजुरहरूको हामीप्रतिको स्नेह शब्दको मापनभन्दा पर फैलिएको गगनजस्तै विशाल छ, निस्वार्थ अडिग र सधैँ ओत दिने।

हजुरहरू हाम्रो जीवनका जरा होइबक्सन्छ जसका कारण आज हामी निर्धक्क धरतीमा उभिनसक्ने भएका छौँ। यदि जराहरू कमजोर भएका भए रुखको अस्तित्व नै समाप्त हुन्थ्यो। हजुरहरूको त्याग कुनै शब्दमा बाँध्न नसकिने तर हरेक क्षणमा अनुभूति हुने खालको छ। आज हाम्रो जीवन उज्यालो छ किनभने हिजो हजुरहरूले आफ्ना हरेक अप्ठ्याराहरूलाई मौनतामा विश्राम गराई हामीलाई उज्यालोतर्फ डोऱ्याइबक्स्यो। हाम्रो जीवन सबै हजुरहरूको पुण्य, संस्कार र अनन्त कृपाकै परिणाम हो। हजुरहरू नै हाम्रो जीवनको आधारस्तम्भ होइबक्सन्छ। हामी जे छौँ हजुरहरूकै हौँ, हामीसँग जे छ, हजुरहरूकै हो। हाम्रो घर, सन्तान, हाम्रो भविष्य सबै हजुरहरूमा समर्पण।

मुवा-बुबाहरूले आफ्नो छोरामा रोपिबक्सेको संस्कार आज हाम्रो घरको मेरुदण्ड बनेको छ। अरुणभित्रको सत्यनिष्ठा, परिवारप्रतिको समर्पण र करुणा हजुरहरूकै जीवनको प्रतिविम्ब हो। हाम्रा छोरीहरूले हजुरहरूका काखमा जुन न्यानोपन प्राप्त गरे त्यो समयले कहिल्यै मेट्न सक्दैन। उनीहरूको स्मृतिमा हजुरहरूको मुस्कान, हजुरहरूको कथा, हजुरहरूको आशीर्वाद सदैव जीवित रहने छ। उनीहरू जहाँ पुगे पनि हजुरहरूले निर्माण गरेको संस्कार र मूल्यले पनि उनीहरूसँगै यात्रा गर्ने छन्।

एक बुहारीका हैसियतले म सधैँ कस्तो अनुभूति गर्छु भने मुवा-बुबा! हजुरहरू मेरो जीवनको अभिभावक र मार्गदर्शक मात्र होइबक्सन्न, मेरो सौभाग्यका आधार र अविराम आशीर्वादका उद्गम होइबक्सन्छ। हजुरहरूको माया, विश्वास र अपनत्वले मलाई कहिल्यै पराईपन महसुस गर्न दिएनन्। यही अन्तर्बोधका साथ मेरो हृदय सधैँ यही शरण्य हरफमा पुगेर विश्राम लिन्छ :

*त्वमेव माता च पिता त्वमेव त्वमेव बन्धुश्च सखा त्वमेव।*
*त्वमेव विद्या द्रविणं त्वमेव त्वमेव सर्वं मम देव देव॥*

हजुरहरू नै मेरा सम्बन्ध, मेरा सहारा, मेरा सखा होइबक्सन्छ। मेरो ज्ञान, मेरो सामर्थ्य र मेरो अस्तित्व हजुरहरूमै समाहित छन्। त्यसैले मेरा सबै कर्म, मेरा सबै भावना र जीवन हजुरहरूमै समर्पित रहून् - आज, भोलि र सदासर्वदा। बुबा-मुवाप्रति अनन्त श्रद्धा! असीम प्रेम ‼ पूर्ण समर्पण !!!

# तस्बिरका सम्झनाहरू



घरमा प्रतिदिन पूजा गरिने आराध्य श्री गणेश र श्री शिव



युवा अवस्थामा बुबा–मुवा



युवा अवस्थामा  बुबा–मुवा (वि.सं. २०१४-२०१७, पुणे, भारत)



युवा अवस्थामा मुवा-बुबा



युवा अवस्थामा मुवा-बुबा



मुवा-बुबा न्युयोर्कमा (वि.सं. २०५५)



मुवा-बुबा (वि.सं. २०६०)



श्री ५ महेन्द्रसँग बुबा (वि.सं. २०२५)



श्री ५ महेन्द्रका साथ बुबा (वि.सं. २०२५)



श्री ५ महेन्द्रसँग बुबा (वि.सं. २०२६



श्री ५ वीरेन्द्रसँग बुबा (वि.सं. २०३५)

बुबा सैनिक सेवामा कार्यरत रहँदाका केही तस्बिरहरू









गौरी शङ्कर श्री गणेश खुसि हुन् रक्षा गरून् कालिका,
आशीर्वाद दिऊन् सदा अरुण औ रेखाकनै चण्डिका ।
जोडी चातक झैं मिलेर सुखले दाम्पत्यको सूत्रमा,
आजन्मैभर बाँधिई रमिरहून्, दीर्घायु आरोग्यमा ।।








रेखा-अरुण शुभविवाह (वि.सं. २०५९ माघ ६ गते)



मुवा-बुबा, अरुण-रेखा र नातिनी भायलेट (वि.सं. २०६३)



मुवा-बुबा, छोराबुहारी र नातिनी जुही (वि.सं. २०६७)



पारिवारिक भ्रमण मुवाका साथ, पोखरा



मुवा र हामी (अरुण-रेखा) वि.सं. २०७५ मा



दशैंमा परिवारसँग (वि.सं. २०६७)



मुवासँग रेखा, जनकपुर



मुवासँग भारतमा (वि.सं. २०६९)



घरमा आयोजित सप्ताहमा जम्मा भएका आफन्तहरू (वि.सं. २०७०)



कुलपूजामा रेखा-अरुण (वि.सं. २०८०)





दशैंमा मुवा-बुबाका साथ जुहीराज्यलक्ष्मी (वि.सं. २०६७)

दशैंमा अरुण र जुहीराज्यलक्ष्मी (वि.सं. २०८१)



परिवारका साथ (छोरीहरू गीता, रीता, नीता, अनिता, वनिता र छोरा अरुण)





बुबा-मुवा छोरा अरुणसँग

भारतीय सेनामा कार्यरत मित्र जनरल सुशील सिक्का परिवार (वि.सं. २०१५, पुणे, भारत)







जनरल सिक्का दम्पतिका साथ हामी (रेखा-अरुण), सिक्का निवास, दिल्ली



नेपाली सेनाले बुबालाई अन्तिम सम्मान अर्पण गर्दै



अरुण बुबालाई दागबत्ती दिँदै (वि.सं. २०६८ श्रावण)



बुबा आफ्ना सम्धीहरू (हेमबहादुर बस्न्यात र नारायणप्रसाद लोहनी) का साथ
(वि.सं. २०५९ माघ)



जुही राज्यलक्ष्मीको पास्नीमा मुवा-बुबा



चामुण्डा दर्शन (मैसुर)




सम्धी-सम्धिनी (नारायण, सावित्री) र परिवारका साथ मुवा



मुवाहरू केशर र सावित्री



मुवासँग जुही, भायलेट र रेखा



भायलेट र मुवा, मैसुर



भायलेट र जुही मुवा-बुबाका साथ



गुरु बालकृष्ण खनालका साथ हामी गयाजी भारतमा



मुवाहरू केशर र सावित्री, बैङ्लोर



जुही राज्यलक्ष्मी र बुबा



बुबा र जुही राज्यलक्ष्मी



भायलेटराज्यलक्ष्मी र जुहीराज्यलक्ष्मी



यज्ञविक्रम, सूर्यविक्रम ज्ञवाली, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे तथा अन्य विशिष्ट विद्वान्हरू साथमा बालक अरुण (वि.सं. २०३८)



यज्ञविक्रम, घट्टराज भट्टराई, अरुण, पृथ्वीविक्रम राणा तथा अन्य विशिष्ट व्यक्तित्वहरू



राष्ट्रकविका साथमा जुही राज्यलक्ष्मी



केशरकुञ्जमा गीतकार छिन्नलता, राष्ट्रकवि माधव घिमिरे र युगकवि सिद्धिचरण श्रेष्ठ



रमा शर्मा, ठाकुरप्रसाद पराजुली र अरुण राणा



नाट्यसम्राट् बालकृष्ण समद्वारा घटराज भट्टराईलाई झपट पुरस्कार अर्पण गरिँदै (वि.सं. २०३८)



राष्ट्रकवि माधव घिमिरे र साहित्यकार यज्ञविक्रम राणा



झपट पुरस्कार रजत जयन्तीमा बुबा यज्ञविक्रम र युगकवि सिद्धिचरण श्रेष्ठ



सूर्यविक्रम ज्ञवाली, बालकृष्ण सम र माधव घिमिरे (वि.सं. २०३७)



यज्ञविक्रम राणा, सूर्यविक्रम ज्ञवाली, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ र
माधव घिमिरेका साथै अन्य विद्वान् स्रष्टाहरू




पुरस्कार समर्पण समारोहमा सहभागीहरू




झपट अभिलेख विमोचन गरिँदै (वि.सं. २०८०)



झपट पुरस्कार समर्पण तथा झपट अभिलेख विमोचन कार्यक्रमका सहभागीहरू

बन्दीपुर मन्दिरका लागि तयार पारिएका प्रतिमाहरू



राधाकृष्णको प्रतिमा



आफूबुबा-आफूमुवाहरू र बडा जिजुबुबा-बडा जिजुमुवाका प्रतिमा



रेखा राणा

**रेखा राणा** : बर्दिया निवासी धनराज शाह तथा पार्वती शाहकी छोरीतर्फकी नातिनी, नारायणप्रसाद लोहनी तथा सावित्री लोहनीकी छोरी एवम् बानेश्वर काठमाडौँ निवासी अरुण राणाकी सहधर्मिणी तथा यज्ञविक्रम राणा र केशरकुमारी राणाकी बुहारी हुन् । झपट पुरस्कार व्यवस्था समितिका सचिव रेखा लैङ्गिक समानता, सामाजिक समावेशीकरण (*GESI*), लैङ्गिक हिंसा न्यूनीकरण तथा महिला युवा सशक्तीकरणका क्षेत्रमा दुई दशकभन्दा बढी अनुभव सँगालेकी वरिष्ठ विकास पेसाकर्मी हुन् । उनले संयुक्त राज्य अमेरिकाको *Drew University* बाट महिला अध्ययनमा तथा त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातकोत्तर उपाधि हासिल गरेकी छिन् ।

रेखा लामो समयसम्म बेलायती सरकारका सहयोगमा सञ्चालित नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम *(NHSSP)* मा आबद्ध रही स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको प्राविधिक सल्लाहकारका रूपमा लामो समयदेखि कार्यरत छिन् । स्वास्थ्य मन्त्रालयमा रहँदा उनले एक दशकभन्दा बढी समय एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, सामाजिक सेवा एकाइहरूको स्थापना तथा विस्तार, नीति कार्यक्रम निर्माण र स्वास्थ्यसेवाको मूलप्रवाहीकरणमा नेतृत्वदायी भूमिका निर्वाह गरेकी छिन् ।

रेखाले राष्ट्रिय मानव अधिकार आयोग, अन्तर्राष्ट्रिय परिवार नियोजन महासङ्घ *(IPPF)*, नेपाल परिवार नियोजन संघ *(FPAN)* लगायत विभिन्न संयुक्त राष्ट्रसङ्घीय निकायहरू (*UN Women, UNFPA)* सँग प्राविधिक सल्लाहकार, परियोजना व्यवस्थापक तथा परामर्शदाताका रूपमा पनि कार्य गरेकी छिन् ।

लैङ्गिक हिंसा, यौन तथा प्रजनन स्वास्थ्य अधिकार एवम् सामाजिक समावेशीकरणका विषयमा रेखाले पन्ध्रभन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरूमा प्रस्तुति तथा सहभागिता जनाइसकेकी छिन् । यस क्षेत्रमा उनका दर्जनौँ अनुसन्धानात्मक कृतिहरू प्रकाशित छन् । उनका शोधकार्यहरू घरेलु हिंसा, महिला मानव अधिकार तथा ग्रामीण समाजमा परिवार नियोजनको सामाजिक-आर्थिक पक्षमा केन्द्रित छन् ।

रेखा नीति निर्माण, मार्गदर्शन विकास, तालिम सामग्रीको तयारी, अनुसन्धान तथा मूल्याङ्कन, अन्तरसरकारी समन्वय र बहु-सरोकारवालासँग सञ्जाल विस्तारमा दक्ष छिन् । उनले लैङ्गिक समानता र समावेशी विकासका क्षेत्रमा निरन्तर योगदान पुऱ्याउँदै आएकी छिन् । हाल उनी मानव सेवा आश्रमकी सल्लाहकार रूपमा पनि आबद्ध छिन् । नेपाली र अङ्ग्रेजी साहित्यका कृतिहरूको पठन र सृजनामा पनि उनको गहिरो रुचि रहेको छ ।



रेखा राणा

जीवनका पानामा केही कथाहरू यस्ता हुन्छन् जसले पुस्तौँसम्म हृदयलाई न्यानो बनाइरहन्छन् । बुबा-मुवा (मेरा सासू-ससुरा) को जीवनगाथा त्यस्तै अमूल्य धरोहरहरूको सँगालो हो जुन सदा मेरो हृदय र स्मृतिमा ताजा छ। उहाँहरूको जीवनकथा केवल व्यक्तिगत अनुभवहरूको सँगालो मात्र होइन; त्यो त परिश्रम, प्रेम, धैर्य र मूल्यहरूले बुनेको एक प्रेरणादायी यात्रा हो; जीवनका हरेक मोडहरूमा उहाँहरूले देखाएको साहस, समर्पण र अर्थपूर्ण जीवनको प्रतिविम्ब हो । उहाँहरूको जीवनयात्रा हाम्रा लागि मात्र होइन आउँदा धेरै पिँढीहरूका लागि पनि मार्गदर्शन र प्रेरणाको स्रोत बन्ने छ। यो गाथा स्मृतिमा मात्र सीमित रहने छैन; यसले पुस्तौँसम्म माया, संस्कार र जीवनका मूल्यहरू हस्तान्तरण गरिरहने छ।

---



प्रा. केशव सुवेदी

'अनन्त कृतज्ञता' नेपाली साहित्य जगत्मा नवागन्तुक स्रष्टा रेखाको पहिलो सृजनात्मक प्रयास हो। यसका प्रत्येक अक्षर तथा शब्दहरू अनुभव र भावनाका रङले लेखिएका छन् । यसका हरेकजसो शीर्षकमा उनका व्यवहारसिद्ध गहन एवम् तीक्ष्ण विचारहरू पनि अभिव्यञ्जित छन् जसले पाठकको मन र मुटुलाई भित्रैसम्म छुन्छन्। रेखामा जीवनका भोगाइ, भावना र अनुभूतिलाई एवम् आफ्नो पारिवारिक जीवनका यथार्थ तथ्यहरूलाई कवितात्मक रूपमा अभिव्यक्त गर्न सक्ने भाषिक सामर्थ्य अत्यन्त सशक्त छ। त्यसैले अभिव्यक्ति कलाका दृष्टिले पनि प्रस्तुत कृति बेजोड छ। उनका अनुभूतिहरू सूत्रात्मक र सूक्तिमय छन् र तिनमा जीवन-भोगाइका सुन्दर कथाहरू पनि छन् ... यो कृति पढ्दा मलाई जीवनरूपी काव्यका अनेक लय र रसहरूको आस्वादन गर्न पाएको अनुभूति भयो। त्यसमाथि प्रणय, वात्सल्य र कृतज्ञताका भावहरूले यसका प्रत्येक अक्षर र शब्दहरू कुँदिएका छन् । त्यसैले प्रस्तुत कृति एउटा मर्मस्पर्शी एवम् जीवन्त स्मृतिकाव्य बन्न पुगेको छ।

---



नरेन्द्रराज प्रसाई

संसारका अरू ठुला विश्वविद्यालयमा जेसुकै विद्या पढेकी भए पनि रेखा राणाले यज्ञकेशर विश्वविद्यालयमा पढेको विद्या संसारमा बिरलै पढाउने विषय भएको तथ्य 'अनन्त कृतज्ञता' ले प्रमाणीकरण गरिदिएको छ... यज्ञकेशर विश्वविद्यालयमा रेखा राणाले अनुपम प्रेमभावका साथ कहीँ कतै पढ्न नपाइने विद्या पढ्ने सौभाग्य पाइन् । त्यसै कारण उनले ती सबै शिक्षा सङ्क्षिप्त रूपमा 'अनन्त कृतज्ञता' मा प्रस्तुत गरिन्। वास्तवमा अहिलेको हाम्रो दिनानुदिन क्षयीकृत भइरहेको समाजका लागि र समाजशास्त्रीय अध्ययनका लागि समेत रेखा राणाकृत 'अनन्त कृतज्ञता' को महत्त्व रहेको देखिन्छ।

9 789905 000087 >